# मानव अधिकारसम्बन्धी संवैधानिक आयोगहरूको सिफारिस कार्यान्वयन अवस्थासम्बन्धी अध्ययन प्रतिवेदन



न्याय तथा अधिकार संस्था-नेपाल (जुरी-नेपाल)

# मानव अधिकारसम्बन्धी संवैधानिक आयोगहरुको सिफारिस कार्यान्वयन अवस्थासम्बन्धी अध्ययन प्रतिवेदन

२०७८, वैशाख

JuRI-Nepal

न्याय तथा अधिकार संस्था-नेपाल (जुरी-नेपाल)

*मानव अधिकारसम्बन्धी संवैधानिक आयोगहरूको सिफारिस कार्यान्वयन अवस्थासम्बन्धी अध्ययन प्रतिवेदन*


| | |
|---|---|
| **प्रकाशक** | : न्याय तथा अधिकार संस्था-नेपाल (जुरी-नेपाल) |
| **सहयोग** | : ओ.एस.पी.सी. |
| **सर्वाधिकार** | : जुरी नेपाल, ललितपुर |
| **लेखन** | : बासुदेव बजगाईं |
| **सम्पादन** | : अधिवक्ता मोहनलाल आचार्य |
| **लेखन तथा सम्पादन सहयोगी** | : कमल बहादुर बसेल |
| **प्रकाशन मिति** | : २०७८, वैशाख |
| **प्रकाशन प्रति** | : ५०० प्रति |
| **ले-आउट** | : सूर्य बुढाथोकी (९८४११९०७१८) |
| **मुद्रण** | : क्लासिक प्रिन्टिङ सर्भिस, अनामनगर, काठमाडौं<br>०१-४१०२६०२, classicpress2061@gmail.com |


*__प्रष्टोक्ति__ : यो अध्ययन प्रतिवेदन प्रकाशन ओ.एस.पी.सी.को आर्थिक सहयोगमा जुरी नेपालद्वारा प्रकाशन गरिएको हो। यस सामग्रीमा भएका सूचना तथा विचारहरूले सहयोगी संस्था ओ.एस.पी.सी.र जुरी नेपालको संस्थागत दृष्टिकोणलाई प्रतिनिधित्व गर्ने छैन।*

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

# शुभकामना

मिति : २० चैत्र २०७७

नेपालको संविधानको भाग २५ मा राष्ट्रिय मानव अधिकार आयोग तथा भाग २७ मा अन्य आयोगहरू अन्तर्गत राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेसी आयोग, थारू आयोग र मुस्लिम आयोगसम्बन्धी व्यवस्था गरिएको छ। यस्ता आयोगहरूलाई मानव अधिकारसम्बन्धी विविध विषयहरूमा अध्ययन, अनुगमन, अनुसन्धान एवम् छानवीन गरी नेपाल सरकार तथा सम्बन्धित निकायहरूलाई सिफारिस गर्न सक्ने काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ। यस लगाएत राष्ट्रिय मानव अधिकार आयोगलाई उजुरी ग्रहण गर्ने, अनुसन्धान गर्ने, छानवीन गर्ने, पठाएका सिफारिस कार्यान्वयन भए/नभएको अनुगमन गर्ने र मानव अधिकार उल्लंघनकर्तालाई कारवाहीका लागि लेखी पठाउने सम्मका अधिकारहरू संविधानले नै प्रदान गरेको छ।

यसै सन्दर्भमा न्याय तथा अधिकार संस्था नेपाल (जुरी-नेपाल) ले राष्ट्रिय मानव अधिकार आयोग लगाएत सबै अधिकारमुखी आयोगहरूले विगतमा गरेका सिफारिसहरूको कार्यान्वयनको अवस्थालाई समेटेर "**मानव अधिकारसम्बन्धी संवैधानिक आयोगहरूको सिफारिस कार्यान्वयन अवस्थासम्बन्धी अध्ययन प्रतिवेदन**" पुस्तिका प्रकाशन गर्न लागेको जानकारी पाउँदा मलाई अत्यन्त खुशी लागेको छ। मानव अधिकार संरक्षण र प्रवर्द्धनका क्षेत्रमा जुरी नेपालले विगतदेखि नै महत्वपूर्ण कार्यहरू गरिरहेको र यस्ता प्रकाशनले मानव अधिकार संरक्षण, सम्वर्द्धन र प्रवर्द्धनका क्षेत्रमा महत्वपूर्ण भूमिका खेल्ने कुरामा राष्ट्रिय मानव अधिकार आयोग विश्वस्त छ। आगामी दिनमा पनि यस्ता प्रशासनले महत्वपूर्ण स्थान पाउँदै जानेछन् भन्ने अपेक्षा राखेको छु। यतिखेर यस प्रयासका लागि न्याय तथा अधिकार संस्था नेपाल (जुरी-नेपाल) लाई विशेष धन्यवाद व्यक्त गर्दछु।

........................

**वेदप्रसाद भट्टराई**
सचिव
राष्ट्रिय मानव अधिकार आयोग

फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३, पो.ब.नं. ९१८१, काठमाडौं, नेपाल
Phone: +977-1-5010015, Fax: +977-1-5547973, G.P.O. Box: 9181, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org

# भूमिका

मानव अधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरूको अनुमोदन र संविधान कानून तथा राज्यको नीतिबाट मानव अधिकारप्रति गरेको प्रतिबद्धताको कार्यान्वयन सुनिश्चित गर्न मानव अधिकार राष्ट्रिय संस्थाहरूको स्थापना गर्ने अन्तर्राष्ट्रिय अभ्यास छ। यसै सन्दर्भमा नेपालको संविधानको भाग २५ मा राष्ट्रिय मानव अधिकार आयोग तथा भाग २७ मा अन्य आयोगहरू अन्तर्गत राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेसी आयोग, थारू आयोग र मुस्लिम आयोगसम्बन्धी व्यवस्था गरिएको छ। यस्ता आयोगहरूलाई मानव अधिकारसम्बन्धी विविध विषयहरूमा अध्ययन, अनुगमन, अनुसन्धान एवम् छानबिन गरी नेपाल सरकार तथा सम्बन्धित निकायहरूलाई सिफारिस गर्न सक्ने काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको पाइन्छ।

मानव अधिकारसम्बन्धी संवैधानिक आयोगहरूले गरेका सिफारिसहरूको पूर्ण रूपमा कार्यान्वयन गर्नु राज्यको दायित्व हो। तर पनि आयोगहरूका अधिकांश सिफारिसहरू कार्यान्वयन नभएको विभिन्न प्रतिवेदनहरूले देखाएका छन्। मुलुकले मानव अधिकारसम्बन्धी व्यवस्थाहरूमा प्रतिबद्धता जनाएर मात्र पुग्दैन यसको प्रभावकारी कार्यान्वयन पनि हुनु जरुरी छ। नेपालले मानव अधिकार सम्बन्धी आयोगहरूका सिफारिसहरू कार्यान्वयन नगरेको भनी राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय रूपमा प्रश्नहरू उठिरहेको सन्दर्भमा संविधानबमोजिम स्थापित माथि उल्लिखित आठ वटै मानव अधिकार आयोगहरूले गरेका सिफारिस कार्यान्वयनको वास्तविक अवस्था उजागर गरी सिफारिस कार्यान्वयनको लागि आवश्यक रणनीति निर्माण गर्न सहयोग पुगोस् भन्ने उद्देश्यले यो अध्ययन गरिएको हो। अध्ययनबाट प्राप्त तथ्य, विश्लेषण र सिफारिसहरूले नेपालमा स्थापित मानव अधिकारसम्बन्धी संस्थाहरूका सिफारिसहरूको कार्यान्वयनको लागि सहयोग पुऱ्याउने तथा यी संस्थाहरूको प्रभावकारिता बढाउने अपेक्षा गरिएको छ।

जुरी नेपाल मानव अधिकारको संरक्षण तथा संवर्द्धनमा निरन्तर क्रियाशील छ। यो अध्ययन पनि संस्थाले मुलुकमा मानव अधिकारप्रति योगदान पुऱ्याउने प्रयासको एउटा अंश हो। यो अध्ययनमा सहयोग गर्ने Open Society Policy Center प्रति आभार व्यक्त गर्न चाहन्छु। अध्ययनको लागि तथा प्रतिवेदनमाथि पृष्ठपोषण सहित सल्लाह

तथा विशेषज्ञता उपलब्ध गराउनु भएकोमा ओपन सोसाईटी फाउण्डेशनका प्रतिनिधि श्री सोम प्रसाद निरौलाज्यू र यस विषयमा अनुसन्धान गरी प्रतिवेदन तयार पार्नु भएकोमा अनुसन्धानकर्ता अधिवक्ता वासुदेव बजगाईंलाई धन्यवाद दिन चाहन्छु। अध्ययनको क्रममा सहयोग पुऱ्याउने आठ वटै मानव अधिकार सम्बन्धी आयोगका पदाधिकारी तथा कर्मचारीहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु। विशेषगरी राष्ट्रिय मानव अधिकार आयोगका उपसचिवद्वय श्यामबाबु काफ्ले र हरिप्रसाद ज्ञवालीलाई अध्ययनमा पुऱ्याउनु भएको सहयोगको लागि विशेष धन्यवाद दिन चाहन्छु। साथै सम्पूर्ण आयोगहरू (राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, थारू आयोग, मुस्लिम आयोग र मधेसी आयोग) प्रति हार्दिक आभार प्रकट गर्दै छलफल तथा परामर्शको लागि कार्यक्रमको आयोजना गरी महत्वपूर्ण सुझावहरू समेत प्रदान गर्नु भएकोमा मधेसी अयोगका माननीय अध्यक्ष डा. विजयकुमार दत्तलगायत सम्पूर्ण आयोग परिवारलाई हार्दिक धन्यवाद दिन चाहन्छु। यसैगरी आवश्यक समन्वयको लागि जुरी नेपालका कार्यक्रम फोकल पर्सन तथा अधिकृत कमल बसेलगायत सम्पूर्ण कर्मचारीहरूलाई धन्यवाद ज्ञापन गर्न चाहन्छु।

जुरी नेपालबाट भइरहेका यस्ता अध्ययन तथा प्रकाशनले मुलुकमा मानव अधिकार संरक्षण, संवर्द्धन तथा उपभोगको अवस्थामा सुधार आउनेसमेत अपेक्षा गर्दछु।

**मोहनलाल आचार्य**
कार्यकारी निर्देशक

# विषय सूची

## परिच्छेद १


परिचयात्मक ........ ५
१. पृष्ठभूमि ........ ५
२. अध्ययनको उद्देश्य ........ ६
३. अध्ययन विधि ........ ७
४. अध्ययनको सीमा ........ ८


## परिच्छेद २


सिफारिससम्बन्धी कानूनी व्यवस्था ........ ९
१. राष्ट्रिय मानव अधिकार आयोग ........ १०
२. राष्ट्रिय महिला आयोग ........ १३
३. राष्ट्रिय दलित आयोग ........ १६
४. राष्ट्रिय समावेशी आयोग ........ १८
५. आदिवासी जनजाति आयोग ........ २०
६. मधेसी आयोग ........ २२
७. थारू आयोग ........ २४
८. मुस्लिम आयोग ........ २६


## परिच्छेद ३


राष्ट्रिय मानव अधिकार आयोगका सिफारिस कार्यान्वयन अवस्था ........ २९
१. राष्ट्रिय मानव अधिकार आयोगमा दर्ता भएका उजुरीहरूमाथि भएका सिफारिस र तिनको कार्यान्वयन ........ ३०
२. मानव अधिकार उल्लंघनका विषयहरू ........ ३२
३. आयोगबाट भएका सिफारिस र मानव अधिकार उल्लंघनमा संलग्नता ........ ३४
४. मानव अधिकार उल्लंघनकर्तालाई कारवाहीको अवस्था ........ ३५
५. नीतिगत सिफारिस कार्यान्वयनको अवस्था ........ ३७
६. सिफारिस कार्यान्वयन अवस्थाको तुलना ........ ३९

# परिच्छेद ४


अन्य आयोगहरूको सिफारिस कार्यान्वयन अवस्था............................. ४३

१. राष्ट्रिय महिला आयोग ............................................ ४३

२. राष्ट्रिय दलित आयोग .............................................४४

३. राष्ट्रिय समावेशी आयोग ..........................................४५

(क) नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेटमा लक्षित वर्गलाई समेट्नेसम्बन्धी.......................... ४६

(ख) ज्येष्ठ नागरिकसम्बन्धी.......................................... ४६

(ग) कोभिड- १९ सम्बन्धी ........................................... ४६

(घ) सामाजिक सुरक्षासम्बन्धी ........................................ ४७

४. आदिवासी जनजाति आयोग ........................................ ४७

५. मधेसी आयोग ....................................................४८

(क) राहत तथा पुनर्स्थापनासम्बन्धी.....................................४८

(ख) बाढी, तटबन्ध तथा बाँधसम्बन्धी...................................४८

(ग) कुरीति, विकृति र अन्धविश्वाससम्बन्धी ............................४९

(घ) शिक्षासम्बन्धी ..................................................४९

(ङ) स्वास्थ्यसम्बन्धी ................................................५०

(च) सीपमुलक तालिम तथा रोजगारीसम्बन्धी ............................५०

(छ) थर सूचीकरण, सांस्कृतिक पहिचान र संरक्षणसम्बन्धी........... ५१

(ज) विकास निर्माणसम्बन्धी .......................................... ५२

(झ) ऐतिहासिक दस्ताबेजीकरण र संरक्षणसम्बन्धी.....................५३

(ञ) कृषिको व्यवसायीकरण र बजार व्यवस्थापनसम्बन्धी...............५३

(ट) महिला सशक्तीकरणसम्बन्धी ......................................५३

(ठ) बालबालिकासम्बन्धी ............................................५४

(ड) न्याय र दण्डहीनतासम्बन्धी.......................................५४

(ढ) आयोगसम्बन्धी..................................................५४

(ण) अन्य..........................................................५४

६. थारू आयोग..................................................... ५५

७. मुस्लिम आयोग.................................................. ५७

(क) मुस्लिम समुदायको सांस्कृतिक अधिकार सम्बन्धमा ............. ५७
(ख) प्राकृतिक प्रकोप प्रभावितको सम्बन्धमा ...................... ५७

## परिच्छेद ५

सिफारिस कार्यान्वयनमा भएका प्रयासहरू र चुनौतीहरू ..................... ५९
१. नेपाल सरकारबाट भएका प्रयासहरू ....................................... ५९
२. मानव अधिकार राष्ट्रिय संस्थाहरूबाट भएको प्रयासहरू ................. ६०
३. नागरिक समाजबाट भएका प्रयासहरू....................................... ६१
४. अन्तर्राष्ट्रिय समुदायबाट भएका प्रयासहरू ............................. ६२
५. चुनौतीहरू ....................................................................... ६२

## परिच्छेद ६

विश्लेषण, निष्कर्ष तथा सुझावहरू.............................................. ६६
१. विश्लेषण ......................................................................... ६६
२. निष्कर्ष ........................................................................... ६९
३. सुझावहरू ......................................................................... ७०
(क) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकार
एवम् सम्बन्धित निकायहरूलाई ............................ ७०
(ख) व्यवस्थापिकालाई ........................................................ ७१
(ग) मानव अधिकार राष्ट्रिय संस्थाहरूलाई ................................ ७१
(घ) नागरिक समाज तथा अन्तर्राष्ट्रिय समुदायलाई.................. ७२
सन्दर्भ सामग्रीहरू................................................................... ७३

# सारसंक्षेप

विश्वव्यापी रूपमा स्वीकार गरिएका मानव अधिकारसम्बन्धी व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नु मानव अधिकार राष्ट्रिय संस्थाहरूको प्रमुख दायित्व हो। नेपालले राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय स्तरमा गरेका प्रतिबद्धताहरूको कार्यान्वयन एवम् अधिकार प्राप्तिका लागि नेपाली जनताले विभिन्न समयमा गरेका संघर्षको फलस्वरूप नेपालको संविधानले संवैधानिक निकायको रूपमा मानव अधिकार राष्ट्रिय संस्थाहरू रहने व्यवस्था गरेको छ। संविधानको भाग २५ मा राष्ट्रिय मानव अधिकार आयोग तथा भाग २७ मा अन्य आयोगहरू अन्तर्गत राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेसी आयोग, थारू आयोग र मुस्लिम आयोगसम्बन्धी व्यवस्थाहरू रहेका छन्। संविधान तथा कानूनले यी आयोगहरूलाई मानव अधिकारका विभिन्न विषयहरूमा अध्ययन, अनुगमन, अनुसन्धान एवम् छानबिन गरी नेपाल सरकार वा सम्बन्धित निकायहरूलाई सिफारिस तथा सुझावहरू दिने व्यवस्था गरेको छ।

यस अध्ययनमा विशेषगरी नेपालको संविधान जारी भएपछि यिनै आठ वटा मानव अधिकार सम्बन्धी आयोगहरूले गरेका सिफारिस र त्यसको कार्यान्वयन अवस्थाको समीक्षा गरी प्रभावकारी कार्यान्वयनको लागि सुझावहरू प्रस्तुत गरिएको छ। यो अध्ययन मूलरूपमा डेस्क अध्ययनमा आधारित छ। अध्ययनमा समेटिएका आठ वटा मानव अधिकार सम्बन्धी आयोगहरूले विभिन्न समयमा प्रकाशित गरेका प्रतिवेदनहरूको अध्ययन तथा सम्बन्धित निकायहरूमा स्थलगत भ्रमण गरी सम्बन्धित पदाधिकारीहरूसँग छलफल गरी तथ्य संकलन गरिएको छ।

संविधान जारी भएको पाँच वर्षसम्म पनि राष्ट्रिय मानव अधिकार आयोग बाहेक अन्य आयोगहरूमा पदाधिकारी नियुक्तिले पूर्णता प्राप्त गर्न नसक्दा उक्त आयोगहरूले गर्ने सिफारिससम्बन्धी व्यवस्थासमेत प्रभावित भएको पाइएको छ। अध्ययनकै क्रममा राष्ट्रिय मानव अधिकार आयोगसमेत चार महिनासम्म पदाधिकारीविहीन भएको थियो। संवैधानिक आयोगको रूपमा रहेका मानव अधिकार सम्बन्धी आयोगहरूमा लामो समयसम्म पदाधिकारी नियुक्ति नगरी पदाधिकारीविहीन बनाउने, नियुक्ति प्रक्रिया पारदर्शी नहुने तथा राजनीतिक भागबन्डाको आधारमा नियुक्ति गरिने जस्ता समस्याहरू विगतदेखि नै देखिँदै आएकोले आयोगहरूको स्वतन्त्रता तथा स्वायत्तताको विषयमा

सधैं विवाद उत्पन्न हुने गरेको पाइएको छ। संवैधानिक परिषद्सम्बन्धी ऐनमा नेपाल सरकारले अध्यादेश मार्फत संशोधन गरी संवैधानिक परिषद्मा बहुमत सदस्यको उपस्थितिमा बैठक बस्न सक्ने व्यवस्था गरेको र सभामुख तथा प्रमुख प्रतिपक्षी दलका नेता समेतको अनुपस्थितिमा परिषद्को बैठक राखेर आयोगका पदाधिकारीहरूको नियुक्तिको सिफारिस गरिएको तथा संसदीय सुनुवाइ प्रक्रियालाई समेत छलेर पदाधिकारी नियुक्ति गरिएकोमा अधिकांश राजनीतिक दलहरू तथा नागरिक समाजबाट समेत आलोचना भइरहेको पाइएको छ।

यस अध्ययनमा समावेश गरिएका आठ वटा आयोगहरूमध्ये राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकारका विभिन्न विषयहरूमा गरेका १,१९५ सिफारिसहरूमध्ये १३.६४ प्रतिशत मात्र पूर्ण कार्यान्वयन भएको, ३७.२३ प्रतिशत आंशिक कार्यान्वयन भएको र ४९.१३ प्रतिशत कार्यान्वयन नभएको पाइएको छ। कार्यान्वयन भएका अधिकांश सिफारिसहरू पनि पीडितलाई आर्थिक राहत अथवा क्षतिपूर्ति दिनमा नै सीमित छन्। दोषीलाई कारवाही गर्ने पक्षमा अत्यन्त कम कारवाही भएको पाइएको छ। नेपालको संविधान जारी भएपछि आयोगले गरेका सिफारिसहरूमध्ये करिब ४ प्रतिशत मात्र पूर्ण कार्यान्वयन भएको पाइएकोले सिफारिस कार्यान्वयनको अवस्था अत्यन्त कमजोर रहेको देखिन्छ। आयोगले गरेका अधिकांश सिफारिसहरू हत्या, बलपूर्वक बेपत्ता तथा यातनाजस्ता गम्भीर मानव अधिकार हननका विषयहरूसँग सम्बन्धित रहेको पाइएको छ। तर आयोगले २८६ जना दोषी भनी नाम किटानी गरेर तथा १,०४९ वटा सिफारिसमा दोषी पहिचान गरी कारवाही गर्न सिफारिस भएकोमा जम्मा ३० जनालाई मात्र कारवाही भएको पाइएको छ। आयोगले गरेका नीतिगत सिफारिसहरूको समेत खासै कार्यान्वयन भएको पाइएन।

संविधान जारी हुनुभन्दा अघि स्थापित भएको राष्ट्रिय महिला आयोगमा संविधान जारी भएपछि पदाधिकारीहरूको नियुक्ति नभएको हुँदा उक्त आयोगबाट सिफारिसहरू हुन नसकेको पाइएको छ। आयोगले विगतमा गरेका सिफारिसहरूको अभिलेखसमेत सुरक्षित राख्न नसकेको अथवा पारदर्शी रूपमा नराखेको हुँदा उक्त आयोगबाट नेपालको संविधान जारी हुनुभन्दा पहिला भएका सिफारिसहरूको बारेमा अध्ययन गर्न सकिने अवस्था रहेन। यसैगरी राष्ट्रिय दलित आयोग र आदिवासी जनजाति आयोगसमेत पदाधिकारीविहीन भएका हुँदा उक्त आयोगहरूबाट समेत सिफारिससम्बन्धी कामकारवाही नभएको पाइएको छ। राष्ट्रिय समावेशी आयोग, मधेसी आयोग, थारू आयोग र

मुस्लिम आयोगमा एक एक जनामात्र पदाधिकारीहरू बहाल रहेको अवस्थामा केही सुझाव तथा सिफारिसहरू प्रस्तुत गरेको देखिन्छ। यसरी प्रस्तुत गरिएका सुझावहरूको कार्यान्वयन पनि नगन्य मात्रामा नै रहेको पाइएकोले नेपाल सरकार तथा सम्बन्धित निकायहरू आयोगहरूले दिएका सिफारिस कार्यान्वयनमा उदासीन रहेको पाइएको छ। आयोगहरूले गरेका कतिपय सिफारिस अस्पष्ट र कार्यान्वयनयोग्य समेत नरहेको पाइएको छ। आयोगहरूले सिफारिस गर्दा तथ्यमा आधारित भएर पूर्ण रूपमा अध्ययन, अनुसन्धान वा छानबिन गरी सिफारिस गर्नु पर्नेमा कतिपय सिफारिसहरूमा यस्तो हुन नसकेको समेत पाइएको छ।

संविधान जारी भएको पाँच वर्षभन्दा बढी समय व्यतित भइसक्दा पनि आयोगका पदाधिकारीहरूको नियुक्ति नहुनु, पदाधिकारी नियुक्तिलाई राजनीतिक भागबण्डाको आधार बनाइनु, दोषीलाई कारवाही नगरी संरक्षण प्रदान गरिनु र आयोगहरूबाट भएका सिफारिसहरू कार्यान्वयनको लागि संयन्त्रहरूको विकास नहुनु जस्ता चुनौतीहरू रहेको पाइएको छ। सिफारिस कार्यान्वयन गर्ने कुरामा प्रतिबद्धता जाहेर गर्ने तथा व्यावहारिक कार्यान्वयनमा पर्याप्त पहल नगर्ने आम प्रवृत्ति रहेको पाइएकोले राजनीतिक प्रतिबद्धता तथा जवाफदेहिताको अभावजस्ता गम्भीर चुनौतीहरू रहेको पाइएको छ।

नेपालको संविधान, विद्यमान कानून तथा सर्वोच्च अदालतबाट प्रतिपादित नजिर एवम् अन्तर्राष्ट्रिय अभ्यासलाई हेर्दा मानव अधिकार संस्थाहरूले गर्ने सिफारिसको पूर्ण कार्यान्वयन सुनिश्चित गर्ने दायित्व नेपाल सकारको हो। तर आयोगबाट भएका सिफारिस कार्यान्वयनको कमजोर अवस्थाले मुलुकमा दण्डहीनताको कुसंस्कारले प्रश्रय पाउँदै गएको पाइन्छ। यसबाट मानव अधिकार हननका घटनाहरू दोहोरिँदै गएको देखिन्छ। यसको प्रत्यक्ष असर लामो समयदेखि न्यायको पर्खाइमा बसेका पीडितहरूमा परेको छ भने राज्यले मानव अधिकारको सम्बन्धमा अन्तर्राष्ट्रिय समुदाय समक्ष गरेको प्रतिबद्धताको कार्यान्वयनमा समेत गम्भीर प्रश्न उठेको देखिन्छ।

मानव अधिकार सम्बन्धी बिभिन्न आयोगहरूले गरेका सिफारिसको प्रभावकारी कार्यान्वयनको निमित्त कानूनी, नीतिगत र संरचनागत समस्याहरू समेत रहेको सन्दर्भमा यसको समाधानको लागि ठोस पहल हुन नसकेको समेत देखिएको छ। मुलुकको पुनर्संरचना भएको सन्दर्भमा यस्ता आयोगहरूको संरचना, सिफारिस गर्ने प्रक्रिया र त्यसको कार्यान्वयन र समन्वयको पक्षमा समेत नीतिगत व्यवस्था गर्नु आवश्यक रहेको

देखिन्छ।

मानव अधिकार सम्बन्धी आयोगहरूलाई अझ प्रभावकारी बनाउन, यी आयोगहरूको स्वतन्त्रता र स्वायत्तताको सुनिश्चित गर्न एवम् तिनका सिफारिसहरूको पूर्ण कार्यान्वयन गर्ने व्यवस्था मिलाउन नेपाल सरकारले विशेष ध्यान दिनु आवश्यक देखिन्छ। व्यवस्थापिकाले आयोगहरूको सिफारिस प्रभावकारी रूपमा कार्यान्वयन गर्नको लागि आवश्यक कानूनको तर्जुमा गर्नुको साथै आयोगका प्रतिवेदनलाई संसद्मा छलफलको विषय बनाउने र सरकारलाई सिफारिस कार्यान्वयन गर्न आवश्यक निर्देशन दिने कार्य गर्नु पर्दछ। मानव अधिकार सम्बन्धी आयोगहरूले पर्याप्त अध्ययन एवम् अनुसन्धान गरी सिफारिसहरूलाई स्पष्ट र कार्यान्वयनयोग्य बनाई सम्बन्धित निकायहरूमा पठाउने व्यवस्था मिलाउनुको साथै सिफारिससम्बन्धी दस्तावेजहरूलाई सुरक्षित र पारदर्शी बनाउन आवश्यक देखिन्छ। सिफारिस कार्यान्वयन नगर्ने निकाय एवम् पदाधिकारीलाई मानव अधिकार उल्लंघनकर्ताको रूपमा सूचीकृत गरी उनीहरूको नाम सार्वजनिक गर्नु पर्दछ। सिफारिस कार्यान्वयनलाई प्रभावकारी बनाउन नागरिक समाज र अन्तर्राष्ट्रिय समुदायले समन्वयात्मक रूपमा अनुसन्धानमूलक एवम् दबाबमूलक कार्यक्रमहरू सञ्चालन गर्न समेत आवश्यक देखिन्छ।

# परिच्छेद १

# परिचयात्मक

## १. पृष्ठभूमि

सन् १९४५ मा संयुक्त राष्ट्रसंघको स्थापना भएपछि तीव्र गतिमा अन्तर्राष्ट्रिय मानव अधिकार कानूनको विकास भइरहेको छ। यसै सन्दर्भमा मानव अधिकारसम्बन्धी कानूनमा भएका व्यवस्थाहरूको कार्यान्वयन सुनिश्चित गर्न अन्तर्राष्ट्रिय एवम् राष्ट्रिय स्तरमा संयन्त्रहरूको विकास पनि सँगसँगै भइरहेको छ। मानव अधिकारसम्बन्धी व्यवस्थाहरूको कार्यान्वयन राष्ट्रिय स्तरमा हुने भएको वा अन्तर्राष्ट्रिय मानव अधिकार कानूनले हरेक व्यक्तिलाई प्रदान गरेका अधिकारहरूको उपभोग सुनिश्चित गर्ने मुख्य दायित्व राज्यको भएको कुरालाई मध्यनजर गरी यसको प्रवर्द्धन, संरक्षण एवम् स्वतन्त्र अनुगमन गरी कार्यान्वयनलाई सुनिश्चित गर्न मानव अधिकार राष्ट्रिय संस्थाहरूको आवश्यकता परेको हो। यसै कुरालाई मध्यनजर गरी संयुक्त राष्ट्रसंघको महासभाले सन् १९९३ मा मानव अधिकार राष्ट्रिय संस्थाहरूसम्बन्धी सिद्धान्तहरू (पेरिस सिद्धान्तहरू)[१] पारित गरेपछि विश्वका अधिकांश मुलुकहरूमा स्वतन्त्र र स्वायत्त संस्थाको रूपमा मानव अधिकार राष्ट्रिय संस्थाहरू स्थापना भएका हुन्। यस्ता संस्थाहरूले राष्ट्रिय स्तरमा मानव अधिकार संरक्षण एवम् संवर्द्धनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन्। मानव अधिकार संस्थाहरूको एसिया प्रशान्त क्षेत्रीय मञ्चले राष्ट्रिय मानव अधिकार संस्थाहरूको भूमिकाहरूलाई निम्न रूपमा उल्लेख गरेको छ[२]।

- मानव अधिकार अवस्थाको अनुगमन गरी प्राप्त तथ्यहरूलाई सार्वजनिक गर्ने,
- मानव अधिकारका मापदण्ड बमोजिम कानून र नीतिहरू लागू गर्न सरकारलाई परामर्श दिने,
- मानव अधिकार हननका पीडितहरूलाई उपचार प्रदान गर्न उजुरी लिने र अनुसन्धान गर्ने,

१ Principles relating to the Status of National Institutions, Adopted by General Assembly resolution 48/134 of 20 December 1993

२ https://www.asiapacificforum.net/support/what-are-nhris/

- मानव अधिकारमैत्री व्यवहार निर्माण गर्न मानव अधिकार शिक्षाको प्रवर्द्धन गर्ने,
- अन्तर्राष्ट्रिय मानव अधिकार समुदायसँग मिलेर तिनका सिफारिसहरूको कार्यान्वयन गरी परिवर्तनका लागि अवाश्यक कार्य गर्ने ।

नेपाल प्रत्यक्ष रूपमा २४ वटा मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरूको पक्ष राष्ट्र भएको तथा नेपाली जनताले अधिकार प्राप्तिको लागि विभिन्न समयमा गरेका संघर्षहरू तथा नेपालको संविधानद्वारा विश्वव्यापी रूपमा स्वीकार गरिएका महत्वपूर्ण मानव अधिकारसम्बन्धी व्यवस्थाहरूलाई मौलिक हकको रूपमा समावेश गरेको सन्दर्भमा राज्यले गरेका मानव अधिकारसम्बन्धी प्रतिबद्धताहरूको कार्यान्वयन सुनिश्चित गर्न मानव अधिकारसम्बन्धी विभिन्न संवैधानिक आयोगहरू हुने व्यवस्था संविधानमा उल्लेख गरिएको छ। नेपालको संविधानको भाग २५ मा राष्ट्रिय मानव अधिकार आयोग र भाग २७ अन्य आयोगहरू अन्तर्गत राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेसी आयोग, थारू आयोग र मुस्लिम आयोगसम्बन्धी व्यवस्थाहरू रहेका छन् ।

नेपालको संविधान तथा कानूनले यी आयोगहरूलाई मानव अधिकारका विभिन्न विषयमा अध्ययन, अनुगमन, अनुसन्धान तथा छानबिन गर्ने र त्यसको निष्कर्षसहित नेपाल सरकार अथवा सम्बन्धित निकायहरूलाई सिफारिस गर्न सक्ने काम, कर्तव्य र अधिकारसम्बन्धी व्यवस्था गरेको छ।

जुरी नेपाल (Justice and Rights Institute Nepal) मानव अधिकार र न्यायको क्षेत्रमा क्रियाशील गैरनाफामूलक गैरसरकारी संस्था हो। यस संस्थाले Open Society Policy Center को सहयोगमा Effective NHRIs for Advancing Human Rights (ENAHR) परियोजना सञ्चालन गरिरहेको छ। यसै सन्दर्भमा मानव अधिकार राष्ट्रिय संस्थाहरूले गरेका सिफारिस कार्यान्वयनको अवस्थाबारे अध्ययन गरी त्यसको प्रभावकारी कार्यान्वयनको वातावरण निर्माण गर्न यो अध्ययन गरिएको हो ।

## २. अध्ययनको उद्देश्य

यस अध्ययनको मुख्य उद्देश्य नेपालको संविधानले संवैधानिक निकायको हैसियतमा

व्यवस्था गरेका आठ वटा मानव अधिकार सम्बन्धी आयोगहरूले गरेका सिफारिसहरू र तिनको कार्यान्वयनको अवस्थाको बारेमा अध्ययन गरी प्रभावकारी कार्यान्वयनको वातावरण निर्माणको लागि वकालत गर्नु रहेको छ। अध्ययनका मुख्य उद्देश्यहरू निम्नबमोजिम रहेका छन् ।

१. मानव अधिकार सम्बन्धी आयोगहरूले गरेको सिफारिसहरू र सरकारले गरेको कार्यान्वयनको अवस्थाको बारेमा समीक्षा गर्नु,

२. मानव अधिकार सम्बन्धी आयोगहरूले गरेको सिफारिसहरूको प्रभावकारी कार्यान्वयनको लागि वकालत गर्न आवश्यक रणनीतिको विकास गर्नु,

३. मानव अधिकार सम्बनधी आयोगहरूको कार्यादेश सम्पादनमा गुणस्तरीयता ल्याउन सामाजिक संस्थाहरूको सहभागिताको माध्यमबाट जवाफदेहिताको प्रवर्द्धन गर्ने,

४. मानव अधिकार सम्बन्धी आयोगहरूको काम, कर्तव्य र अधिकारको बारेमा सचेतताको अभिवृद्धि गर्ने तथा सामाजिक संस्थाहरूसँगको समन्वय र सहकार्य बढाउने ।

## ३. अध्ययन विधि

यस अध्ययनमा संवैधानिक नियकायको रूपमा रहेका आठवटा मानव अधिकार सम्बन्धी आयोगहरू राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेसी आयोग, थारू आयोग र मुस्लिम आयोगका सिफारिससम्बन्धी संवैधानिक र कानूनी व्यवस्था एवम् अन्तर्राष्ट्रिय मानव अधिकार कानून बमोजिम राज्यको दायित्वसम्बन्धी व्यवस्थाहरूको अध्ययन गरिएको छ। मानव अधिकार सम्बन्धी आयोगहरूले संविधान र कानून बमोजिम अध्ययन, अनुगमन तथा अनुसन्धानको आधारमा गरेका सिफारिसहरू र तिनको कार्यान्वयनको अवस्थाको बारेमा तथ्य संकलन गरी विश्लेषण गरिएको छ। यो अध्ययन मूलरूपमा डेस्क अध्ययनमा आधारित रहेको छ। मानव अधिकार सम्बन्धी आयोगहरूले प्रकाशित गरेका वार्षिक प्रतिवेदन तथा अन्य प्रतिवेदनहरूबाट आयोगहरूले गरेका सिफारिस र त्यसको कार्यान्वयनको अवस्थाको बारेमा तथ्य संकलन गरिएको छ। यस क्रममा आठवटै मानव अधिकार सम्बन्धी आयोगहरूमा स्थलगत भ्रमण गरी सम्बन्धित पदाधिकारी तथा कर्मचारीहरूसँग छलफल गरी तथ्यहरू

संकलन गरिएको छ। यसक्रममा आयोगहरूका सिफरिस कार्यान्वयनको लागि नेपाल सरकारबाट भएका काम कारवाहीहरूको अध्ययन गर्ने तथा नेपाल सरकारका सम्बन्धित कार्यालयका कर्मचारीहरूसँग छलफल गरी आवश्यक तथ्य संकलन गर्ने कार्य गरिएको छ।

अध्ययनबाट तयार गरिएको मस्यौदा प्रतिवेदनमाथि जुरी नेपालबाट संयोजन गरिएको परामर्श बैठकमा प्रस्तुत गरी प्राप्त सुझावहरूलाई समेत समावेश गरिएको छ।

अध्ययनको क्रममा आठवटै मानव अधिकार सम्बन्धी आयोगहरूले गरेका सिफारिसहरू र तिनको कार्यान्वयनको अवस्थाको समीक्षा गर्दै त्यसको कानूनी विश्लेषण गरिएको छ। प्राप्त तथ्यहरूको विश्लेषण तथा निष्कर्षका आधारमा विभिन्न पक्षलाई सिफारिसहरू प्रस्तुत गरिएको छ।

## ४. अध्ययनको सीमा

यो अध्ययन संवैधानिक निकायको रूपमा रहेका आठवटा मानव अधिकार सम्बन्धी आयोगहरूले मानव अधिकारका विभिन्न विषयमा गरेका आधिकारिक सिफारिसहरू र तिनको कार्यान्वयनको अवस्थाको बारेमा केन्द्रित भएकाले प्रेस विज्ञप्ति वा यस्तै अन्य तरिकाहरूबाट आग्रह गरिएका विषयहरूलाई समावेश गरिएको छैन। यो अध्ययनमा आठवटै मानव अधिकार सम्बन्धी आयोगहरूले गरेका सिफारिसहरूको अध्ययन गरिएको भए पनि मूलरूपमा नेपालको संविधान जारी भएपछि गरिएका सिफारिसहरूलाई विशेष प्राथमिकता दिइएको छ। कोभिड-१९ को प्रकोपको कारण तथ्य संकलनको क्रममा प्रत्यक्ष भेटघाटमा कठिनाइ भएको भए पनि सबै मानव अधिकार सम्बन्धी आयोगहरूको भ्रमण गरी आयोगका पदाधिकारी तथा सम्बन्धित कर्मचारीहरूसँग छलफल गरिएको छ। कोभिड-१९ को महामारीको अवस्थामा सम्बन्धित निकायहरूसँग विस्तृत छलफल गर्न नसकिए पनि यस्ता निकायहरूका प्रतिक्रियाहरूलाई संकलन गरी प्रतिवेदनमा समावेश गरिएको छ।

## परिच्छेद २

# सिफारिससम्बन्धी कानूनी व्यवस्था

नेपालले हालसम्म २४ वटा मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरूको अनुमोदन गरेको छ।[३] मानव अधिकारसम्बन्धी व्यवस्थाहरूको सम्मान, संरक्षण र परिपूरण गर्नु राज्यको दायित्व हो। यस विषयलाई नेपालको संविधानको धारा ५२ ले पनि स्पष्ट गरेको छ। नेपाल सन्धि ऐन २०४७ को दफा ९(१) बमोजिम नेपालले अनुमोदन गरेका अन्तर्राष्ट्रिय सन्धिहरू नेपाल कानून सरह लागू हुन्छन् र प्रचलित कानूनसँग बाझिएमा सन्धिमा भएको व्यवस्थाले मान्यता पाउँदछ।[४] यसैगरी अन्तर्राष्ट्रिय सन्धिको कार्यान्वयन गर्नको लागि कानूनी व्यवस्था मिलाउनु पर्दछ।[५] नेपालको संविधानको प्रस्तावनामा नै जनताको नागरिक स्वतन्त्रता, मौलिक अधिकार र मानव अधिकारप्रति प्रतिबद्धता जनाइएको छ। संविधानको भाग ३ मा विभिन्न मौलिक हकहरूको व्यवस्था गरिएको छ। नेपालले अनुमोदन गरेका मानव अधिकारसम्बन्धी महासन्धिहरूका व्यवस्थाहरू एवम् मौलिक हकको कार्यान्वयनको लागि विभिन्न कानूनहरू तर्जुमा गरिएको पाइन्छ।

यसरी राज्यले प्रतिबद्धता जनाएका मानव अधिकारसम्बन्धी व्यवस्थाहरूको कार्यान्वयन सुनिश्चित गर्न विभिन्न आठ वटा संवैधानिक निकायहरूको व्यवस्था गरिएको छ। यी संवैधानिक निकायहरूले मुलुकमा मानव अधिकार प्रचलनको अवस्थाको बारेमा अनुगमन, अनुसन्धान र अध्ययन एवम् छानबिन गरी प्रभावकारी कार्यान्वयनको लागि नेपाल सरकारलाई सिफारिस गर्न सक्ने व्यवस्था गरिएको छ। संवैधानिक आयोग र यी आयोगका सिफारिससम्बन्धी संवैधानिक एवम् कानूनी व्यवस्थालाई निम्न बमोजिम उल्लेख गरिएको छ।

---

३ Government of Nepal, Office of the Prime Minister and Council Ministers, Fourth National Plan of Actions on Human Rights, 2014/015-2018/019

४ नेपाल सन्धि ऐन २०४७ दफा ९(१) :व्यवस्थापिका-संसद्बाट अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन भई नेपाल वा नेपाल सरकार पक्ष भएको कुनै सन्धिको कुरा प्रचलित कानूनसँग बाझिएमा सो सन्धिको प्रयोजनको लागि बाझिएको हदसम्म प्रचलित कानून अमान्य हुनेछ र तत्सम्बन्धमा सन्धिको व्यवस्था नेपाल कानून सरह लागू हुनेछ।

५ नेपाल सन्धि ऐन २०४७ दफा ९ (२) व्यवस्थापिका-संसद्बाट अनुमोदन, स्वीकृति वा समर्थन नभएको वा सम्मिलनको स्वीकृति नपाएको तर नेपाल वा नेपाल सरकार पक्ष भएको कुनै सन्धिबाट नेपाल वा नेपाल सरकार उपर कुनै थप दायित्व वा भार पर्न जाने र त्यसको कार्यान्वयनको लागि कानुनी व्यवस्था गर्नुपर्ने रहेछ भने त्यस्तो सन्धि कार्यान्वयनको लागि नेपाल सरकारले यथासम्भव चाँडो कानुन बनाउने कारवाही चलाउनु पर्दछ।

## १. राष्ट्रिय मानव अधिकार आयोग

राष्ट्रिय मानव अधिकार आयोगको स्थापना मानव अधिकार आयोग ऐन २०५३ बमोजिम २०५७ साल जेठ १३ गते भएको हो। नेपालको अन्तरिम संविधान २०६३ जारी भएपछि यो आयोग संवैधानिक आयोगको रूपमा स्थापित भएको हो। नेपालको हालको संविधानले पनि यसको संवैधानिक हैसियतलाई निरन्तरता दिएको पाइन्छ। संविधानको भाग २५ मा राष्ट्रिय मानव अधिकार आयोगसम्बन्धी व्यवस्था रहेको छ।

संविधानको धारा २४९ तथा राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ ले आयोगलाई मानव अधिकार अवस्थाको अनुगमन, अध्ययन एवम् उजुरी उपर छानबिन तथा अनुसन्धान गरी सिफारिस गर्न सक्ने विस्तृत व्यवस्था गरेको छ। संविधान बमोजिम आयोगले गर्ने सिफारिससम्बन्धी व्यवस्थाहरू निम्न बमोजिम रहेका छन्:[६]

- कुनै व्यक्ति वा समूहको मानव अधिकार उल्लंघन वा त्यसको दुरुत्साहन भएकोमा पीडित आफैं वा निजको तर्फबाट कसैले आयोग समक्ष प्रस्तुत वा प्रेषित गरेको निवेदन वा उजुरी वा कुनै स्रोतबाट आयोगलाई प्राप्त भएको वा आयोगको जानकारीमा आएको विषयमा सिफारिस तथा अनुसन्धान गरी दोषी उपर कारबाही गर्न सिफारिस गर्ने,
- मानव अधिकारको उल्लंघन हुनबाट रोक्ने जिम्मेवारी वा कर्तव्य भएको पदाधिकारीले आफ्नो जिम्मेवारी पूरा नगरेमा वा कर्तव्य पालना नगरेमा वा जिम्मेवारी पूरा गर्न वा कर्तव्य पालन गर्न उदासीनता देखाएमा त्यस्तो पदाधिकारी उपर विभागीय कारबाही गर्न सम्बन्धित अधिकारी समक्ष सिफारिस गर्ने,
- मानव अधिकार उल्लंघन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध मुद्दा चलाउनुपर्ने आवश्यकता भएमा कानून बमोजिम अदालतमा मुद्दा दायर गर्न सिफारिस गर्ने,
- मानव अधिकारको उल्लंघनकर्तालाई विभागीय कारबाही तथा सजाय गर्न कारण र आधार खुलाई सम्बन्धित निकाय समक्ष सिफारिस गर्ने,
- मानव अधिकारसँग सम्बन्धित कानूनको आवधिक रूपमा पुनरावलोकन गर्ने

६ नेपालको संविधान २०७२ धारा २४९

तथा त्यसमा गर्नुपर्ने सुधार तथा संशोधनका सम्बन्धमा नेपाल सरकार समक्ष सिफारिस गर्ने,

- मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि वा सम्झौताको नेपाल पक्ष बन्नुपर्ने भएमा त्यसको कारणसहित नेपाल सरकारलाई सिफारिस गर्ने र नेपाल पक्ष बनिसकेका सन्धि वा सम्झौताको कार्यान्वयन भए वा नभएको अनुगमन गरी कार्यान्वयन नभएको पाइएमा त्यसको कार्यान्वयन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने,

- मानव अधिकारको उल्लंघनबाट पीडितलाई कानून बमोजिम क्षतिपूर्ति दिन आदेश दिने ।

उल्लिखित संवैधानिक व्यवस्थाको अतिरिक्त राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ ले आयोगले गर्ने सिफारिससम्बन्धी निम्न व्यवस्थाहरू गरेको छ।[७]

- मानव अधिकारको संरक्षणका लागि कारागार, नेपाल सरकारका अन्य निकाय, सार्वजनिक संस्था वा निजी संस्था वा अन्य कुनै ठाउँको निरीक्षण तथा अनुगमन गर्ने, गराउने र मानव अधिकारको संरक्षणको लागि त्यस्ता निकाय, संस्था वा ठाउँमा गर्नुपर्ने सुधारका सम्बन्धमा सम्बन्धित निकायलाई आवश्यक सुझाव वा निर्देशन दिने,
- मानव अधिकारसम्बन्धी प्रचलित कानूनको कार्यान्वयनको स्थितिको अनुगमन गर्ने तथा सोको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने,
- मानव अधिकारसम्बन्धी शिक्षामूलक विषयवस्तुलाई विद्यालय तथा विश्वविद्यालयको पाठ्यक्रममा समावेश गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने ।

आयोग ऐनमा मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धिअन्तर्गत कुनै निकायमा प्रतिवेदन पठाउनु पर्ने दायित्व भएको विषयमा नेपाल सरकारलाई राय दिनुपर्ने, मानव अधिकारसँग सम्बन्धित कुनै कानून निर्माण वा भइरहेको कुनै कानून संशोधन गर्ने सम्बन्धमा नेपाल सरकारलाई राय उपलब्ध गराउन सक्ने, मानव अधिकारसँग सम्बन्धित कुनै अन्तर्राष्ट्रिय वा क्षेत्रीय सन्धिको पक्ष बन्ने सम्बन्धमा नेपाल सरकारलाई राय

७ राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ दफा ४

उपलब्ध गराउन सक्ने जस्ता व्यवस्थाहरू रहेका छन् ।[८] यसैगरी राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ ले पीडितलाई क्षतिपूर्ति दिन निर्णय गर्न सक्ने व्यवस्था गरेको छ ।

आयोगका सिफारिस कार्यान्वयनको सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोग ऐनको दफा १७ मा विस्तृत व्यवस्था गरिएको पाइन्छ। जसमा आयोगको सिफारिस, निर्णय वा आदेश कार्यान्वयनको लागि सम्बन्धित पदाधिकारी, व्यक्ति वा निकाय समक्ष लेखी पठाउनुपर्ने, आयोगबाट प्राप्त सिफारिस, निर्णय वा आदेश सम्बन्धित पदाधिकारी, व्यक्ति वा निकायले तीन महिनाभित्र कार्यान्वयन गरी आयोगलाई जानकारी गराउनु पर्ने, कार्यान्वयनमा कुनै समस्या भएमा दुई महिनाभित्र पुनर्विचारको लागि आयोग समक्ष पठाउनु पर्ने, यस्तो पत्र आएमा त्यसमा विचार गरी पुनः निर्णय गर्नुपर्ने र आयोगले निर्णय गर्दा यथावत् वा संशोधनसहित कार्यान्वयनको लागि पुनः सिफारिस गर्ने र यसरी सिफारिस पुनः कार्यान्वयनको लागि लेखी आएमा यथाशीघ्र कार्यान्वयन गरी आयोगलाई जानकारी गराउनु पर्ने बाध्यात्मक कानूनी व्यवस्था गरिएको पाइन्छ। यसैगरी पीडितलाई तीन महिना भित्र क्षतिपूर्ति उपलब्ध गराई सक्नुपर्ने व्यवस्थासमेत गरिएको पाइन्छ। राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कारवाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १८ ले पनि आयोगको निर्णय वा सिफारिस कार्यान्वयन सम्बन्धमा प्रक्रियागत व्यवस्थाहरू गरेको पाइन्छ।

आयोगका सिफारिस कार्यान्वयन सम्बन्धमा सर्वोच्च अदालतले आदेशहरू जारी गरी आयोगले गरेका सिफारिसहरू बाध्यकारी हुने व्याख्या गरेको पाइन्छ। अधिवक्ता भोजराज ऐरविरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत भएको मुद्दामा सर्वोच्च अदालतले "... मानव अधिकारको संरक्षणको लागि राष्ट्रिय मानव अधिकार आयोगबाट जारी भएको आदेश वा निर्देशन कार्यान्वयन गर्ने वा आयोगबाट गरिएको सिफारिस वा सुझाव कार्यान्वयन गर्न सरकारले कुनै यदि र तर '*If & Buts*' को जिकिर लिन नहुने[९] र '...जसरी अदालतले जारी गरेका आदेश निर्देशनहरू सरकारले पालना गर्नुपर्ने हुन्छ, उसैगरी मानव अधिकारको प्रभावकारी संरक्षण र परिचालन गर्ने क्रममा आयोगले दिएका यस्ता सुझाव, प्रतिक्रिया र निर्देशनहरू सरकारले पालना गर्नुपर्ने

---

८ मानव अधिकार आयोग ऐन २०६८, दफा ६

९ मोजराज ऐरविरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत सम्बत् २०६२ सालको रिट नं. ३०८१, आदेश मिति २०६४/९/२/

हुन्छ'[१०] भनी आदेश जारी गरेको छ। ओमप्रकाश अर्यालविरुद्ध राष्ट्रिय मानव अधिकार आयोगसमेत भएको अर्को मुद्दामा "आयोगले बिना आधार र कारण हचुवाको भरमा कसैका विरुद्ध मुद्दा चलाउन सिफारिस गर्ने पनि होइन त्यसैले राष्ट्रिय मानव अधिकार आयोगको सिफारिसलाई कार्यान्वयन गर्ने वा नगर्ने भन्ने स्वविवेक त्यस्तो सिफारिस प्राप्त गर्ने निकाय वा पदाधिकारीलाई रहन्छ भनी सम्झन मिल्दैन। त्यस्तो स्वविवेक प्रदान गर्ने खालका कानूनी व्यवस्थाहरू संविधानको प्रावधान र त्यसको मनसाय अनुकूल हुन्छन् भनी अर्थ गर्न पनि नमिल्ने"[११] आदेश गरेको पाइन्छ।

यसप्रकार राष्ट्रिय मानव अधिकार आयोगले आयोगमा दर्ता भएका उजुरीहरूको छानबिन तथा अनुसन्धान गर्ने, मानव अधिकार अवस्थाको अनुगमन गर्ने, मानव अधिकारसम्बन्धी कानूनको पुनरावलोकन गर्ने वा मानव अधिकारका विविध विषयहरूमा अध्ययन वा अनुसन्धान गरेर नेपाल सरकार समक्ष सिफारिस गर्न सक्ने संवैधानिक तथा कानूनी व्यवस्था रहेको पाइन्छ। आयोगले गरेका सिफारिसहरूको कार्यान्वयन गर्नु राज्यको दायित्व हो। सम्मानित सर्वोच्च अदालतका फैसलासमेतका अधारमा आयोगका सिफारिसहरू बाध्यात्मक हुने कुरा स्पष्ट छ।

## २. राष्ट्रिय महिला आयोग

राष्ट्रिय महिला आयोगको स्थापना २०५८ सालमा भएको हो। नेपालको संविधानले यस आयोगलाई संवैधानिक आयोगको रूपमा स्थापना गरेको छ। संविधानको भाग २७ मा महिला आयोगसम्बन्धी व्यवस्था रहेको छ। हाल यस आयोगमा २०७७ साल माघ १ गते एक जना माननीय अध्यक्ष र २ जना माननीय सदस्यज्यूहरूको नियुक्ति भएको छ भने २ जना पदाधिकारी २०७८ साल वैशाखमा नियुक्ति भएको छ। नेपालको संविधानको धारा २५३ तथा राष्ट्रिय महिला आयोग ऐन २०७४ ले यस आयोगलाई महिलाको अधिकार संरक्षण तथा प्रवर्द्धनका विषयहरूमा सिफारिस गर्न सक्ने व्यवस्था गरेको पाइन्छ। संविधान बमोजिम आयोगले सिफारिस गर्नेसम्बन्धी निम्न व्यस्थाहरू रहेको पाइन्छ:[१२]

- महिलाको हकहितसँग सरोकार राख्ने नीति तथा कार्यक्रमको तर्जुमा गरी

१० ऐ.ऐ.
११ ने.का.प. २०७० अंक ७, पृष्ठ ७४३
१२ नेपालको संविधान २०७२ धारा २५३

कार्यान्वयनका लागि नेपाल सरकार समक्ष पेस गर्ने,

- महिलाको हकहितसँग सम्बन्धित कानून वा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौता अन्तर्गतको दायित्व कार्यान्वयन भए वा नभएको विषयमा अनुगमन गरी त्यसको प्रभावकारी पालना वा कार्यान्वयनको उपायसहित नेपाल सरकारलाई सुझाव दिने,
- महिलालाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्न तथा राज्यका सबै निकायमा समानुपातिक सहभागिता सुनिश्चित गर्न मौजुदा नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन तथा मूल्यांकन गर्ने र त्यसको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिस गर्ने,
- लैंगिक समानता, महिला सशक्तीकरण तथा महिलासँग सम्बन्धित कानूनी व्यवस्थाको अध्ययन, अनुसन्धान गरी त्यस्ता कानूनमा गर्नुपर्ने सुधारका सम्बन्धमा सम्बन्धित निकायलाई सिफारिस गर्ने र सोको अनुगमन गर्ने,
- महिला अधिकारसँग सम्बन्धित नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौतामा भएको व्यवस्था बमोजिम नेपालले पठाउनु पर्ने प्रतिवेदन तयारीका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,
- महिला हिंसा वा सामाजिक कुरीतिबाट पीडित भएको वा महिला अधिकार प्रयोग गर्न नदिएको वा वञ्चित गरेको विषयमा कुनै व्यक्ति वा संस्थाविरुद्ध मुद्दा दायर गर्नुपर्ने आवश्यकता देखिएमा कानून बमोजिम अदालतमा मुद्दा दायर गर्न सम्बन्धित निकाय समक्ष सिफारिस गर्ने ।

राष्ट्रिय महिला आयोग ऐन २०७४ ले आयोगले गर्न सक्ने सिफारिसम्बन्धी विभिन्न व्यवस्थाहरू गरेको छ। ऐनको दफा ३ मा महिला सशक्तीकरणका लागि महिलासँग सम्बन्धित नीतिगत, कानूनी व्यवस्था तथा नेपाल सरकारका कार्यक्रमको समीक्षा, अनुगमन तथा मूल्यांकन गरी त्यस्ता नीति तथा कार्यक्रमको लैंगिक न्यायको दृष्टिकोणबाट प्रभावकारी भए, नभएको विश्लेषण गरी सुधारको लागि नेपाल सरकारलाई सुझाव दिने, संविधान तथा कानूनप्रदत्त महिलाको अधिकारसम्बन्धी व्यवस्थाको कार्यान्वयनको बारेमा अध्ययन तथा अनुसन्धान गरी त्यस्ता व्यवस्थाको प्रभावकारी कार्यान्वयनको लागि नेपाल सरकारलाई सुझाव दिने, महिला विरुद्धको हिंसा वा विभेदको कारणबाट उत्पन्न कुनै समस्या वा विशेष अवस्थाको बारेमा अध्ययन अनुसन्धान गरी त्यस्तो अवस्था उत्पन्न हुन नदिनको लागि अवलम्बन गर्नु पर्ने रणनीतिहरूको बारेमा नेपाल

सरकारलाई सुझाव दिने, महिलालाई आत्मनिर्भर बनाउन तथा सशक्तीकरणको लागि पुँजी, स्रोत, साधन र प्रविधिमा महिलाको पहुँच बढाउन आवश्यक उपायहरू बारे सम्बन्धित निकायलाई सिफारिस गर्ने, महिला विरुद्धको हिंसा वा विभेदको कारण सामाजिक रूपमा बहिष्करण वा जोखिम वा विस्थापित वा पीडित महिलालाई सुरक्षा केन्द्र वा पुनर्स्थापना केन्द्रमा पठाउने व्यवस्थाको लागि सिफारिस गर्ने व्यवस्था रहेको पाइन्छ।

ऐनको दफा ८ बमोजिम आयोगमा प्राप्त उजुरी वा जानकारी उपर सिफारिस गर्दा प्रथम दृष्टिमा नै महिला हिंसा वा सामाजिक कुरीतिबाट पीडित भएको वा महिला अधिकार प्रयोग गर्न नदिएको वा कुनै व्यक्ति वा संस्थाले महिला अधिकारको प्रयोग गर्नबाट वञ्चित गरेको देखिएमा आयोगले त्यस्तो कार्य तत्काल रोक्न सम्बन्धित व्यक्ति, निकाय वा पदाधिकारीलाई आदेश दिन सक्ने अधिकार आयोगमा रहेको छ। यसैगरी ऐनको दफा १३ बमोजिम आयोगले उजुरीमाथि छानबिन गर्दा मुद्दा दायर गर्नु पर्ने देखिएमा त्यस्तो विषयको मुद्दा गर्ने हदम्यादभित्र आयोगले मुद्दा दायर गर्न सम्बन्धित निकाय समक्ष सिफारिस गर्न सक्ने तथा नेपाल सरकार वादी हुने मुद्दाको हकमा महान्यायाधिवक्ता समक्ष सिफारिस गर्नु पर्ने व्यवस्था रहेको पाइन्छ। यसप्रकार मुद्दा चलाउन लेखी आएमा महान्यायाधिवक्ताले सो सम्बन्धमा जाँचबुझ गरी मुद्दा चल्ने वा नचल्ने निर्णय गर्नु पर्ने व्यवस्था रहेको छ।

आयोग ऐनको दफा १५ मा आयोगले संविधान वा यस ऐन बमोजिम गरेको सिफारिस, निर्णय वा आदेशको कार्यान्वयनका लागि सम्बन्धित व्यक्ति, निकाय वा पदाधिकारीलाई लेखी पठाउनु पर्ने तथा आयोगबाट यस प्रकार लेखी आएमा सम्बन्धित व्यक्ति, निकाय वा पदाधिकारीले तत्काल कार्यान्वयन गर्न सकिने विषय भए कार्यान्वयन गरी र समय लाग्ने विषय भए कार्यान्वयन प्रारम्भ गरी त्यसको जानकारी आयोगलाई दिनु पर्ने व्यवस्था उल्लेख गरिएको छ। आयोगबाट लेखी आएको विषय कुनै कारणले कार्यान्वयन गर्न नसकिने भएमा सम्बन्धित पदाधिकारी, व्यक्ति वा निकायले त्यसको कारण खुलाई सात दिनभित्र आयोगलाई जानकारी दिनु पर्ने र यस्तो जानकारी प्राप्त भएमा आयोगले त्यस्तो विषयमा पुनर्विचार गरी निर्णय गर्न र सो बमोजिम कुनै व्यक्ति, निकाय वा पदाधिकारीलाई कुनै विषय कार्यान्वयन गर्न लेखी पठाउन सक्ने व्यवस्थासमेत रहेको पाइन्छ।

यसैगरी ऐनको दफा २५ ले संविधान वा यस ऐन बमोजिम कुनै निकाय वा पदाधिकारीले आयोगले दिएको आदेश, आयोगको निर्णय वा सिफारिस जानीजानी कार्यान्वयन नगरेमा वा आयोगलाई आवश्यक सहयोग उपलब्ध नगराएमा आयोगले त्यस्तो निकाय वा अधिकारीको तालुक निकाय वा अधिकारी समक्ष आवश्यक कारबाहीको लागि लेखी पठाउन सक्ने व्यवस्था गरेको छ।

ऐनको दफा ३ मा आयोगले गरेका सिफारिसको कार्यान्वयनको अवस्थाको अनुगमन गर्ने वा गराउने दायित्व पनि राष्ट्रिय महिला आयोगमा नै रहेको कुरा उल्लेख गरिएको छ। उल्लिखित संवैधानिक तथा कानूनी व्यवस्थाहरूको विश्लेषण गर्दा राष्ट्रिय महिला आयोगलाई महिलाको अधिकारको विषयमा अध्ययन, अनुसन्धान, अनुगमन एवम् छानबिन गरी सिफारिस गर्न सक्ने अधिकार प्रदान गरिएको छ भने आयोगले गरेका सिफारिसहरू बाध्यकारी हुने व्यवस्था रहेको समेत देखिन्छ।

## ३. राष्ट्रिय दलित आयोग

राष्ट्रिय दलित आयोगको स्थापना २०५८ सालमा भएको हो। २०७२ सालमा नेपालको संविधान जारी भएपछि यस आयोगले संवैधानिक हैसियत प्राप्त गरेको छ। संविधानको भाग २७ मा दलित आयोगसम्बन्धी व्यवस्था रहेको छ। यस आयोगमा माननीय अध्यक्ष र तीन जना माननीय सदस्यज्यूहरूको नियुक्ति २०७७ माघ २१ गते भएको र बाँकी एक जना माननीय सदस्यज्यूको नियुक्ति २०७८ साल वैशाखमा भएको छ। संविधानले दलित समुदायको अधिकार संरक्षण तथा प्रवर्द्धन गर्ने सन्दर्भमा यस आयोगले नेपाल सरकार वा सम्बन्धित निकाय समक्ष सिफारिस गर्न सक्ने व्यवस्था गरिएको छ। संविधान बमोजिम यस आयोगलाई प्राप्त सिफारिससम्बन्धी अधिकारहरू निम्न बमोजिम रहेका छन्[१३] :

- दलित समुदायको समग्र स्थितिको अध्ययन तथा अन्वेषण गरी तत्सम्बन्धमा गर्नुपर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषय पहिचान गरी नेपाल सरकारलाई सिफारिस गर्ने,
- जातीय छुवाछूत, उत्पीडन र विभेदको अन्त्य गरी दलित उत्थान र विकासका लागि दलित हितसँग सरोकार राख्ने राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा

१३ नेपालको संविधान २०७२, धारा २५६

गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष पेस गर्ने,

- दलित समुदायको उत्थान तथा हितमा भएका विशेष व्यवस्थालगायत दलित हितसँग सम्बन्धित कानूनको प्रभावकारी रूपमा पालना भए वा नभएको विषयमा अनुगमन गरी पालना वा कार्यान्वयन नभएको भए सोको पालना वा कार्यान्वयनका लागि नेपाल सरकार समक्ष सुझाव दिने,
- दलित समुदायको अधिकारसँग सम्बन्धित नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौतामा भएको व्यवस्था बमोजिम नेपालले पठाउनु पर्ने प्रतिवेदन तयारीका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,
- दलित समुदायलाई राष्ट्रिय विकासको मूलप्रवाहमा समाहित गर्न तथा राज्यका सबै अंगहरूमा समानुपातिक सहभागिता सुनिश्चित गर्न मौजुदा नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन तथा मूल्यांकन गर्ने र सोको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिस गर्ने,
- जातीय भेदभाव तथा छुवाछूत वा सामाजिक कुरीतिबाट पीडित भएको वा दलितको हक प्रयोग गर्न नदिएको कुनै व्यक्ति वा संस्था विरुद्ध मुद्दा दायर गर्नुपर्ने आवश्यकता देखिएमा कानून बमोजिम सम्बन्धित निकाय समक्ष मुद्दा दायर गर्न सिफारिस गर्ने ।

राष्ट्रिय दलित आयोग ऐन २०७४ मा पनि यस आयोगले गर्ने सिफारिससम्बन्धी व्यवस्थाहरू रहेको पाइन्छ। ऐनको दफा ३ मा दलित समुदायको हक, हितको संरक्षण, संवर्द्धन तथा सशक्तीकरणका लागि दलितसँग सम्बन्धित प्रचलित कानूनी व्यवस्थाको अध्ययन, अनुसन्धान गरी त्यस्ता कानूनमा गर्नुपर्ने सुधारका सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गर्ने, दलित समुदायको हकहितको संरक्षण र संवर्द्धन तथा सशक्तीकरणका सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गर्ने, दलित समुदायको सम्बन्धमा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि-सम्झौता कार्यान्वयन भए, नभएको अनुगमन गरी नेपाल सरकारलाई कार्यान्वयनको लागि आवश्यक सिफारिस गर्ने वा सुझाव दिने, दलित समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी थर सूचीकृत गर्न नेपाल सरकारलाई सिफारिस गर्ने व्यवस्था गरिएको छ।

ऐनको दफा १२ मा मुद्दा दायर गर्न सिफारिस गर्ने सम्बन्धी व्यवस्था रहेको छ। जसमा आयोगबाट उजुरीमाथि छानबिन गर्दा मुद्दा दायर गर्नुपर्ने देखिएमा त्यस्तो विषयमा मुद्दा

गर्ने हदम्यादभित्र मुद्दा दायर गर्न सम्बन्धित निकायसमक्ष सिफारिस गर्न सक्ने तथा यसरी मुद्दा चलाउन लेखी आएमा सम्बन्धित निकायले सो विषयमा आवश्यक जाँचबुझ गरी मुद्दा चल्ने वा नचल्ने निर्णय गर्ने व्यवस्था रहेको छ।

ऐनको दफा १५ मा आयोगले गरेका सिफारिस कार्यान्वयनसम्बन्धी व्यवस्थाहरू रहेका छन्। जसमा आयोगले संविधान वा ऐन बमोजिम गरेको सिफारिस वा निर्णयको कार्यान्वयनका लागि सम्बन्धित व्यक्ति निकाय वा पदाधिकारीलाई लेखी पठाउनु पर्ने, यसरी आयोगबाट लेखी आएमा सम्बन्धित व्यक्ति, निकाय वा पदाधिकारीले त्यसको कार्यान्वयन गरी आयोगलाई जानकारी दिनुपर्ने, यदि आयोगबाट लेखी आएको विषय कुनै कारणले कार्यान्वयन गर्न नसकिने भएमा सम्बन्धित पदाधिकारी, व्यक्ति वा निकायले त्यसको कारण खुलाई अविलम्ब आयोगलाई जानकारी दिनुपर्ने तथा यसरी जानकारी प्राप्त भएमा आयोगले त्यस्तो विषयमा पुनः विचार गरी निर्णय गर्न र सो बमोजिम कुनै व्यक्ति, निकाय वा पदाधिकारीलाई कुनै विषय कार्यान्वयन गर्न लेखी पठाउन सक्ने व्यवस्थाहरू रहेका छन्। ऐनको दफा ३ ले आयोगले गरेका सिफारिसको कार्यान्वयनको अवस्थाको अनुगमन गर्ने जिम्मेवारी आयोग स्वयंलाई सुम्पिएको छ। यसैगरी ऐनको दफा २५ ले संविधान वा ऐन बमोजिम कुनै निकाय वा पदाधिकारीले आयोगले दिएको आदेश, आयोगको निर्णय वा सिफारिस जानीजानी कार्यान्वयन नगरेमा वा आयोगलाई आवश्यक सहयोग उपलब्ध नगराएमा आयोगले त्यस्तो निकाय वा अधिकारीको तालुक निकाय वा अधिकारीसमक्ष सो विषय कार्यान्वयन गराउनको लागि लेखी पठाउन सक्ने व्यवस्था गरेको छ।

राष्ट्रिय दलित आयोगलाई दलित समुदायको अधिकार संरक्षण तथा प्रवर्द्धनका विषयहरूमा अध्ययन, अनुसन्धान एवम् छानबिन गरी नेपाल सरकार वा सम्बन्धित निकाय समक्ष सिफारिस गर्न सक्ने व्यवस्था संविधान तथा ऐनले गरेको छ। तसर्थ संविधान तथा कानुन बमोजिम आयोगले गरेका सिफारिसहरूको कार्यान्वयन गर्ने दायित्वसमेत नेपाल सरकार तथा सम्बन्धित निकायको हुने देखिन्छ।

## ४. राष्ट्रिय समावेशी आयोग

नेपालको संविधान जारी भएपछि राष्ट्रिय समावेशी आयोगको स्थापना भएको हो। यस आयोगलाई संविधानको भाग २७ मा अन्य आयोग अन्तर्गत राखिएको छ। यस आयोगमा एक जना माननीय अध्यक्षज्यू नियुक्त हुनु भएकोमा उहाँले राजीनामा दिएर

जानु भएपछि एकजना सदस्यज्यूले कार्यवाहक अध्यक्षको जिम्मेवारीमा कार्य गरिरहनु भएकोमा २०७७ माघ २१ गते दुई जना माननीय सदस्यज्यूहरूको नियुक्ति भएको तर कोभिड-१९ का कारण एकजना सदस्यको मृत्यु भएको र अध्यक्षसहित बाँकी दुई जना पदाधिकारीहरूको २०७८ साल वैशाखमा नियुक्ति भएको छ। मुलुकमा समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्नको निमित्त संविधान तथा कानूनले यस आयोगले नेपाल सरकारलाई सिफारिस गर्न सक्ने व्यवस्था रहेको छ। संविधान बमोजिम यस आयोगका सिफारिससम्बन्धी निम्न व्यवस्थाहरू रहेका छन्:[१४]

- खस आर्य, पिछडा वर्ग, अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरिक, श्रमिक, किसान, अल्पसंख्यक एवम् सीमान्तिकृत समुदाय तथा पिछडिएको वर्ग र कर्णाली तथा आर्थिकरूपले विपन्न वर्ग लगायतका समुदाय, वर्ग र क्षेत्रको समावेशीकरणका लागि नेपाल सरकारले अवलम्बन गरेका नीति तथा कानूनको कार्यान्वयनको अवस्थाको अध्ययन गरी सुधारका लागि नेपाल सरकारलाई सुझाव दिने,
- त्यस्ता समुदाय, वर्ग र क्षेत्रको राज्य संयन्त्रमा उचित प्रतिनिधित्व भए नभएको अध्ययन गरी त्यस्तो समुदाय, वर्ग र क्षेत्रको प्रतिनिधित्वका लागि गरिएको विशेष व्यवस्थाको पुनरावलोकन गर्न नेपाल सरकारलाई सुझाव दिने,
- त्यस्ता समुदाय, वर्ग र क्षेत्रको संरक्षण, सशक्तीकरण र विकास सन्तोषजनक भए नभएको अध्ययन गरी भविष्यमा अवलम्बन गर्नु पर्ने नीतिको सम्बन्धमा नेपाल सरकार समक्ष सिफारिस गर्ने,
- कर्णाली र पिछडिएको क्षेत्रको विकास र समृद्धिका लागि अवलम्बन गर्नु पर्ने नीति र कार्यक्रमको सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,
- अल्पसंख्यक तथा सीमान्तिकृत समुदायसम्बन्धी कानूनमा समयानुकूल परिमार्जनका लागि सिफारिस गर्ने,
- अल्पसंख्यक तथा सीमान्तिकृत समुदायका लागि प्रत्याभूत हक अधिकारको कार्यान्वयनको स्थिति अनुगमन गरी आवधिक रूपमा हुने राष्ट्रिय जनगणना तथा मानव विकास सूचकांकसम्बन्धी प्रतिवेदनको आधारमा आवश्यक पुनरावलोकन गरी परिमार्जनका लागि सिफारिस गर्ने।

१४ नेपालको संविधान २०७२, धारा २५९

यसैगरी राष्ट्रिय समावेशी आयोग ऐन, २०७४ ले पनि आयोगलाई सिफारिससम्बन्धी अधिकार प्रदान गरेको छ। ऐनको दफा ३ बमोजिम खस आर्य, पिछडा वर्ग, अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरिक, श्रमिक, किसान, अल्पसंख्यक एवम् सीमान्तीकृत समुदाय तथा पिछडिएको वर्ग र कर्णालीमा बसोबास गर्ने तथा आर्थिक रूपले विपन्न वर्गलगायतका समुदाय, वर्ग र क्षेत्रभित्र आर्थिक वा सामाजिक रूपमा पछाडि परेका व्यक्तिको विकास र सशक्तीकरणको लागि विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न नेपाल सरकारलाई सिफारिस गर्ने, उल्लिखित समुदाय, वर्ग र क्षेत्रको भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको अध्ययन अनुसन्धान गरी त्यस्तो भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको संरक्षण र विकासको लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने, उल्लिखित समुदाय, वर्ग र क्षेत्रमा विद्यमान सबै प्रकारको शोषणको अन्त्य गर्न कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने, उल्लिखित वर्ग, क्षेत्र र समुदायको सम्बन्धमा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौता कार्यान्वयन भए नभएको अनुगमन गरी नेपाल सरकारलाई कार्यान्वयनको लागि आवश्यक सिफारिस गर्ने वा सुझाव दिने, उल्लिखित वर्ग, क्षेत्र र समुदायको अधिकार उल्लंघन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी संकलन गरी सो उपर छानबिन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने समेतका अधिकारहरू आयोगमा निहित रहेको पाइन्छ। त्यसैगरी आयोगले गरेका सिफारिस वा दिएका सुझाव कार्यान्वयनको सम्बन्धमा अनुगमन गर्ने वा गराउने दायित्वसमेत आयोग स्वयंमा रहेको छ।

राष्ट्रिय समावेशी आयोगलाई संविधान तथा कानूनले खस आर्य, पिछडा वर्ग, अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरिक, श्रमिक, किसान, अल्पसंख्यक एवम् सीमान्तीकृत समुदाय तथा पिछडिएको वर्ग र कर्णाली तथा आर्थिक रूपले विपन्न वर्गलगायतका समुदाय, वर्ग र क्षेत्रको समावेशीकरणका लागि अध्ययन, अनुसन्धान तथा अनुगमन गरी नेपाल सरकार तथा सम्बन्धित निकायहरूलाई सिफारिस गर्ने तथा सुझाव दिन सक्ने व्यवस्था गरेको छ।

## ५. आदिवासी जनजाति आयोग

आदिवासी जनजाति आयोगसम्बन्धी व्यवस्था नेपालको संविधानको भाग २७ मा अन्य आयोगहरू अन्तर्गत रहेको छ। आदिवासी जनजाति आयोग ऐन २०७४ समेत

पारित भइसकेको छ भने २०७७ माघ १ गते एकजना अध्यक्षसहित तीन जना माननीय सदस्यज्यूहरूको नियुक्ति भएको र २०७८ साल वैशाखमा थप एक जना पदाधिकारीको नियुक्ति भएको छ। आदिवासी जनजाति आयोग ऐन २०७४ बमोजिम यस आयोगले गर्न सक्ने सिफारिससम्बन्धी व्यवस्थाहरू निम्न बमोजिम रहेका छन्[१५]:

- आदिवासी जनजाति समुदायको समग्र स्थितिको अध्ययन गरी तत्सम्बन्धमा गर्नु पर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा नेपाल सरकार समक्ष सिफारिस गर्ने,
- आदिवासी जनजाति समुदायको हकहितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणका लागि राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने,
- आदिवासी जनजाति समुदायको हकहितको संरक्षण र संवर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणका सम्बन्धमा भएका व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन भए नभएको विषयमा अध्ययन अनुसन्धान गरी प्रभावकारी कार्यान्वयन गर्न चाल्नुपर्ने कदमका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,
- आदिवासी जनजाति समुदायको हकहितको संरक्षण र संवर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणका सम्बन्धमा भइरहेका कानूनी, नीतिगत तथा संस्थागत व्यवस्थामा गर्नुपर्ने सुधारका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,
- आदिवासी जनजाति समुदायभित्र आर्थिक वा सामाजिक रूपमा पछाडि परेका व्यक्तिको विकास र सशक्तीकरणको लागि विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने,
- आदिवासी जनजाति समुदायभित्रका विभिन्न भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको अध्ययन अनुसन्धान गरी त्यस्तो भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको संरक्षण र विकासको लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने,
- आदिवासी जनजाति समुदायमा विद्यमान कुरीति, अन्धविश्वास तथा

१५ आदिवासी जनजाति आयोग ऐन २०७४, दफा ७

सबै प्रकारको शोषणको अन्त्य गर्न र आदिवासी जनजाति समुदायको सशक्तीकरणको लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने,

- आदिवासी जनजाति समुदायको सम्बन्धमा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौता कार्यान्वयन भए नभएको अनुगमन गरी नेपाल सरकारलाई कार्यान्वयनको लागि आवश्यक सिफारिस गर्ने वा सुझाव दिने,
- आदिवासी जनजाति समुदायको अधिकार उल्लंघन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी संकलन गरी सो उपर सिफारिस तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने,
- आदिवासी जनजाति समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी थर सूचीकृत गर्न नेपाल सरकारलाई सिफारिस गर्ने,
- आदिवासी जनजाति समुदायको भौतिक, अभौतिक संस्कृति संरक्षण र संवर्द्धनका लागि जीवित संग्रहालय स्थापना र परिचालनका लागि नीति तथा कार्यक्रम तर्जुमा गर्ने र कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिस गर्ने,
- आदिवासी जनजातिको उद्‍गमस्थलको खोज अनुसन्धान गरी त्यस्ता पुरातात्विक र ऐतिहासिक संरचना, वस्तु र स्थलहरूको संरक्षण र सम्बर्द्धन गर्न नेपाल सरकारलाई सिफारिस गर्ने,

आदिवासी जनजाति आयोग ऐन २०७४ ले आयोगलाई आदिवासी जानजाति समुदायको अधिकारको संरक्षण तथा संवर्द्धनको विषयमा अध्ययन एवम् अनुसन्धान गरी नेपाल सरकार तथा सम्बन्धित निकाय समक्ष सिफारिस गर्ने तथा सुझाव दिने अधिकार प्रदान गरेको छ। आयोगले गरेका सिफारिस वा दिएका सुझाव कार्यान्वयनको सम्बन्धमा अनुगमन गर्ने वा गराउने जिम्मेवारीसमेत आयोगमाथि नै रहेको पाइन्छ।

## ६. मधेसी आयोग

मधेसी आयोगसम्बन्धी व्यवस्था नेपालको संविधानको भाग २७ मा अन्य आयोगअन्तर्गत रहेको छ। हालसम्म आयोगका अध्यक्षको यसअघि नै र २०७७ माघ

१ गते थप तीन जना माननीय सदस्यज्यूहरूको नियुक्ति भएको छ भने २०७८ वैशाखमा एक जना पदाधिकारीको नियुक्ति भएको छ। मधेसी आयोग ऐन २०७४ ले आयोगले गर्ने सिफारिससम्बन्धी निम्न व्यवस्थाहरू गरेको छ।

- मधेसी समुदायको समग्र स्थितिको अध्ययन गरी तत्सम्बन्धमा गर्नु पर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा नेपाल सरकार समक्ष सिफारिस गर्ने,
- मधेसी समुदायको हकहितको संरक्षण र संवर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणका लागि राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने,
- मधेसी समुदायको हकहितको संरक्षण र संवर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको सम्बन्धमा भएका व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन भए, नभएको विषयमा अध्ययन अनुसन्धान गरी प्रभावकारी कार्यान्वयन गर्न चाल्नुपर्ने कदमका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,
- मधेसी समुदायको हकहितको संरक्षण र संवर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको सम्बन्धमा भइरहेका कानूनी, नीतिगत तथा संस्थागत व्यवस्थामा गर्नु पर्ने सुधारका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,
- मधेसी समुदायभित्र आर्थिक वा सामाजिक रूपमा पछाडि परेका व्यक्तिको विकास र सशक्तीकरणका लागि विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने,
- मधेसी समुदायभित्रका विभिन्न भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको अध्ययन अनुसन्धान गरी त्यस्तो भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको संरक्षण र विकासको लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने,
- मधेसी समुदायमा विद्यमान कुरीति, अन्धविश्वास तथा सबै प्रकारको शोषणको अन्त्य गर्न र मधेसी समुदायको सशक्तीकरणको लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने,
- मधेसी समुदायको सम्बन्धमा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौता कार्यान्वयन भए, नभएको अनुगमन गरी नेपाल सरकारलाई कार्यान्वयनको लागि आवश्यक सिफारिस गर्ने वा सुझाव दिने,

- मधेसी समुदायको अधिकार उल्लंघन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी संकलन गरी सो उपर छानबिन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने,
- मधेसी समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी थर सूचीकृत गर्न नेपाल सरकारलाई सिफारिस गर्ने ।

यसप्रकार मधेसी आयोग ऐन २०७४ बमोजिम आयोगलाई नेपाल सरकार तथा सम्बन्धित निकायहरू समक्ष सिफारिस गर्न तथा सुझाव दिन सक्ने अधिकार प्रदान गरिएको छ। आयोगले गरेका सिफारिस वा दिएका सुझाव कार्यान्वयनको सम्बन्धमा अनुगमन गर्ने वा गराउने दायित्वसमेत आयोगमा नै रहेको छ।

## ७. थारू आयोग

नेपालको संविधान जारी भएपछि २०७५ कात्तिक २५ मा राष्ट्रिय थारू आयोगको स्थापना भएको हो। यस आयोगलाई संविधानको भाग २७ मा अन्य आयोगअन्तर्गत राखिएको छ। थारू आयोग ऐन २०७४ को दफा ७ मा यस आयोगले गर्न सक्ने सिफारिससम्बन्धी निम्न व्यवस्थाहरू राखिएको छ।

- थारू समुदायको समग्र स्थितिको अध्ययन गरी तत्सम्बन्धमा गर्नुपर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा नेपाल सरकार समक्ष सिफारिस गर्ने,
- थारू समुदायको हकहितको संरक्षण र संवर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणका लागि राष्ट्रिय नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने,
- थारू समुदायको हकहितको संरक्षण र संवर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणका सम्बन्धमा भएका व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन भए नभएको विषयमा अध्ययन अनुसन्धान गरी प्रभावकारी कार्यान्वयन गर्न चाल्नुपर्ने कदमका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,
- थारू समुदायको हकहितको संरक्षण र संवर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणका सम्बन्धमा भइरहेका कानून, नीतिगत तथा संस्थागत व्यवस्थामा गर्नु पर्ने सुधारका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,
- थारू समुदायभित्र आर्थिक वा सामाजिक रूपमा पछाडि परेका व्यक्तिको

विकास र सशक्तीकरणको लागि विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने,

- थारू समुदायको भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको अध्ययन अनुसन्धान गरी त्यस्तो भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको संरक्षण र विकासको लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने,
- थारू समुदायमा विद्यमान कुरीति, अन्धविश्वास तथा सबै प्रकारको शोषणको अन्त्य गरी थारू समुदायको सशक्तीकरणको लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने,
- थारू समुदायको सम्बन्धमा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौता कार्यान्वयन भए, नभएको अनुगमन गरी नेपाल सरकारलाई कार्यान्वयनको लागि आवश्यक सिफारिस गर्ने वा सुझाव दिने,
- थारू समुदायको अधिकार उल्लंघन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी संकलन गरी सो उपर छानबिन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने,
- थारू समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी थर सूचीकृत गर्न नेपाल सरकारलाई सिफारिस गर्ने,
- थारू समुदायको भौतिक, अभौतिक संस्कृति संरक्षण र संवर्द्धनका लागि जीवित संग्रहालय स्थापना र परिचालनका लागि नीति तथा कार्यक्रम तर्जुमा गर्ने र कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिस गर्ने,
- थारू समुदायको उदगम् स्थलको खोज अनुसन्धान गरी त्यस्ता पुरातात्विक र ऐतिहासिक संरचना, वस्तु र स्थलहरूको संरक्षण र संवर्द्धन गर्न नेपाल सरकारलाई सिफारिस गर्ने,

यसरी थारू समुदायको अधिकार संरक्षण तथा प्रवर्द्धनका विषयहरूमा अध्ययन, अनुसन्धान एवम् कार्यक्रम छानबिन गरी नेपाल सरकार वा सम्बन्धित निकायमा सिफारिस गर्ने तथा सुझाव दिने काम, कर्तव्य र अधिकार थारू आयोगलाई प्रदान गरिएको छ। आयोगले गरेका सिफारिस वा दिएका सुझाव कार्यान्वयनको सम्बन्धमा अनुगमन गर्ने वा गराउने दायित्वसमेत आयोग आफैंमा रहने व्यवस्था थारू आयोग

ऐनले गरेको पाइन्छ ।

## ८. मुस्लिम आयोग

मुस्लिम आयोगको स्थापना नेपालको नयाँ संविधान जारी भएपछि भएको हो । यस आयोगलाई संविधानको भाग २७ मा अन्य आयोग अन्तर्गत राखिएको छ । मुस्लिम आयोग ऐन २०७४ को परिच्छेद ३ मा यस आयोगले गर्ने सिफारिससम्बन्धी निम्न व्यवस्थाहरू रहेका छन्ः[१६]

- मुस्लिम समुदायको समग्र स्थितिको अध्ययन गरी तत्सम्बन्धमा गर्नुपर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा नेपाल सरकारसमक्ष सिफारिस गर्ने,
- मुस्लिम समुदायको हकहितको संरक्षण र संवर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणका लागि राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकारसमक्ष सिफारिस गर्ने,
- मुस्लिम समुदायको हकहितको संरक्षण र संवर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणका सम्बन्धमा भएका व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन भए, नभएको विषयमा अध्ययन अनुसन्धान गरी प्रभावकारी कार्यान्वयन गर्न चाल्नु पर्ने कदमका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,
- मुस्लिम समुदायको हकहितको संरक्षण र संवर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणका सम्बन्धमा भइरहेका नीतिगत, कानूनी तथा संस्थागत व्यवस्थामा गर्नुपर्ने सुधारका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,
- मुस्लिम समुदायभित्र आर्थिक वा सामाजिक रूपमा पछाडि परेका व्यक्तिको विकास र सशक्तीकरणका लागि विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न नेपाल सरकारसमक्ष सिफारिस गर्ने,
- मुस्लिम समुदायको भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको अध्ययन अनुसन्धान गरी त्यस्तो भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको संरक्षण र विकासको लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने,

१६ मुस्लिम आयोग ऐन २०७४, दफा ७

- मुस्लिम समुदायको हकहितको संरक्षण र संवर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको लागि चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,
- सबै प्रकारको शोषणको अन्त्य गर्न र मुस्लिम समुदायको सशक्तीकरणको लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने,
- मुस्लिम समुदायको सम्बन्धमा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौता कार्यान्वयन भए, नभएको अनुगमन गरी नेपाल सरकारलाई कार्यान्वयनको लागि आवश्यक सिफारिस गर्ने वा सुझाव दिने,
- मुस्लिम समुदायको अधिकार उल्लंघन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी संकलन गरी सो उपर छानबिन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने,
- मुस्लिम समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी थर सूचीकृत गर्न नेपाल सरकारलाई सिफारिस गर्ने,
- मुस्लिम समुदायको भौतिक, अभौतिक संस्कृतिको संरक्षण र संवर्द्धनका लागि जीवित संग्रहालय स्थापना तथा उद्गमस्थलको खोज अनुसन्धान गरी त्यस्ता पुरातात्विक र ऐतिहासिक संरचना, वस्तु र स्थलहरूको संरक्षण र संवर्द्धनका लागि नीति तथा कार्यक्रम तर्जुमा गर्ने र कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिस गर्ने,
- मुस्लिम समुदायको पिछडिएको अवस्था र हालको शैक्षिक, राजनैतिक, सामाजिक तथा आर्थिक दुरवस्थाको अध्ययन अनुसन्धान गरी समुदायको विकासका लागि नेपाल सरकारलाई सुझाव दिने,
- मुस्लिम आयोगलाई पनि मुस्लिम धार्मिक समुदायको अधिकार संरक्षण तथा प्रवर्द्धनको लागि अध्ययन अनुगमन एवम् छानबिन गरी नेपाल सरकार तथा सम्बन्धित निकाय समक्ष सिफारिस गर्ने अधिकार तथा दायित्व प्रदान गरिएको छ। आयोगले गरेका सिफारिस वा दिएका सुझाव कार्यान्वयनको सम्बन्धमा अनुगमन गर्ने वा गराउने अधिकारसमेत आयोगलाई नै प्रदान गरिएको पाइन्छ।

संवैधानिक आयोगको रूपमा स्थापित माथि उल्लिखित आठवटै मानव अधिकार सम्बन्धी आयोगहरूलाई मानव अधिकारका विविध विषयहरूमा अध्ययन, अनुसन्धान,

अनुगमन एवम् छानबिन गरी नेपाल सरकारलाई सिफारिस गर्न सक्ने अधिकार संविधान तथा कानूनले प्रदान गरेको पाइन्छ। उल्लिखित आयोगहरूमध्ये राष्ट्रिय मानव अधिकार आयोगलाई मानव अधिकारका समग्र विषयहरूमा कार्य गर्न सक्ने गरी विस्तृत अधिकारहरू प्रदान गरिएको पाइन्छ भने अन्य आयोगहरूलाई विषयगत मानव अधिकारका विषयमा कार्य गर्ने गरी जिम्मेवारी प्रदान गरिएको पाइन्छ। यस्ता आयोगहरूले पीडितहरूको तर्फबाट उजुरी ग्रहण गरी अनुसन्धान एवम् छानबिनबाट प्राप्त तथ्यहरूको आधारमा सिफारिस गर्न सक्ने एवम् मानव अधिकारसम्बन्धी कानून तथा नीतिहरूको पुनरावलोकन गरी मानव अधिकारमैत्री कानून तथा नीतिहरू तर्जुमा गर्न वा परिमार्जन गर्न सिफारिस गर्न सक्ने, मानव अधिकारसम्बन्धी कुनै अन्तर्राष्ट्रिय कानूनको पक्ष राष्ट्र बन्न सिफारिस गर्न सक्ने, मानव अधिकारको कुनै विषयमा अध्ययन एवम् अनुसन्धान वा अनुगमन गरी सिफारिस गर्न सक्ने जस्ता उजुरीगत एवम् नीतिगत सिफारिसहरू गर्न सक्ने व्यवस्थाहरू रहेको पाइन्छ।

संवैधानिक तथा कानूनी व्यवस्थाको विश्लेषण गर्दा आयोगहरूले गरेका सिफारिस तथा सुझावहरूको कार्यान्वयन गर्ने दायित्व नेपाल सरकार तथा सम्बन्धित निकायहरूको हो। यस सम्बन्धमा सर्वोच्च अदालतले राष्ट्रिय मानव अधिकार आयोगका सिफारिसहरू कार्यान्वयन गर्ने दायित्व नेपाल सरकारको भएको र कुनै पनि बहानामा यस्ता सिफारिसहरू कार्यान्वयन गर्न सक्दिन भनेर उम्कन नमिल्ने भनी आयोगका सिफारिसहरू बाध्यात्मक प्रकृतिका हुने व्याख्यासमेत गरिसकेको सन्दर्भमा उल्लिखित आठ वटै आयोगले गर्ने सिफारिसहरूको कार्यान्वयन गर्नु नेपाल सरकार तथा सम्बन्धित निकाहरूको दायित्व हुने कुरा स्पष्ट हुन आउँदछ।

## परिच्छेद ३

# राष्ट्रिय मानव अधिकार आयोगका सिफारिस कार्यान्वयन अवस्था

राष्ट्रिय मानव अधिकार आयोग पेरिस सिद्धान्त बमोजिम गठन भएको राष्ट्रिय मानव अधिकार राष्ट्रिय संस्था हो। आयोगले मानव अधिकार संस्थाहरूको विश्वव्यापी सञ्जाल (Gloal alliance of National Human Right Institutions) बाट 'क' श्रेणीको मानव अधिकार राष्ट्रिय संस्थाको मान्यता प्राप्त गर्दै आएको छ। कार्यादेशको आधारमा नेपालका राष्ट्रिय मानव अधिकारसम्बन्धी आयोगहरूमध्ये यस आयोगको क्षेत्राधिकार बृहत् र सबल देखिन्छ। संविधान तथा ऐनले आयोगलाई मानव अधिकारसँग सम्बन्धित सबै विषयहरूमा अध्ययन, अनुगमन अनुसन्धान एवम् छानबिन गरी नेपाल सरकार वा सम्बन्धित निकाय समक्ष सिफारिस गर्न सक्ने अधिकार प्रदान गरेको मात्र छैन, आयोगले गरेका सिफारिसहरूको कार्यान्वयन सुनिश्चित गर्न आयोगका सिफारिस वा निर्देशन पालना वा कार्यान्वयन नगर्ने पदाधिकारी व्यक्ति वा निकायको नाम सार्वजनिक गरी मानव अधिकार उल्लंघनकर्ताको रूपमा अभिलेख गर्ने संवैधानिक र कानूनी कार्यादेशसमेत रहेको छ।[१७]

आयोगलाई संविधान र ऐनले प्रदान गरेको कार्यादेश बमोजिम विभिन्न दस किसिमका सिफारिस गर्न सक्ने देखिन्छ।[१८] नेपालको संविधान र राष्ट्रिय मानव अधिकार आयोग ऐनअनुसार आयोगलाई आवश्यक कारवाही गर्न, दोषी उपर कारवाही गर्न, कानून बमोजिम अदालतमा मुद्दा दायर गर्न, विभागीय कारवाही गर्न, मानव अधिकार उल्लंघनकर्ताको रूपमा अभिलेखित गर्ने, उल्लंघनकर्ताको रूपमा नाम सार्वजनिक गर्ने, ध्यानाकर्षण गराउने, अन्तरिम राहत तथा उद्धारसम्बन्धी, पीडितलाई कानून बमोजिमको क्षतिपूर्ति दिन आदेश दिने, निर्देशन दिने र सुझाव दिन सक्नेसमेतका सिफारिस गर्न सक्ने कार्यादेश भएको पाइन्छ। यस परिच्छेदमा राष्ट्रिय मानव अधिकार आयोगले गरेका सिफारिस र त्यसको कार्यान्वयन अवस्थाको बारेमा तथ्य संकलन गरी त्यसको

१७ नेपालको संविधानको धारा २४९(२) को खण्ड (ज) र राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ७

१८ यस्तो सिफारिस गर्ने सम्बन्धी व्यवस्था नेपालको संविधानको धारा २४९(२) को खण्ड (क), (ख), (ग), (ङ), (ज) र राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ४(१) को खण्ड (क), (ग), (ग), दफा ९(१) समेतमा गरिएको देखिन्छ।

समीक्षा गरिएको छ ।

## १. राष्ट्रिय मानव अधिकार आयोगमा दर्ता भएका उजुरीहरूमाथि भएका सिफारिस र तिनको कार्यान्वयन

आयोगलाई मानव अधिकार उल्लंघनका विषयमा उजुरी ग्रहण गर्ने र त्यसमाथि अनुसन्धान एवम् छानबिन गरी मानव अधिकार उल्लंघन भएको ठहर भएमा पीडितको मानव अधिकार संरक्षणको लागि नेपाल सरकारलाई सिफारिस गर्ने महत्वपूर्ण कार्यादेश प्राप्त छ । मानव अधिकार हननको जुनसुकै विषयमा जोसुकैले पनि आयोगमा उजुरी गर्न पाउने तथा आयोग आफैंले स्वविवेकमा उजुरी ग्रहण गरी कारवाही अगाडि बढाउन सक्ने संवैधानिक तथा कानूनी व्यवस्था रहेको छ। आयोगमा दर्ता भएका उजुरीहरूमध्येबाट अनुसन्धान पूरा भई आयोगको स्थापनाकाल (वि.सं.२०५७) देखि २०७७ असार मसान्तसम्म भएका सिफारिस र त्यसको कार्यान्वयनको संख्या तालिका नं. १ मा उल्लेख गरिएको छ । यसमा आयोगले गरेका सिफारिसहरूको सम्पूर्ण रूपमा कार्यान्वयन भएकोलाई पूर्ण कार्यान्वयन, सिफारिसमध्ये कुनै पक्ष कार्यान्वयनमा आएको तर कुनै पक्षको कार्यान्वयन नभएकोलाई आंशिक कार्यान्वयन र कुनै पनि पक्षको कार्यान्वयन नभएकोलाई कार्यान्वयन नभएको भनी व्याख्या गरिएको छ ।

**तालिका नं. १ : आयोगका सिफारिस र कार्यान्वयन अवस्था**

| कार्यान्वयनको अवस्था | संख्या | प्रतिशत |
|---|---|---|
| पूर्ण कार्यान्वयन | १६३ | १३.६४ |
| आंशिक कार्यान्वयन | ४४५ | ३७.२३ |
| कार्यान्वयन नभएको | ५८७ | ४९.१३ |
| **जम्मा** | **११९५** | **१००** |

*स्रोत : राष्ट्रिय मानव अधिकार आयोग*[१९]

माथि उल्लिखित तालिकाबाट आयोगले दर्ता भएका उजुरीहरूमध्येबाट हालसम्म १,१९५ वटा सिफारिस गरेकोमा तीमध्ये १३.४६ प्रतिशत सिफारिसहरू मात्र पूर्ण

१९ आयोगका २० वर्ष, आयोगका सिफारिसहरू र कार्यान्वयन अवस्था, राष्ट्रिय मानव अधिकार आयोग, २०७७ असोज पृष्ठ ३२

कार्यान्वयन भएको देखिन्छ भने ३७.२३ प्रतिशत सिफारिसहरू आंशिक रूपमा कार्यान्वयन भएको देखिन्छ। आयोगका सिफारिसहरूमध्ये ४९.१३ प्रतिशत सिफारिस कार्यान्वयन नै नभएको देखिन्छ। नेपालको संविधान जारी भएपछि आयोगले जम्मा ४४९ वटा सिफारिस गरेकोमा त्यसमा पनि २० (४.४५%) वटा पूर्ण, ८८ (१९.५९%) वटा आंशिक र ३४१ (७५.९५%) वटा सिफारिस कार्यान्वयन नभएको पाइएको छ।[२०]

आयोगका प्रतिवेदनहरूको अध्ययनबाट आयोगमा दर्ता भएका उजुरीहरूमाथि अनुसन्धान तथा छानबिन गरी मानव अधिकार उल्लंघन भएको ठहर भएका घटनाहरूमा पीडितलाई क्षतिपूर्ति दिन, पीडकलाई विभागीय वा कानुनी कारवाही गर्न तथा कतिपय घटनामा परिपूरणको व्यवस्था मिलाउन सिफारिस गर्ने गरेको देखिन्छ। कतिपय अवस्थामा नीतिगत सिफारिसहरू पनि गरेको पाइन्छ।

आयोगले गरेका सिफारिसमध्ये स्थापनाकालदेखि २०७७ असार मसान्तसम्म भएका सिफारिसमध्ये ८६८ वटा सिफारिसहरूबाट २६ करोड १ लाख २ हजार ४ सय ९७ रुपैयाँ बराबरको क्षतिपूर्ति तथा राहत रकम पीडितहरूलाई उपलब्ध गराउन नेपाल सरकार समक्ष सिफारिस गरेको पाइएको छ। मानव अधिकार उल्लंघनकर्तालाई सचेत एवम् विभागीय कारवाही गर्न ४७ वटा, फौजदारी अभियोजनदेखि कानुन बमोजिम कारवाही गर्न ७८८ वटा[२१] र ११५ वटा उजुरीमा नीतिगत व्यवस्था मिलाउन[२२] नेपाल सरकारलाई लेखी पठाएको देखिन्छ। जसमध्ये क्षतिपूर्ति तथा राहतसम्बन्धी कार्यान्वयन अवस्थाको सूचक सकारात्मक भएको उल्लेख छ।[२३] तर मानव अधिकार उल्लंघनकर्तालाई कारवाहीसम्बन्धी सिफारिस कार्यान्वयन अवस्थाको सूचक न्यायसम्बन्धी वास्तविक दृष्टिकोणबाट सन्तोषजनक देखिँदैन।

आयोगका सिफारिस कार्यान्वयनसम्बन्धी नेपाल सरकारले उपलब्ध गराएको तथ्यांक भने फरक पाइएको छ। नेपाल सरकारले आयोगले गरेका सिफारिसहरूमध्ये ३२.०९% पूर्ण कार्यान्वयन भएको तर आयोगबाट लगत कट्टा हुन बाँकी रहेका, ६०.४४% सिफारिसहरू आंशिक रूपमा कार्यान्वयन भएको र ७.४७% प्रतिशत सिफारिस

२० आयोगका २० वर्ष, आयोगका सिफारिसहरू र कार्यान्वयन अवस्था, राष्ट्रिय मानव अधिकार आयोग, २०७७असोज

२१ आयोगका २० वर्ष, आयोगका सिफारिसहरू र कार्यान्वयन अवस्था, राष्ट्रिय मानव अधिकार आयोग, २०७७ असोज पृष्ठ १० र ११ मा रहेको तालिका नं. ४

२२ ऐ.ऐ. पृष्ठ १८

२३ ऐ.ऐ. पृष्ठ १७ र ३०

कार्यान्वयनको क्रममा रहेको उल्लेख गरेको छ।[२४] तर आयोगले सरकारी तथ्यांकलाई तथ्यसहित अस्वीकार गरेको पाइएको छ।[२५] यसबाट नेपाल सरकारले आयोगका सिफारिस कार्यान्वयन गर्नुको सट्टा तथ्यलाई तोडमोड गर्ने प्रयास गरेको देखिन्छ।

## २. मानव अधिकार उल्लंघनका विषयहरू

आयोगले मानव अधिकार उल्लंघनका विषयहरूमा सिफारिस गर्ने सन्दर्भमा मानव अधिकार उल्लंघन भएका विभिन्न २८ वटा विषयहरूमा सिफारिस गरेको देखिन्छ।[२६] जसमा व्यक्तिगत र नीतिगत गरी दुवै प्रकारका सिफारिसहरू गरिएको पाइन्छ। यसलाई तालिका नं. २ मा उल्लेख गरिएको छ।

**तालिका नं. २ : मानव अधिकार हनन्का विषयहरू**

| क्र.सं. | सिफारिसको विषय | सिफारिस संख्या | |
|---|---|---|---|
| | | व्यक्तिगत | नीतिगत |
| १. | हत्या/मृत्यु | ६६० | ३ |
| २. | बलपूर्वक बेपत्ता | १२१ | ० |
| ३. | यातना | ८७ | २ |
| ४. | कुटपिट/घाइते/धम्की | ८२ | ० |
| ५. | सम्पत्तिको अधिकार | ४७ | १ |
| ६. | आन्तरिक विस्थापित | ४४ | २ |
| ७. | अपहरण | २६ | ० |
| ८. | न्याय प्रशासन | २५ | ४ |
| ९. | महिलाको अधिकार | २० | २ |
| १०. | अपांगताको अधिकार | १५ | २ |
| ११. | बालबालिकाको अधिकार | १४ | १० |

२४ राष्ट्रिय मानव अधिकार आयोगबाट नेपाल सरकार समक्ष गरिएका सिफारिसहरूको कार्यान्वयन स्थिति, नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं, २०७१ पृष्ठ १३।

२५ आयोगका २० वर्ष, आयोगका सिफारिसहरू र कार्यान्वयन अवस्था, राष्ट्रिय मानव अधिकार आयोग, २०७७ असोज पृष्ठ ३१

२६ आयोगका २० वर्ष, आयोगका सिफारिसहरू र कार्यान्वयन अवस्था, राष्ट्रिय मानव अधिकार आयोग, २०७७ असोज पृष्ठ ७

| क्र.सं. | सिफारिसको विषय | सिफारिस संख्या | |
|---|---|---|---|
| | | व्यक्तिगत | नीतिगत |
| १२ | स्वेच्छाचारी पक्राउ/गैर कानूनी थुना | १३ | ० |
| १३ | बन्दीका अधिकार/कारागार | ६ | १३ |
| १४ | स्वास्थ्यको अधिकार | ९ | ४ |
| १५ | जातीय/अन्य विभेद विरुद्धको अधिकार | ७ | ९ |
| १६ | श्रम तथा रोजगारको अधिकार | ५ | ० |
| १७ | शिक्षाको अधिकार | ४ | ४ |
| १८ | उपभोक्ता/खाद्यान्नको अधिकार | ३ | २ |
| १९ | आवासको अधिकार | ३ | २ |
| २० | स्वच्छ वातावरण/विकासको अधिकार | २ | ३ |
| २१ | सूचनाको अधिकार | १ | ० |
| २२ | शरणार्थीको अधिकार | १ | १ |
| २३ | शान्ति सुरक्षा/बलको प्रयोग नगर्न | ० | ७ |
| २४ | मानव अधिकार रक्षक | ० | ४ |
| २५ | विस्फोटक पदार्थको व्यवस्थापन | ० | ३ |
| २६ | ज्येष्ठ नागरिक | ० | १ |
| २७ | कमलहरीको अधिकार | ० | १ |
| २८ | नागरिकताको अधिकार | ० | १ |
| २९ | अन्य | ० | ५ |
| **जम्मा** | | **१,१९५** | **८६** |

*स्रोत : राष्ट्रिय मानव अधिकार आयोग*[२७]

माथिको तालिकामा उल्लिखित तथ्यांकबाट आधारभूत मानव अधिकारको रूपमा रहेको मानिसको बाँच्न पाउने अधिकार (Right life) को उल्लंघनसँग सम्बन्धित सिफारिस सबैभन्दा बढी (५५.२३%) रहेको पाइन्छ। यसअन्तर्गत तीन वटा नीतिगत

२७ आयोगका २० वर्ष, आयोगका सिफारिसहरू र कार्यान्वयन अवस्था, राष्ट्रिय मानव अधिकार आयोग, २०७७ असोज पृष्ठ ७ तथ १८ देखि २१ सम्म।

सिफारिसहरू समेत भएको पाइन्छ। जसमा मूलतः आत्महत्याका घटनालाई रोकथाम गर्नको लागि नीतिगत व्यवस्था मिलाउन नेपाल सरकारलाई सिफारिस गरिएको पाइन्छ। यसपछि बलपूर्वक बेपत्ताको विषयमा १० प्रतिशतभन्दा बढी सिफारिसहरू रहेको देखिन्छ। सबैभन्दा कम भने सूचना र शरणार्थीको अधिकारसँग सम्बन्धित एक एक वटा सिफारिस गरेको पाइएको छ।

## ३. आयोगबाट भएका सिफारिस र मानव अधिकार उल्लंघनमा संलग्नता

राष्ट्रय मानव अधिकार आयोगको स्थापना सशस्त्र द्वन्द्वको समयमा भएकाले आयोगमा परेका अधिकांश उजुरीहरू समेत सशस्त्र द्वन्द्वसँग सम्बन्धित भएको पाइन्छ। यसैकारण आयोगले गरेका अधिकांश सिफारिसहरू सशस्त्र द्वन्द्वको क्रममा भएका मानव अधिकार तथा मानवीय कानूनको उल्लंघनका घटनाहरूसँग सम्बन्धित रहेको पाइएको छ। आयोगको प्रतिवेदन अनुसार आयोगबाट भएका ७८.६ प्रतिशत सिफारिसहरू सशस्त्र द्वन्द्वको क्रममा भएका मानव अधिकार हननुका विषयहरूसँग सम्बन्धित छन्।[२८]

आयोगबाट भएका सिफारिसहरूको अध्ययनबाट मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानूनको हननुमा राज्य पक्ष (State actors) र गैरराज्य पक्ष (Non-state actors) गरी दुवै पक्षको संलग्नता देखिन्छ। जसमा राज्य पक्षअन्तर्गत नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, निजामती लगायतका अन्य सरकारी निकाय र विद्यालयका शिक्षकसमेत मानव अधिकार हननुमा संलग्न भएको पाइन्छ भने गैरराज्य पक्षअन्तर्गत तत्कालीन नेकपा (माओवादी) भएको पाइएको छ।

**तालिका नं. ३ : मानव अधिकार हननुमा पक्षहरूको संलग्नता**

| | राज्य पक्ष | नेकपा माओवादी | सरकार र माओवादी | प्रतिकार समूह | शिक्षक | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| **संख्या** | ७७९ | २८७ | ३८ | २३ | १६ | ५२ | १,१९५ |
| **प्रतिशत** | ६५.१६ | २४.०३ | ३.१९ | १.९२ | १.३४ | ४.३६ | १००% |

*स्रोत : राष्ट्रिय मानव अधिकार आयोग, २०७७*[२९]

२८ आयोगका २० वर्ष, आयोगका सिफारिसहरू र कार्यान्वयन अवस्था, राष्ट्रिय मानव अधिकार आयोग, २०७७ असोज पृष्ठ ९

२९ आयोगका २० वर्ष, आयोगका सिफारिसहरू र कार्यान्वयन अवस्था, राष्ट्रिय मानव अधिकार आयोग, २०७७ असोज पृष्ठ ३५

माथि उल्लिखित तथ्यांकले मानव अधिकार उल्लंघन कार्यमा सबैभन्दा बढी राज्यपक्ष नै जिम्मेवार भएको देखिन्छ। आयोगले गरेको सिफारिसमा ६५ प्रतिशतभन्दा बढी राज्यपक्षबाट भएका मानव अधिकार हननूसम्बन्धी घटनाहरू भएको र तत्कालीन गैरराज्य पक्ष नेकपा (माओवादी) बाट २४ प्रतिशतभन्दा बढी मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानूनको उल्लंघनका घटनाहरू भएको पाइएको छ। बाँकी घटनाहरूमा तत्कालीन नेकपा (माओवादी) विरुद्धका प्रतिकार समूह तथा अन्य समूह वा व्यक्ति जिम्मेवार रहेको पाइन्छ।

आयोगले गरेको सिफारिसको अध्ययन गर्दा मानव अधिकार हननूमा सबैभन्दा बढी संलग्नता संयुक्त वा एकलरूपमा परिचालित सुरक्षा निकायहरू नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको देखिन्छ। यसैगरी तत्कालीन नेकपा (माओवादी) पक्षबाट पनि उल्लेखनीय रूपमा मानव अधिकार तथा अन्तर्राष्ट्रिय कानूनको हनन् भएको ठहर आयोगले गरेको पाइन्छ। यसबाहेक अन्य सरकारी निकाय, समुदाय र तत्कालीन नेकपा (माओवादी) विरुद्ध बनाइएका प्रतिकार समूहहरू र विद्यालय शिक्षकहरूको समेत मानव अधिकार उल्लंघन कार्यमा संलग्नता भएको देखिन्छ भने केही घटनाहरूमा आयोगले दोषी किटान गर्न नसकेको देखिन्छ।

## ४. मानव अधिकार उल्लंघनकर्तालाई कारवाहीको अवस्था

आयोगले गरेका सिफारिसहरूमा दोषी अर्थात् मानव अधिकार उल्लंघनकर्तालाई कारवाही गर्न पनि सिफारिस गरेको देखिन्छ। केही सिफारिसहरूमा उल्लंघनकर्ता व्यक्ति र निकाय एवम् पदाधिकारीको नामसमेत समावेश गरेको पाइन्छ। आयोगले १४६ वटा सिफारिसमा २८६ जना व्यक्तिको नाम उल्लेख गरेर सिफारिस गरेको छ भने निकाय/पदाधिकारीको नाम उल्लेख गरेर कम्तीमा ३३ वटा सिफारिस[३०] गरेको देखिन्छ। मानव अधिकार उल्लंघनकर्ता भनी नाम उल्लेख भएका २८६ जनालाई विभिन्न १४६ वटा निर्णयबाट आयोगले दोषी भनी नाम पहिचान गरेको देखिन्छ। बाँकी १०४९ वटा सिफारिसमा पहिचान गरेको देखिँदैन। कारवाहीको हकमा नामसहित दोषी पहिचान भएकामध्ये केवल ३० जनालाई कारवाही भएको देखिन्छ। संलग्नताको आधारमा आयोगले मानव अधिकार उल्लंघनकर्ता भनी सिफारिस गरेका निकायमा संलग्न व्यक्ति/पदाधिकारीहरूको तथ्यांक

३० आयोगका बीस वर्ष, दशक, उजुरी उपर आयोगका सिफारिसहरू र कार्यान्वयनको अवस्था (वि.सं. २०५७-२०७७ असार), २०७७ असोजको अनुसूची १ पृष्ठ ६७ देखि ७२२

तालिका नं. ५ मा उल्लेख गरे बमोजिम रहेको छ।[३१]

**तालिका नं. ४ मानव अधिकार हनन्कर्ताहरू संलग्न रहेका निकायहरू**

| क्र.सं. | संस्थाको नाम | प्रतिशत |
|---|---|---|
| १ | नेपाल प्रहरी | ३४.२७ |
| २ | नेपाली सेना | २९.७३ |
| ३ | तत्कालीन (नेकपा माओवादी) | २२.७३ |
| ४ | निजामती कर्मचारी | ५.६० |
| ५ | सशस्त्र प्रहरी | २.८० |
| ६ | शिक्षक | १.४० |
| ७ | चिकित्सक | ०.६९ |
| ८ | मानव अधिकारकर्मी | ०.३४ |
| ९ | अन्य (आयोगको प्रतिवेदनअनुसार अन्य समूहमा सुराकी, मतियार, प्रतिकार समूह, आवास गृह सञ्चालक, कारागारका कैदी (चौकीदार) र भारतीय सुरक्षाकर्मीसमेत रहेका देखिन्छन्) | २.४४ |
| **जम्मा** | | १०० |

*स्रोत : राष्ट्रिय मानव अधिकार आयोग*[३२]

आयोगले मानव अधिकार उल्लंघनकर्ता भनी ठहर गरेका व्यक्तिहरूमध्ये सबैभन्दा बढी नेपाल प्रहरी र नेपाली सेनामा रहेको देखिन्छ। यसपछि तत्कालीन नेकपा (माओवादी) का कार्यकर्ताहरू भएको देखिन्छ। निजामती कर्मचारीहरूको संख्या पनि उल्लेखनीय नै देखिन्छ। यसबाहेक सशस्त्र प्रहरी, शिक्षक, चिकित्सक र मानव अधिकारकर्मी पनि मानव अधिकार हनन्कर्ता भएको आयोगको निर्णयमा उल्लेख गरिएको छ।

आयोगले नाम किटान भएका २८६ जना बाहेक ३७ वटा सिफारिसमा कार्यालय प्रमुख र कार्यालयको नाममात्र समावेश गरेर पनि सिफारिस भएको देखिन्छ। जसभित्र गृह

३१ आयोगका २० वर्ष, आयोगका सिफारिसहरू र कार्यान्वयन अवस्था, राष्ट्रिय मानव अधिकार आयोग, २०७७ असोज पृष्ठ ३३ देखि ३५

३२ आयोगका २० वर्ष, आयोगका सिफारिसहरू र कार्यान्वयन अवस्था, राष्ट्रिय मानव अधिकार आयोग, २०७७ असोज पृष्ठ ३४।

मन्त्रालय मातहतका निकायको संख्या ११ र नेपाली सेना मातहतका निकायको संख्या २६ रहेको देखिन्छ। यी संख्याभित्र निजामती कर्मचारी, नेपाली सेना, नेपाल प्रहरीका पदाधिकारी वा निकायहरू जिम्मेवार रहेका छन्।

## ५. नीतिगत सिफारिस कार्यान्वयनको अवस्था

आयोगले जम्मा ८६ वटा नीतिगत सिफारिस गरेकोमा सबैभन्दा बढी कैदीबन्दीका अधिकारसँग सम्बन्धित (१३ वटा) सिफारिसहरू गरिएको पाइन्छ भने सबैभन्दा कम ज्येष्ठ नागरिक, कमलहरी र नागरिकताको अधिकारसँग सम्बन्धित एकएक वटा सिफारिसहरू गरेको पाइएको छ। आयोगले बालअधिकार, जातीय विभेदविरुद्धको अधिकार र शान्ति सुरक्षाको विषयमा समेत उल्लेखनीय रूपमा सिफारिसहरू गरेको पाइन्छ। आयोगले महिला, अपांगता भएका व्यक्ति तथा ज्येष्ठ नागरिक, शरणार्थी र आन्तरिक रूपमा विस्थापित भएका व्यक्तिहरूको अधिकारको विषयमा समेत नीतिगत सिफारिसहरू गरेको पाइन्छ। साथै स्वास्थ्य, शिक्षा, सम्पत्ति, श्रम तथा रोजगारी, आवास, तथा उपभोक्ताको अधिकारजस्ता आर्थिक तथा सामाजिक अधिकारहरूको विषयमा समेत नीतिगत सिफारिसहरू गरेको पाइन्छ। आयोगले मानव अधिकार रक्षकहरूको विषय तथा मानव अधिकारको पछिल्लो पुस्ताको रूपमा रहेको विकास तथा स्वस्थ वातावरणको अधिकारको विषयहरूमा समेत नीतिगत सिफारिस गरेको पाइन्छ। आयोगले प्रकाशन गरेको आयोगका नीतिगत सिफारिससम्बन्धी प्रतिवेदनमा निम्न विषयमा नीतिगत सिफारिसहरू गरिएको उल्लेख गरिएको पाइएको छः[३३]

क) नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी सिफारिसअन्तर्गत शान्तिपूर्ण प्रदर्शनमा अत्यधिक बलको प्रयोगसम्बन्धी विषयहरू,

ख) बन्दीका अधिकारसम्बन्धी सिफारिसअन्तर्गत प्रहरी तथा सैनिक हिरासत तथा कारागारमा थुनामा रहेका कैदी बन्दीहरूको नागरिक तथा राजनीतिक र आर्थिक सामाजिक अधिकारहरूसम्बन्धी विषयहरू,

ग) आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी सिफारिसअन्तर्गत स्वास्थ्य, शिक्षा, सम्पत्ति, खाद्यान्न तथा उपभोक्ताको अधिकारलगायतका विषयहरू,

३३ आयोगका नीतिगत सिफारिसहरू २०५७-२०७१, राष्ट्रिय मानव अधिकार आयोग, २०७१

घ) महिला अधिकारसम्बन्धी सिफारिसअन्तर्गत बोक्सीको आरोपमा हुने महिला विरुद्धका हिंसा अन्त्य गर्ने, दाइजो प्रथाको अन्त्य गर्ने, घरेलु हिंसाको अन्त्य गर्ने लगायतका विषयहरू,

ङ) बाल अधिकारसम्बन्धी सिफारिसअन्तर्गत बालश्रम अन्त्य, सर्कसमा काम गर्ने बालबालिकाको उद्धार र रोकथाम, राजनीतिक जुलुस, सभा र निर्वाचनमा बालबालिकाको प्रयोग रोक्ने, बालसैन्यको पुनर्स्थापना, छात्रावास तथा बालगृहमा हुने शोषण रोक्ने, बालबालिकाको शिक्षा, कमलहरी प्रथा उन्मूलन, बालसुधार गृह र बन्दी बालबालिकाको संरक्षण, कुपोषण तथा भोकमरी पीडित बालबालिकाको संरक्षण, बाल स्वास्थ्यलगायतका विषयहरू,

(च) संक्रमणकालीन न्यायसम्बन्धी सिफारिसहरूअन्तर्गत सत्य निरूपण तथा मेलमिलाप आयोग तथा बलपूर्वक बेपत्ता परिएका व्यक्तिहरूको संरक्षणसम्बन्धी विषय तथा आयोगसम्बन्धी विधेयक तथा ऐनमा समावेश गर्नु पर्ने विषयहरू,

छ) अपांगता भएका व्यक्तिहरूका अधिकारसम्बन्धी सिफारिसहरूअन्तर्गत ऐन तथा नीतिहरूलाई प्रभावकारी बनाउने, अपांगता भएका व्यक्तिहरूको मर्यादा तथा शिक्षाको अधिकारसम्बन्धी विषयहरू,

ज) आप्रवासी कामदार र तिनका परिवारको अधिकार संरक्षणसम्बन्धी सिफारिसहरूअन्तर्गत आप्रवासी कामदार र तिनका परिवारको अधिकार संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको अनुमोदन गर्ने, तथा यस सम्बन्धमा आवश्यक कानून तथा नीतिहरूको तर्जुमा गर्नेसम्बन्धी विषयहरू,

झ) आन्तरिक रूपमा विस्थापितहरूको अधिकार संरक्षणअन्तर्गत सशस्त्र द्वन्द्वबाट विस्थापित भएका तथा प्राकृतिक प्रकोपबाट विस्थापित भएका व्यक्तिहरूको अधिकार संरक्षणसम्बन्धी विषयहरू,

ञ) मानव बेचबिखन रोकथाम तथा पीडितहरूको अधिकार संरक्षणसम्बन्धी विषयहरू,

ट) ज्येष्ठ नागरिकका अधिकारहरू संरक्षणसम्बन्धी विषयहरू

ठ) मानवविरुद्ध लक्षित वारुदी सुरुङको भण्डारण, उत्पादन तथा ओसारपसार माथि प्रतिबन्ध लगाउने तथा तिनको विनाशसम्बन्धी महासन्धि (ओटावा सन्धि), १९९७ लाई नेपाल सरकारले अनुमोदन गर्ने सम्बन्धी विषयहरू

रहेका छन् ।

आयोगले मानव अधिकारसम्बन्धी उल्लिखत यस्ता महत्वपूर्ण विषहरूमा सिफारिस गरेको भए पनि नेपाल सरकारले बोक्सी प्रथाको विरुद्ध, कमलहरी प्रथाको उन्मूलन, मानव बेचविखनको रोकथाम, बाल अधिकारलगायतका केही विषयहरूमा कार्य गरेको भए पनि सन्तोषजनक रूपमा कार्य गरेको पाइँदैन । अन्य धेरै विषयहरूमा त कुनै सम्बोधन नै गरेको पाइँदैन । आयोगले गरेका सिफारिसहरूमा उल्लिखित केही विषयहरूमा नेपाल सरकारले सम्बोधन गरेको भए पनि आयोगको सिफारिसमा उक्त कार्य भएको भनी कहीँ कतै उल्लेख भएको पाइँदैन भने त्यस्तो कुनै जानकारी आयोगलाई गराएको पनि पाइँदैन । यसबाट सम्बोधन भएका केही कामहरू आयोगको सिफारिसबमोजिम नभई नियमित प्रक्रियाबाट भएको जस्तो देखिन्छ ।

## ६. सिफारिस कार्यान्वयन अवस्थाको तुलना

आयोगले सिफारिस कार्यान्वयन अवस्थाको बारेमा तीनवटा प्रतिवेदनहरू सार्वजनिक गरेको छ । आयोगका सिफारिस कार्यान्वयनको अवस्थालाई यी तीन वटा प्रतिवेदनहरूसँग तुलना गरी विश्लेषण गर्दा सिफारिस कार्यान्वयनको अवस्थामा सन्तोषजनक रूपमा सुधार हुन सकेको देखिँदैन । आयोगले वि.सं. २०६७, २०७१ र २०७७ मा प्रकाशित प्रतिवेदनको तुलना गर्दा कार्यान्वयनको अवस्था तालिका नं. ५ मा उल्लेख भए बमोजिम देखिन्छ ।

**तालिका नं. ५ : सिफारिस कार्यान्वयनको तुलनात्मक तथ्यांक**

| प्रतिवेदन प्रकाशन मिति | कार्यान्वयन अवस्था | | | | | | सिफारिस संख्या |
|---|---|---|---|---|---|---|---|
| | पूर्ण कार्यान्वयन | | आंशिक कार्यान्वयन | | कार्यान्वयन नभएको | | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| २०६७ (आयोगको एक दशक, उजुरी उपर आयोगका सिफारिसहरू (वि.सं. २०५७-२०६७), २०६७ जेठ १३, पृष्ठ ७) | ३४ | ८.८ | १३८ | ३५.८ | २१५ | ५५.४ | ३८७ वटा |

| प्रतिवेदन प्रकाशन मिति | कार्यान्वयन अवस्था | | | | | | सिफारिस संख्या |
|---|---|---|---|---|---|---|---|
| | पूर्ण कार्यान्वयन | | आंशिक कार्यान्वयन | | कार्यान्वयन नभएको | | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| २०७० (आयोगका तेह्र वर्ष, दशक, उजुरी उपर आयोगका सिफारिसहरू र कार्यान्वयनको अवस्था (वि.सं. २०५७-२०७०), २०७० भदौ, पृष्ठ ११) | १०५ | १४.३ | ३५२ | ४७.९ | २७८ | ३७.८ | ७३५ वटा |
| २०७७ (आयोगका बीस वर्ष, उजुरी उपर आयोगका सिफारिसहरू र कार्यान्वयनको अवस्था (वि.सं. २०५७-२०७७ असार), २०७७ असोज, पृष्ठ ११) | १६३ | १३.६४ | ४४५ | ३७.२४ | ५८७ | ४९.१२ | ११९५ वटा |

*स्रोत : राष्ट्रिय मानव अधिकार आयोग*[३४]

माथि उल्लिखित तालिकालाई तुलना गरी हेर्ने हो भने विगत १० वर्षको तुलनामा आयोगका सिफारिसको पूर्ण कार्यान्वयनको अवस्थामा केही सुधार आएको पाइए पनि उल्लेखनीय सुधार भएको पाइँदैन। विगत १० वर्षको तुलनामा पूर्ण कार्यान्वयनमा ४.८ प्रतिशतले वृद्धि भएको देखिन्छ। तर यस तथ्यांकलाई विगत सात वर्षको तथ्यांकसँग तुलना गरेर हेर्ने हो भने पूर्ण कार्यान्वयनको अवस्थामा ०.६६ प्रतिशतले कमी आएको देखिन्छ। यस्तै अवस्था आंशिक कार्यान्वयनमा पनि देखिएको छ। १० वर्षको आंशिक कार्यान्वयनको प्रतिशतमा १.४४ प्रतिशतले वृद्धि भएको पाइन्छ तर सात वर्षको अवधिमा भने पूर्ण कार्यान्वयन अवस्थामा जस्तै १०.६६ प्रतिशतले कमी आएको छ। कार्यान्वयन नभएको प्रतिशत भने दस वर्षको तुलनामा ५५.४ बाट घटेर ४९.१२ मा पुगेको छ। दस वर्षको अवधिमा कार्यान्वयन नहुने प्रतिशतमा ६.२८ ले वृद्धि भएको देखिन्छ तर यो वृद्धि दर धेरै न्यून हो। सात वर्षको तथ्यांकसँग तुलना

३४ आयोगको एक दशक, उजुरी उपर आयोगका सिफारिसहरू (वि.सं. २०५७-२०६७), २०६७ जेठ १३, पृष्ठ ७, आयोगका तेह्र वर्ष, दशक, उजुरी उपर आयोगका सिफारिसहरू र कार्यान्वयनको अवस्था (वि.सं. २०५७-२०७०), २०७० भदौ, पृष्ठ ११ र आयोगका बीस वर्ष, उजुरी उपर आयोगका सिफारिसहरू र कार्यान्वयनको अवस्था (वि.सं. २०५७-२०७७ असार), २०७७ असोज, पृष्ठ ११

गरेर हेर्दा कार्यान्वयन नभएको प्रतिशतमा ११.३२ ले वृद्धि हुनुले कार्यान्वयन अवस्था निराशाजनक नै रहेको देखिन्छ।

समग्रतामा पछिल्लो अवस्थामा ८६ प्रतिशतभन्दा बढी सिफारिसहरू कार्यान्वयन नहुनु तथा करिब ५० प्रतिशत सिफारिसहरूमा कुनै पनि कार्यान्वयन नहुनुले पीडितहरूको अधिकार संरक्षण गरी दण्डहीनताको अन्त्य गर्न राज्य संवेदनशील हुन नसकेको कुरा स्पष्ट देखिन्छ।

आयोगबाट भएका सिफारिसहरूको अवस्थालाई आलोचनात्मक रूपमा विवेचना गर्न सक्ने अवस्था रहेको छ। आयोग आफैंले मानव अधिकार उल्लंघनकर्ता दोषीको पहिचान गरी नाम सार्वजनिक गरेको कार्य अत्यन्त प्रशंसनीय छ। दोषी व्यक्तिको पहिचान हुन नसकेको अवस्थामा कार्यालयको पहिचान गरी कारवाहीको लागि सिफारिस हुनु पनि सकारात्मक नै हो। यस कार्यले देशमा दण्डहीनतालाई निरुत्साहित गर्ने कार्यमा सहयोग पुग्न सक्ने अपेक्षा गर्न सकिन्छ। हालसम्म आयोगबाट सिफारिस गरिएको २६ करोडभन्दा बढी रकम बराबरको क्षतिपूर्तितर्फको कार्यान्वयन अवस्था सकारात्मक रहेको भनी आयोग आफैंले उल्लेख गरेको सन्दर्भमा पीडितहरूको आर्थिक अधिकार संरक्षणमा केही योगदान पुगेको पाइन्छ। थोरै मात्रामा भए पनि आयोगबाट भएका सिफारिसहरूमध्ये कतिपय सिफारिसहरूको पूर्ण कार्यान्वयन भएको पाइएको छ। खासगरी नेपाल सरकारले पीडितहरूलाई क्षतिपूर्ति उपलब्ध गराउने वा राहत रकम उपलब्ध गराउने कार्यमा उपलब्धि भएको देखिन्छ। जसलाई सकारात्मक रूपमा लिन सकिन्छ।

तर मानव अधिकार उल्लंघनकर्ता माथिको कारवाहीको कार्यान्वयन अवस्था भने निराशाजनक रहेको पाइन्छ। करिब ५० प्रतिशत सिफारिसको कार्यान्वयन नहुनु, दोषी पहिचान गरिएका व्यक्तिमध्ये २८६ जनामा केवल ३० जनामाथि मात्र कारवाही हुनु, आयोगले दोषी पहिचान गरी कारवाही गर्नु भनी भएका सिफारिसको कार्यान्वयन अवस्था कमजोर हुनु, सरकारले न्यायको समग्र पक्षलाई भन्दा आर्थिक पक्षलाई मात्र प्राथमिकता दिनु जस्ता तथ्यहरूले सिफारिस कार्यान्वयनको अवस्था निराशाजनक भएको पाइएको छ।

संविधान तथा कानूनले मानव अधिकार हनन्का घटनाहरूको अनुसन्धान एवम् छानबिनमा आयोगलाई बृहत् अधिकार प्रदान गरेको छ। तर आयोगमा परेका उजुरी र त्यसमा आयोगबाट भएका सिफारिसहरूको अध्ययन गर्दा आयोगले आफूलाई

प्राप्त अधिकारको प्रयोग गर्न नसकेको पाइएको छ। आयोगले अधिकांश घटनाहरूमा दोषी पहिचान गर्न सकेको देखिँदैन भने कतिपय अवस्थामा दोषीको नाम किटानी गर्न सक्ने अवस्थामा पनि नाम किटान नगरी सिफारिस गरेको पाइन्छ। जस्तै तत्कालीन प्रधानसेनापति भनेर सिफारिस गरिएको छ तर व्यक्तिको नाम किटानी गरिएको छैन। राहत एवम् क्षतिपूर्तिको निर्धारण गर्दा समेत आयोगले स्पष्ट मापदण्डको अनुसरण गर्न नसकेको पाइएको छ। एकातिर ऐनले आयोगलाई बढीमा तीन लाखसम्म मात्र क्षतिपूर्ति प्रदान गर्न सक्ने सीमा तोकेको छ। अर्कोतर्फ सरकारले एक करोडसम्म क्षतिपूर्ति प्रदान गरेको तथ्य छ। यसबाट आयोगसम्बन्धी ऐनमा भएको व्यवस्था नै पुनरावलोकन गर्नु पर्ने देखिन्छ।

विश्वका विभिन्न मुलुकका मानव अधिकार आयोगहरूले मानव अधिकार संरक्षण तथा प्रवर्द्धनमा नीतिगत सिफारिसहरूलाई महत्व दिएको पाइन्छ। आयोगले गरेका सिफारिसहरूको अध्ययन गर्दा आयोगले नीतिगत सिफारिसहरूमा अपेक्षाकृत काम गर्न नसकेको स्पष्ट देखिन्छ।

आयोगका सिफारिस कार्यान्वयनमा आयोग र नेपाल सरकारले सार्वजनिक गरेको फरकफरक तथ्यले दुवै पक्षबीच समन्वयको अभावसमेत देखिएको छ। आयोगले गरेका सिफारिस पूर्ण रूपमा कार्यान्वयन गर्नु नेपाल सरकार तथा सम्बन्धित निकायको दायित्व हो। यदि कुनै कारणले आयोगका सिफारिस कार्यान्वयन गर्न नसक्ने भएमा त्यसको जानकारी आयोगलाई गराउन सक्ने कानूनी व्यवस्था हुँदाहुदै सिफारिस कार्यान्वयन पनि नगर्ने र कार्यान्वयन गर्न मिलेन भनेर जानकारी पनि नगराउने प्रवृत्तिले कार्यपालिकाले आयोगका सिफारिसलाई नजरअन्दाज गर्दै आइरहेको निष्कर्षमा पुग्न सकिन्छ।

## परिच्छेद ४

# अन्य आयोगहरूको सिफारिस कार्यान्वयन अवस्था

नेपालको संविधानको भाग २७ मा अन्य सातवटा आयोगसम्बन्धी व्यवस्थाहरू रहेका छन् । जसमा राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेसी आयोग, थारू आयोग र मुस्लिम आयोग रहेका छन् । यस परिच्छेदमा नेपालको संविधान जारी भएपछि यिनै सातवटा आयोगहरूले गरेका सिफारिस र त्यसको कार्यान्वयन अवस्थाको बारेमा तथ्यहरू प्रस्तुत गरी त्यसको समीक्षा गरिएको छ ।

## १. राष्ट्रिय महिला आयोग

राष्ट्रिय महिला आयोगको गठन नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयबमोजिम २०५८ फागुनमा भएको थियो । २०६३ सालमा राष्ट्रिय महिला आयोग ऐन जारी भएपछि यसले कानूनी आयोगको मान्यता पाएको थियो । नेपालको संविधान जारी भएपछि अर्थात् २०७२ असोजपश्चात् मात्र यो आयोग संवैधानिक आयोगको रूपमा स्थापित भएको हो । संविधान जारी भएको बखत आयोगका पदाधिकारीहरूमध्ये एक जनामात्र बहाल रहेको र आयोगसम्बन्धी ऐन २०७४ ले पूर्वपदाधिकारी स्वतः हट्ने र संविधानबमोजिम नयाँ पदाधिकारी नियुक्ति हुनु पर्नेमा संविधान जारी भएको पाँच वर्षसम्म पनि नयाँ पदाधिकारीको नियुक्ति पूर्ण रूपमा नभएको र पछिल्लो समय (२०७७ साल माघ २१ र २०७८ बैशाखमा) भएको नियुक्तिहरू पनि विवादास्पद रहेको अवस्था छ। आयोगका पदाधिकारीहरूको नियुक्ति नहुँदा आयोगले गर्नुपर्ने निर्णय गर्न बाधा परेको कुरा आयोगको वार्षिक प्रतिवेदनमा नै उल्लेख गरिएको छ।[३५] आयोगले संवैधानिक हैसियत प्राप्त गरेपछि पदाधिकारीहरूको नियुक्ति नभएको अवस्थामा आयोगले निर्णय गर्न नसक्ने हुँदा आधिकारिक सिफारिसहरू पनि हुन नसकेको पाइएको छ ।

आयोगबाट विगतमा भएका सिफारिसहरूको बारेमा आयोगमा स्थलगत भ्रमण गरी छलफल गर्दा आयोगले संवैधानिक हैसियत प्राप्त गर्नुभन्दा पहिला भएका

---

३५ राष्ट्रिय महिला आयोग, बाह्रौं वार्षिक प्रतिवेदन, २०७५-०७६

सिफारिससम्बन्धी कुनै पनि दस्तावेज आयोगमा नभएको जानकारी पाइएको छ। यससम्बन्धी जानकारी आयोगको वेवसाइटमा समेत दस्ताबेजीकरण भएको पाइएन। यसबाट आयोगको अभिलेख सुरक्षामा गम्भीर समस्या भएको देखिएको छ। आयोगका आफ्नै कर्मचारी नभएको तथा नेपाल सरकारबाट खटाइएका कर्मचारीहरू छोटो समयमा नै सरुवा भएर अन्यत्र जाने अवस्थासमेतले आयोगको संस्थागत अभिलेख संरक्षणमा चुनौतीहरू रहेको पाइएको छ। विगतमा आयोगले महिलाविरुद्ध हुने हिंसालगायत महिला अधिकारको विषयमा महत्वपूर्ण सिफारिसहरू गरेको छ। जुन सिफारिसहरू अहिलेको संवैधानिक आयोगको समेत सम्पत्ति हुन्। यसकारण विविध कारणले आयोगमा फेला पर्न नसकेका सिफारिसहरूको खोजी गरी व्यवस्थित रूपमा दस्तावेजीकरण गर्नुपर्ने आवश्यकता रहेको देखिन्छ।

आयोगका उच्च तहका कर्मचारीसंगको छलफलमा संविधान जारी हुनुपूर्व आयोगले गरेका सिफारिस बारेमा कुनै तथ्यांक प्राप्त हुन नसकेको र संविधान जारी भएपछि सिफारिस गर्ने अधिकार भएका पदाधिकारीहरूको नियुक्ति नै नभएको हुँदा यस अध्ययनमा राष्ट्रिय महिला आयोगबाट भएका सिफारिसहरूको कार्यान्वयन अवस्थाको बारेमा समीक्षा गर्ने अवस्था रहेन। यस सम्बन्धमा मधेसी आयोगमा भएको छलफलमा समेत प्रस्तुत गर्दा आयोगबाट आउनु भएका प्रतिनिधिहरूसमेत अन्योलमा रहेको देखा पर्‍यो।

## २. राष्ट्रिय दलित आयोग

नेपाल सरकारको निर्णय बमोजिम राष्ट्रिय दलित आयोगको गठन २०५८ साल चैत ६ गते भएको हो। यो आयोग नेपालको नयाँ संविधान जारी भएपछि संवैधानिक भएको छ। यस आयोगमा संविधान प्रारम्भ हुनुपूर्व नियुक्ति गरिएका पदाधिकारीहरू रहेकोमा आयोगसम्बन्धी ऐन, २०७४ ले पूर्व पदाधिकारी स्वतः हट्ने र संविधान बमोजिम नयाँ पदाधिकारी नियुक्ति हुनुपर्नेमा संविधान जारी भएको पाँच वर्षभन्दा बढी भइसक्दासम्म पनि नयाँ पदाधिकारीको नियुक्ति नभएको र पछिल्लो समयमा (२०७७ माघमा र २०७८ बैशाखमा) गरिएका नियुक्तिहरू पनि विवादास्पद रहेको पाइएको छ। आयोगले संवैधानिक हैसियत प्राप्त गरेपछि पदाधिकारीहरूको नियुक्ति नहुँदा कुनै पनि सिफारिस नभएकोले नेपालको संविधान जारी भएपछिका यस आयोगका सिफारिस कार्यान्वयनको अवस्थाको बारेमा समीक्षा गर्ने अवस्था रहेन।

संविधान जारी हुनुपूर्व यस आयोगले आ.व. २०७१/०७२ मा जातीय विभेदसम्बन्धी सिफारिस ३३६ निःशुल्क अध्ययन सिफारिस २९०, दलित जातीय प्रमाणपत्र २,२४१, निःशुल्क उपचारसम्बन्धी सिफारिस १४ र थर परिवर्तनसम्बन्धी सिफारिस १२१ गरी ३,०३२ वटा सिफारिस गरेको उल्लेख[३६] भए पनि त्यसको कार्यान्वयन अवस्थाको बारेमा भने कुनै अभिलेख र जानकारी प्राप्त हुन आएन। निःशुल्क अध्ययन, दलित जातीय प्रमाणपत्र, तथा थर परिवर्तनसम्बन्धी सिफारिस प्रक्रियागत सिफारिसहरू हुन्। जातीय विभेदसम्बन्धी सिफारिसहरूको कार्यान्वयन अवस्थाले आयोगबाट भएका सिफारिसहरूको वास्तविक कार्यान्वयनको मूल्यांकन गर्न सकिन्छ। आयोगले गरेका सिफारिसहरूमध्ये कुनै पनि सिफारिसको कार्यान्वयन भएको भनी नेपाल सरकारले न त आयोगलाई जानकारी गराएको पाइन्छ न त यस सम्बन्धमा कुनै प्रतिवेदन वा जानकारी नै दिएको पाइन्छ। यसबाट आयोगबाट भएका सिफारिसहरू पनि नेपाल सरकारबाट कार्यान्वयन नभएको देखिन्छ।

राष्ट्रिय दलित आयोगमा समेत अभिलेख दस्तावेजीकरणको समस्या रहेको पाइएको छ। विगतमा आयोगले गरेका सिफारिस र प्रतिवेदनहरूको अध्ययन गर्न आयोगको स्थलगत भ्रमण गर्दा पछिल्लो समयमा प्रकाशित प्रतिवेदन प्राप्त भए पनि विगतमा भएका कामहरूको प्रतिवेदन प्राप्त हुन सकेन। आयोगको वेवसाइटमा समेत विगतका प्रतिवेदनहरू राखेको पाइएन। आयोगले गरेका सिफारिस र त्यसको कार्यान्वयनको बारेमा समेत आयोगबाट कुनै अध्ययन वा सिफारिस कार्यान्वयनको लागि गरिएको पहलको बारेमा कुनै अभिलेख फेला पार्न सकिएन। यसबाट आयोगबाट सम्पादन भएका कामहरू र तिनको प्रभावको बारेमा दस्तावेजहरू बनाई त्यसलाई पारदर्शी रूपमा राख्नुपर्नेतर्फ आयोगले ध्यान पुऱ्याउनुपर्ने देखिएको छ।

## ३. राष्ट्रिय समावेशी आयोग

राष्ट्रिय समावेशी आयोगका अध्यक्षको नियुक्ति २०७५ चैत महिनामा भए पनि २०७६ साउनमा राजीनामा दिएपछि पद रिक्त रहेको र एक जना सदस्यको नियुक्ति २०७६ वैशाखमा भई हालसम्म बहाल रहेको र कार्यवाहक अध्यक्ष चलाइरहेको पाइएको छ। २०७७ साल माघ २१ मा नेपाल सरकारले दुई जना थप सदस्य र २०७८ साल वैशाखमा अध्यक्ष र सदस्य थप नियुक्ति गरेको भएता पनि नियुक्ति प्रक्रिया विवादास्पद

३६ http://www.ndc.gov.np/images/category/annual-report-2071-0721.pdf

छ । तथापि आयोगले नेपाल सरकारलाई विभिन्न सुझाव तथा सिफारिसहरू भने गरेको पाइएको छ । अन्य आयोगका पदाधिकारी नियुक्ति जस्तै यस आयोगमा पनि पछिल्लो समयमा गरिएको आयोगका पदाधिकारीको नियुक्ति पनि विवादास्पद रहेको पाइएको छ । आयोगबाट भएका सिफारिस तथा सुझावहरू र कार्यान्वयन अवस्थालाई विषयगत रूपमा निम्न बमोजिम उल्लेख गरिएको छ ।

### (क) नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेटमा लक्षित वर्गलाई समेट्नेसम्बन्धी

आयोगले आर्थिक वर्ष २०७६/०७७ को लागि संघीय सरकारको नीति तथा कार्यक्रम एवम् बजेटमा लक्षित वर्गमा रोजगारी, शिक्षा, स्वास्थ्य, खानेपानीलगायत आधारभूत वस्तु तथा सेवामा पहुँच अभिवृद्धि, मानव विकास सूचकांकमा सुधार ल्याउन पर्याप्त लगानी बढाउने, आरक्षणको समानुपातिक समावेशीकरण हुने गरी नीतिगत तथा कानूनी व्यवस्था गर्ने, कर्णाली प्रदेशमा संघीय लगानी बढाई पूर्वाधार विकास गर्ने, आर्थिक रूपले विपन्न अशक्त असहायलाई सशक्तीकरण गर्ने, खाद्यान्नमा सहज पहुँच र जीविकोपार्जनको लागि वैकल्पिक रोजागारी, कृषि उपजको न्यूनतम मूल्य, न्यूनतम ज्यालादरको पुनरावलोकन, भूमिहीन मजदुरको सामाजिक सुरक्षाजस्ता विषयहरूमा सिफारिस तथा सुझावहरू दिएको पाइएको छ ।[३७]

### (ख) ज्येष्ठ नागरिकसम्बन्धी

आयोगले ज्येष्ठ नागरिकहरूको विषयमा नेपाल सरकारले भविष्यमा अवलम्बन गर्नुपर्ने नीति, रणनीति तथा कार्यनीतिको बारेमा नेपाल सरकारलाई सुझावहरू दिएको पाइएको छ ।[३८]

### (ग) कोभिड– १९ सम्बन्धी

कोभिड- १९ को संक्रमणबाट नेपालको सामाजिक, आर्थिक एवम् अन्य क्षेत्रहरूमा परेको असर एवम् प्रभाव न्यूनीकरण गर्न लक्षितवर्गसँग सम्बन्धित विषयमा नेपाल सरकारले अवलम्बन गर्नुपर्ने नीति तथा रणनीतिको बारेमा राष्ट्रिय योजना आयोगलाई

३७ राष्ट्रिय समावेशी आयोग, प्रथम वार्षिक प्रतिवेदन, २०७५/०७६
३८ राष्ट्रिय समावेशी आयोग, दोस्रो वार्षिक प्रतिवेदन, २०७६/०७७

सुझाव दिएको पाइएको छ।[३९]

### (घ) सामाजिक सुरक्षासम्बन्धी

सामाजिक सुरक्षा ऐन २०७५ र नियमावली २०७६ को कार्यान्वयनसँगै विगतमा प्रदान गरिँदै आएको सामाजिक सुरक्षाभत्ता पाउनबाट बञ्चित भएका वर्ग, समुदाय र क्षेत्रको उचित सम्बोधनका लागि नेपाल सरकारलाई सुझाव दिएको पाइएको छ।[४०]

आयोगले नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेटमा लक्षित वर्गलाई समेट्न सिफारिस गरेका विषयहरू नेपाल सरकारको आर्थिक वर्ष २०७६/०७७ को बजेटमा आंशिक रूपमा समावेश भएको उल्लेख गरेको पाइएको छ।[४१] अप्रत्यक्ष रूपमा केही सुझावहरूलाई नेपाल सरकारको बजेट तथा कार्यक्रमहरूमा समेटिए पनि आयोगका सुझाव कार्यान्वयनको लागि नेपाल सरकारबाट पहल भएको पाइएन। अन्य आयोगले दिएका सुझाव तथा सिफारिसहरू जस्तै राष्ट्रिय समावेशी आयोगले गरेका सिफारिस तथा सुझावहरूको पनि प्रभावकारी कार्यान्वयन भएको पाइँदैन।

## ४. आदिवासी जनजाति आयोग

नेपालको संविधान जारी भएपछि स्थापित यस आयोगमा संविधान बमोजिम नियुक्त गरिनु पर्ने पदाधिकारीहरू पाँच वर्षभन्दा बढी समयसम्म पनि नियुक्ति गरिएन भने पछिल्लो समय २०७७ साल माघ २१ गते गरिएको अध्यक्ष र तीन जना सदस्यहरूको नियुक्ति र २०७८ साल वैशाखमा गरेको एक जना सदस्यको नियुक्ति पनि विवाद भई अदालतमा मुद्दा विचाराधीन रहेको छ। यो प्रतिवेदन तयार गर्दासम्म आयोगले हालसम्म आधिकारिक कुनै पनि सिफारिसहरू गर्न सकेको छैन। आयोगको वेभसाइट अध्ययनमा पनि कुनै सिफारिस भएको पाइएन। यस आयोगले चितवनको कुसुमखोला क्षेत्रमा चेपाङ समुदायको घर भत्काइदिएको भनिएको घटनामा त्यस्तो घटना नदोहोऱ्याउन तिनै तहका सरकारलाई प्रेस विज्ञप्ति मार्फत अनुरोधसम्म गरेको पाइयो।[४२]

३९ राष्ट्रिय समावेशी आयोग, दोस्रो वार्षिक प्रतिवेदन, २०७६/०७७
४० राष्ट्रिय समावेशी आयोग, दोस्रो वार्षिक प्रतिवेदन, २०७६/०७७
४१ राष्ट्रिय समावेशी आयोग, प्रथम वार्षिक प्रतिवेदन, २०७५/०७६
४२ http://www.inc.gov.np/upload_file/files/post/1596442252_51980174_New_Doc_07-23-2020_12.44_.19_1_.pdf

# ५. मधेसी आयोग

नेपालको संविधान जारी भएपछि स्थापित यस आयोगमा संविधानबमोजिम नियुक्त गरिनुपर्ने पदाधिकारीहरूमध्ये हालसम्म आयोगका अध्यक्षको यसअघि नै र २०७७ माघ २१ गते थप तीन जना माननीय सदस्यज्यूहरू र २०७८ साल वैशाखमा एक जना पदाधिकारीको थप नियुक्ति भएको छ। संवैधानिक व्यवस्था बमोजिम २०७५ चैत्रमा आयोगको स्थापना भएपछि आयोगले आफ्नो कार्य आरम्भ गरेको देखिन्छ। आयोगका अध्यक्षको नियुक्ति मितिलाई आधार मान्दा आयोगले दुई आर्थिक वर्ष व्यतित गरेको देखिन्छ। त्यसमध्ये पहिलो आर्थिक वर्षमा आयोगले विभिन्न २८ वटा सिफारिसहरू गरेको उल्लेख छ।[४३] कतिपय सिफारिसहरू त अस्पष्ट र अपूरा पनि देखिन्छन्। यसरी गरिएका सिफारिसहरूलाई यस अध्ययनमा विषयगत रूपमा निम्न बमोजिम उल्लेख गरिएको छ।

## (क) राहत तथा पुनर्स्थापनासम्बन्धी

आयोगले मधेसी समुदायमा हावाहुरी, बाढी, डुबान तथा कटानबाट पुगेको क्षतिको सम्बन्धमा तत्कालीन र दीर्घकालीन गरी दुई किसिमका सिफारिस गरेको देखिन्छ। यस क्रममा आयोगले बारा र पर्सा जिल्लामा आएको हावाहुरीबाट समस्याग्रस्त भएका बासिन्दाहरूको उद्धार, राहत र पुनर्स्थापनाको व्यवस्था मिलाउन नेपाल सरकारलाई सिफारिस गरेको पाइएको छ।[४४]

## (ख) बाढी, तटबन्ध तथा बाँधसम्बन्धी

प्रत्येक वर्ष तराई-मधेसमा हुने गरेको बाढीको कटान र डुबानबाट हुने क्षति रोक्नको लागि यस आयोगबाट सिफारिस भएको देखिन्छ। आयोगले वर्षाको कारणबाट हुन सक्ने बाढी पहिरोबाट उत्पन्न हुने समस्याको समाधान गर्न, नदीमैत्री वातावरण बनाउन, तटबन्धहरूलाई व्यवस्थित गर्न, चुरे क्षेत्रको संरक्षण गर्न र दशगजा क्षेत्रमा निर्माण गरिएका बाँधहरूबाट उत्पन्न समस्या समाधान गर्न[४५], कोसी, बलान, कमला, गण्डक बचाऊ अभियान सञ्चालन गर्न[४६], प्राकृतिक आपतविपतबाट उत्पन्न अतिवृष्टि,

४३ मधेसी आयोगको प्रथम वार्षिक प्रतिवेदन २०७५/०७६, मधेसी आयोग, ललितपुर, पृष्ठ ४३ देखि ५०
४४ ऐ.ऐ. पृष्ठ ४३ को सिफारिस नं. १
४५ ऐ.ऐ. पृष्ठ ४३ को सिफारिस नं. २
४६ ऐ.ऐ. पृष्ठ ४३ को सिफारिस नं. ३

अनावृष्टि, शीतलहर जस्ता समस्या समाधान गर्न[४७], पालिकामा विपत व्यवस्थापन समिति बनाउन[४८], स्थानीय सरकारबाट प्राकृतिक विपदको पूर्व तयारीको व्यवस्था मिलाउनु पर्ने[४९], कोसी सम्झौताको प्रभावकारी ढंगले कार्यान्वयन गर्न[५०], बाढी, अग्नि, आँधीबेहरी, चिसो पीडितको समस्या समयमा नै समाधान गर्न[५१] पनि सिफारिस भएको गरेको पाइएको छ।

### (ग) कुरीति, विकृति र अन्धविश्वाससम्बन्धी

तराई-मधेस क्षेत्रमा रहेको कुरीति र अन्धविश्वास हटाउने सन्दर्भमा पनि यस आयोगबाट सिफारिस भएको देखिन्छ। यस सम्बन्धमा आयोगले छुवाछूत, दाइजोजस्ता कुरीतिहरूलाई जनचेतना र लोकचेतनाजस्ता कार्यक्रम सञ्चालन गरी न्यूनीकरण गर्न[५२], वैदेशिक रोजगारीले ल्याएको सामाजिक विकृतिको रोकथाम गर्न[५३], सामाजिक समस्याको रूपमा रहेको झुट्टा मुद्दाको बिगबिगीलाई अन्त्य गर्न[५४], सामाजिक सुधारका लागि सडक नाटकलगायतका कार्यक्रमलाई प्रभावकारी बनाउन[५५] सिफारिस गरेको पाइएको छ।

### (घ) शिक्षासम्बन्धी

यस आयोगले मधेसी समुदायको लागि शिक्षाको अधिकार प्रत्याभूतको लागि पनि केही सिफारिस गरेको पाइएको छ। आयोगले मौलिक हकमा भएको व्यवस्थाबमोजिम मातृ भाषामा शिक्षाको लागि पाठ्यपुस्तक र शिक्षकको व्यवस्था गर्न, पाठ्यक्रममा मधेस र मधेसीका सम्बन्धमा विषयवस्तु राख्न, नैतिक शिक्षाको लागि संस्कृत शिक्षामा गुणात्मक बढाउन, शिक्षामा भइरहेको माफियाकरणलाई तुरुन्त निस्तेज गर्न र विश्वविद्यालयहरूको उचित व्यवस्थापन गर्न[५६]; पाठ्यक्रममा प्रादेशिक सामग्री र

४७ ऐ.ऐ. पृष्ठ ४५ को सिफारिस नं. ८
४८ ऐ.ऐ. पृष्ठ ४७ को सिफारिस नं. १४
४९ ऐ.ऐ. पृष्ठ ४६ को सिफारिस नं. १२
५० ऐ.ऐ. पृष्ठ ४५ को सिफारिस नं. ९
५१ ऐ.ऐ. पृष्ठ ४९ को सिफारिस नं. २३
५२ ऐ.ऐ. पृष्ठ ४३ को सिफारिस नं. ३
५३ ऐ.ऐ. पृष्ठ ४८ को सिफारिस नं. २०
५४ ऐ.ऐ. पृष्ठ ४८ को सिफारिस नं. २१
५५ ऐ.ऐ. पृष्ठ ४४ को सिफारिस नं. ५
५६ ऐ.ऐ. पृष्ठ ४५ को सिफारिस नं. ६

स्थानीय सामग्री समावेश गर्ने[५७], स्वीकृत पाठ्यक्रम मात्र लागू गर्ने, विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई तत्काल व्यवस्थापन गर्ने, शैक्षिक पूर्वाधार निर्माण गर्ने, विद्यालयहरूमा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने[५८] पनि सिफारिस गरेको पाइएको छ। यस्तै हरूवाचरुवा समुदायको लागि घुम्ती विद्यालयको स्थापना गर्ने[५९], सहिद र घाइतेका सन्तानलाई निःशुल्क शिक्षाको व्यवस्था गर्ने[६०], पनि सिफारिस गरेको पाइएको छ।

### (ङ) स्वास्थ्यसम्बन्धी

स्वास्थ्य अधिकार सम्बन्धमा आयोगले Birthing Center आवश्यकता अनुसार व्यवस्थापन गर्ने, औषधिको अभाव, विशेषज्ञ र महिला चिकित्सकको अभाव, अवैध अस्पताल र क्लिनिकहरूको उचित व्यवस्थापन गर्ने[६१], शुद्ध खानेपानीको व्यवस्था गर्ने[६२], सहिद र घाइतेका सन्तानलाई निःशुल्क स्वास्थ्यको व्यवस्था गर्ने[६३], भूमिगत पानीमा पाइने आर्सेनिकको मात्रा अत्यधिक भएको हुँदा सो को लागि प्रभाकारी नीति र कार्यक्रम तर्जुमा गर्ने र प्रदेश नं. २ मा ट्रमा सेन्टरको स्थापना गर्ने[६४], सरसफाइ सम्बन्धमा जनचेतना जगाउन[६५] सिफारिस गरेको पाइएको छ।

### (च) सीपमुलक तालिम तथा रोजगारीसम्बन्धी

मधेसी समुदायको सीपमूलक तालिम र रोजगारीको लागि पनि यस आयोगले नेपाल सरकार समक्ष सिफारिस गरेको पाइएको छ। यसअन्तर्गत आयोगले दलित, महिला तथा विपन्न वर्गलाई सीपमूलक तालिमबाट सशक्तीकरण गर्ने, शिक्षालाई सीपसँग आबद्ध गराउन, सीपलाई उत्पादन, उत्पादनलाई बजारसँग र बजारलाई रोजगारीसँग आबद्ध गर्ने कार्यक्रम सञ्चालन गर्ने, लोकसेवा आयोगका तयारी कक्षाहरू प्रदेशगतरूपमा

---

५७ ऐ.ऐ. पृष्ठ ४६ को सिफारिस नं. १३
५८ ऐ.ऐ. पृष्ठ ४५ को सिफारिस नं. ७
५९ ऐ.ऐ. पृष्ठ ४७ को सिफारिस नं. १७
६० ऐ.ऐ. पृष्ठ ४८ को सिफारिस नं. २२
६१ ऐ.ऐ. पृष्ठ ४६ को सिफारिस नं. १०
६२ ऐ.ऐ. पृष्ठ ४६ को सिफारिस नं. १२
६३ ऐ.ऐ. पृष्ठ ४८ को सिफारिस नं. २२
६४ ऐ.ऐ. पृष्ठ ४९ को सिफारिस नं. २३
६५ ऐ.ऐ. पृष्ठ ४४ को सिफारिस नं. ५

सञ्चालन गर्ने[६६], फोहोरलाई मोहरमा परिणत गर्ने सोच बनाउनुपर्ने[६७], प्रतिभावान् र पौरखी युवाहरूलाई स्वदेशमै रोजगारीको व्यवस्था गर्ने[६८], सबै प्रकारको श्रमको सम्मान गर्ने वातावरण निर्माण गर्ने[६९], प्रदेश नं. २ मा ग्रामीण सीप संरक्षणका लागि MEDPA प्रभावकारी रूपमा लागू गर्ने[७०] र पछिल्लो समय स्वरोजगारको क्षेत्रमा महत्वपूर्ण स्थान ओगट्दै आएको सहकारी क्षेत्रको प्रभावकारी नियमन गर्ने[७१], दक्ष जनशक्तिको माग र आपूर्तिमा तालमेल बढाउन[७२] सिफारिस गरेको पाइएको छ ।

### (छ) थर सूचीकरण, सांस्कृतिक पहिचान र संरक्षणसम्बन्धी

आयोगले मधेसीको थर सूचीकृत गरी परिभाषित गर्ने[७३], अन्तरधार्मिक सम्बन्ध र सांस्कृतिक क्रियाकलाप गर्ने[७४], सामाजिक सांस्कृतिक रीतिरिवाज संस्कृतिसम्बन्धी मेलमिलापमा बढाउनुपर्ने र यस सम्बन्धमा Role model महिलाहरूबाट प्रशिक्षणको व्यवस्था गर्ने[७५], सांस्कृतिक पर्यटन सडक बनाउनुपर्ने, साहित्यलाई समाजको जीवन रेखाको रूपमा सदुपयोग गर्ने[७६], रैथानी मधेसीको संरक्षण गरिनुपर्ने[७७], विश्व बौद्धिक सम्पत्ति सूचीकृत हुनुपर्ने, ऐतिहासिक र पुरातात्विक सम्पत्तिको संरक्षण गर्नुपर्ने, धर्मावलम्बीहरूको राष्ट्रिय बिदा हुनुपर्ने[७८], गुठीहरूलाई व्यवस्थित गर्ने, जानकी मन्दिरसहितका प्रसिद्ध स्थलहरूलाई युनेस्कोमा सूचीकृत गर्ने कार्य अगाडि बढाउन एवम् गाई र माईलाई संरक्षण गर्ने[७९], भाषिक प्रविधिलाई देवनागरी लिपिमा क्रमशः लैजान, धर्म संस्कृति सम्बन्धमा अनुसन्धान गर्ने, मधेसी समुदायको भाषा, लिपि, संस्कृति इतिहास, साहित्य, परम्पराजस्ता विषयमा खोज अनुसन्धान गर्ने[८०]र मधेसी

६६ ऐ.ऐ. पृष्ठ ४४ को सिफारिस नं. ४
६७ ऐ.ऐ. पृष्ठ ४५ को सिफारिस नं. ८
६८ ऐ.ऐ. पृष्ठ ४६ को सिफारिस नं. ११
६९ ऐ.ऐ. पृष्ठ ४८ को सिफारिस नं. १९
७० ऐ.ऐ. पृष्ठ ४९ को सिफारिस नं. २४
७१ ऐ.ऐ. पृष्ठ ४७ को सिफारिस नं. १५
७२ ऐ.ऐ. पृष्ठ ४९ को सिफारिस नं. २३
७३ ऐ.ऐ. पृष्ठ ४४ को सिफारिस नं. ४
७४ ऐ.ऐ. पृष्ठ ४४ को सिफारिस नं. ५
७५ ऐ.ऐ. पृष्ठ ४४ को सिफारिस नं. ६
७६ ऐ.ऐ. पृष्ठ ४५ को सिफारिस नं. ७
७७ ऐ.ऐ. पृष्ठ ४६ को सिफारिस नं. ११
७८ ऐ.ऐ. पृष्ठ ४६ को सिफारिस नं. १२
७९ ऐ.ऐ. पृष्ठ ४७ को सिफारिस नं. १३
८० ऐ.ऐ. पृष्ठ ४७ को सिफारिस नं. १६

प्रमाणित गर्ने कार्य मधेसी आयोगबाट अविलम्ब सुरु हुन र कलाको संरक्षणमा प्रभावकाररिता ल्याउन[८१], पूर्व र पश्चिमका मधेसी एवम् मधेसी पहाडी बीचमा सुमधुर सम्बन्ध बनाउन[८२], मधेसमा परम्परादेखि प्रचलनमा रहेका हस्तकलाको विकास, संरक्षण र प्रवर्द्धन गर्दै आयआर्जन कार्यक्रम निर्माण गर्न र पुरातात्विक तथा सम्पदाहरूको खोज गरी तिनको संरक्षण गर्न[८३], मिथिला, भोजपुरा, अवधिसहितका क्षेत्रहरूमा कला संग्रहालयको निर्माण प्राथमिकताका साथ गरी सांस्कृतिक प्रतिष्ठानको स्थापना गर्न[८४], प्रदेश स्तरमा ललितकला तथा प्रज्ञा प्रतिष्ठान, संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान, भाषा, साहित्य प्रज्ञा प्रतिष्ठानको स्थापना गरी विस्तार गर्न[८५] सिफारिस गरेको देखिन्छ।

## (ज) विकास निर्माणसम्बन्धी

तराई-मधेस क्षेत्रको विकासको लागि यस आयोगले विकास निर्माण सम्बन्धमा सिफारिस गरेको पाइन्छ। यसक्रममा आयोगले विप्रेषणलाई उत्पादन क्षेत्रमा खर्च गर्न[८६], पूर्व-पश्चिम नहर बनाउन, पोखरी र तालको संरक्षण गर्न, प्रदेश नं.२ मा वनको क्षेत्र कम्तीमा ४० प्रतिशत बनाउन[८७], हुलाकी सडकलाई पूर्णता दिन, संखरेश्वरीदेखि ओखलढुंगाको बाटो निर्माण गर्न[८८], योजनाबद्ध विकासको प्रभावकारी कार्यान्वयन हुन[८९], सहलेश सर्किटलाई मूर्तरूप दिन, जनता आवास योजनालाई प्रभावकारी बनाउन[९०], मौसम विभागलाई अत्याधुनिक बनाउन[९१], कृषि, भौतिक पूर्वाधार, विकास निर्माण, Adventure र सांस्कृतिक क्षेत्रलाई अगाडि बढाउन, विकासदाता र करदाताबीच सहकार्य गर्न[९२], पुनर्स्थापना केन्द्रहरू स्थापना गर्न[९३] तथा विकास कार्यहरू स्थान केन्द्रित गरिँदै लानुपर्ने सिफारिसहरू गरेको पाइएको छ।

---

८१ ऐ.ऐ. पृष्ठ ४७ को सिफारिस नं. १८
८२ ऐ.ऐ. पृष्ठ ४७ को सिफारिस नं. १९
८३ ऐ.ऐ. पृष्ठ ४९ को सिफारिस नं. २५
८४ ऐ.ऐ. पृष्ठ ४९ को सिफारिस नं. २६
८५ ऐ.ऐ. पृष्ठ ४९ को सिफारिस नं. २७
८६ ऐ.ऐ. पृष्ठ ४५ को सिफारिस नं. ७
८७ ऐ.ऐ. पृष्ठ ४५ को सिफारिस नं. ८
८८ ऐ.ऐ. पृष्ठ ४६ को सिफारिस नं. १०
८९ ऐ.ऐ. पृष्ठ ४६ को सिफारिस नं. १२
९० ऐ.ऐ. पृष्ठ ४६ को सिफारिस नं. १०
९१ ऐ.ऐ. पृष्ठ ४७ को सिफारिस नं. १४
९२ ऐ.ऐ. पृष्ठ ४७ को सिफारिस नं. १५
९३ ऐ.ऐ. पृष्ठ ४८ को सिफारिस नं. २०

### (झ) ऐतिहासिक दस्तावेजीकरण र संरक्षणसम्बन्धी

आयोगले सन्धि सम्झौताहरूको ऐतिहासिक अध्ययन गर्न, ऐतिहासिक सम्झौताको अभिलेखीकरण गर्न र ऐतिहासिक घटनाहरूको दस्तावेजीकरण गर्न[९४], ऐतिहासिक र पुरातात्विक सम्पत्तिको संरक्षण गर्न[९५] सिफारिस गरेको पाइएको छ।

### (ञ) कृषिको व्यवसायीकरण र बजार व्यवस्थापनसम्बन्धी

अन्न भूमिको रूपमा परिचित तराई-मधेस क्षेत्रमा कृषिलाई व्यवसायीकरण गर्दै बजार व्यवस्थापन गर्न आयोगले नेपाल सरकार समक्ष सिफारिस गरेको पाइएको छ। यस सम्बन्धमा आयोगबाट कृषि बजारको व्यवस्था गर्न, कृषकको स्थानीय भूमिमा स्वामित्व बढाउन, मूल्य निर्धारण निकायहरूलाई सक्रिय रहन[९६], कृषिलाई व्यवसायीकरण गर्न, सुकुम्बासी समस्या प्रभावकारी ढंगबाट समाधान गर्न[९७], गुणस्तरीय खाद्यान्नको व्यवस्था गर्न[९८], बिचौलियाहरूको बिगबिगीलाई निरूत्साहित गर्न[९९], प्रदेश र पालिकाहरूमा शीतभण्डार बनाउन, बैंकहरूलाई सामाजिकरूपमा उत्तरदायी बनाउन[१००], पालिकाहरूमा कृषि उपज संकलन, वितरण केन्द्र स्थापना गरी कृषिजन्य उद्योगहरूको प्रवर्द्धन गर्न[१०१] र कृषि बिमामार्फत कृषकलाई सहयोग गर्न, उत्पादनमुखी र निर्यातमुखी व्यवस्था क्रमशः बढाउँदै लैजान[१०२] सिफारिस गरेको पाइएको छ।

### (ट) महिला सशक्तीकरणसम्बन्धी

महिला सशक्तीकरण सम्बन्धमा आयोगले केही महत्वपूर्ण सिफारिसहरू गरेको पाइन्छ। आयोगले यस सन्दर्भमा महिला नेतृत्वमाथि समाजको विश्वास बढाउनुपर्ने[१०३], मधेसी महिलाको जनसंख्याको आधारमा समानुपातिक समावेशी प्रतिनिधित्व

---

९४ ऐ.ऐ. पृष्ठ ४५ को सिफारिस नं. ९
९५ ऐ.ऐ. पृष्ठ ४९ को सिफारिस नं. २३
९६ ऐ.ऐ. पृष्ठ ४५ को सिफारिस नं. ८
९७ ऐ.ऐ. पृष्ठ ४६ को सिफारिस नं. ११
९८ ऐ.ऐ. पृष्ठ ४६ को सिफारिस नं. १२
९९ ऐ.ऐ. पृष्ठ ४६ को सिफारिस नं. १३
१०० ऐ.ऐ. पृष्ठ ४७ को सिफारिस नं. १५
१०१ ऐ.ऐ. पृष्ठ ४७ को सिफारिस नं. १७
१०२ ऐ.ऐ. पृष्ठ ४९ को सिफारिस नं. २४
१०३ ऐ.ऐ. पृष्ठ ४४ को सिफारिस नं. ५

हुनुपर्ने[१०४],स्थानीय रूपमा निर्मित प्याड बैंकको प्रोत्साहन गर्न, महिनावारीसम्बन्धी चेतनामा अभिवृद्धि गर्न[१०५] र संवैधानिक आयोगहरूमा महिलाको पहुँच वृद्धि गर्न[१०६] सिफारिस गरेको पाइएको छ।

### (ठ) बालबालिकासम्बन्धी

यस आयोगले नेपाल सरकारलाई सिफारिस गर्ने सन्दर्भमा बालबालिकाको अवस्था सुधारको सम्बन्धमा पनि सिफारिस गरेको पाइएको छ। आयोगले यस सम्बन्धमा अनाथ बालबालिका संरक्षण केन्द्रको स्थापना गर्न[१०७], बाल सुधार गृहलाई व्यवस्थित गर्न[१०८] सिफारिस गरेको पाइन्छ।

### (ड) न्याय र दण्डहीनतासम्बन्धी

व्यापकरूपमा सामाजिक समस्याको रूपमा रहेको झुट्टा मुद्दाको बिगबिगीको अन्त्य गर्दै राजनीतिमा अपराधीकरण र अपराधमा राजनीतीकरणको अवस्थामा सुधार गर्न[१०९] आयोगले सिफारिस गरेको पाइएको छ।

### (ढ) आयोगसम्बन्धी

आयोगले केही सिफारिसहरू आफ्नो स्तरोन्नति र प्रभावकारिताको विषयलाई लिएर पनि गरेको पाइन्छ। आयोगले आफ्नो नामको अगाडि राष्ट्रिय थप गरी आयोगको नाम राष्ट्रिय मधेसी आयोग बनाउन, मधेसी आयोगका प्रदेश कार्यालय स्थापना गर्न[११०] सिफारिस गरेको पाइएको छ।

### (ण) अन्य

माथि उल्लिखित विषयहरूबाहेक पनि आयोगले अन्य विभिन्न विषयहरूमा नेपाल सरकार समक्ष सिफारिसहरू गरेको पाइएको छ। आयोगले निर्वाचनलाई पूर्ण व्यवस्थित

---

१०४ ऐ.ऐ. पृष्ठ ४६ को सिफारिस नं. १३
१०५ ऐ.ऐ. पृष्ठ ४८ को सिफारिस नं. २२
१०६ ऐ.ऐ. पृष्ठ ४६ को सिफारिस नं. १२
१०७ ऐ.ऐ. पृष्ठ ४४ को सिफारिस नं. ५ र पृष्ठ ४८ को सिफारिस नं. २०
१०८ ऐ.ऐ. पृष्ठ ४६ को सिफारिस नं. १३
१०९ ऐ.ऐ. पृष्ठ ४८ को सिफारिस नं. २१
११० ऐ.ऐ. पृष्ठ ४८ को सिफारिस नं. १९

बनाउन, राजविराज विमानस्थललाई नियमित सञ्चालनमा ल्याउन र सीमा क्षेत्रमा परिचयपत्र लागू गरी सीमा व्यवस्थापन प्रभावकारी बनाउन[१११], समयमा नै सार्वजनिक लेखा परीक्षण गराउन[११२], मानवीय जवाफदेहिता अनुगमन समूहलाई प्रभावकारी बनाई सरकारी निकायहरूलाई जनताप्रति इमानदार बनाउन[११३], नेपाली चलचित्रहरूमा समानुपातिक समावेशी छायांकन हुन, पत्रकारिता क्षेत्रलाई नियमन र व्यवस्थापन गर्न[११४], मधेसीहरूभित्र मधेसीको पहुँच वृद्धि गर्ने कार्यक्रम र नीति ल्याउन, आदरार्थी शब्दको प्रयोग गर्न[११५], समानुपातिक समावेशितालाई अक्षरशः लागू गर्न; पहिचान, प्रतिनिधित्व र पहुँचको समस्याको अन्त्य गर्न तथा ज्येष्ठ नागरिकलाई स-समान व्यवस्थापन गर्न[११६] तथा गरिब, दलित, एकल महिलाको सशक्तीकरण[११७] गर्न पनि सिफारिस गरेको पाइएको छ।

मधेसी समुदायको अधिकार संरक्षण तथा प्रवर्द्धनको लागि स्थापित मधेसी आयोगका सिफारिसहरू कार्यान्वयन अवस्था पनि निराशजनक नै देखिन्छ। नेपाल सरकारले आयोगका सिफारिस कार्यान्वयनको लागि पहल गरेको पाइँदैन। मधेसी आयोगलगायत अन्य आयोगहरूले गरेका सिफारिस कार्यान्वयनको लागि नेपाल सरकारले हालसम्म कुनै कार्ययोजनासमेत बनाएको पाइँदैन। आयोगबाट भएका केही सिफारिसहरू केन्द्र, प्रदेश वा स्थानीय सरकारको नियमित कार्ययोजनामा परेर सम्बोधन हुने बाहेक आयोगका सिफारिस कार्यान्वयनको लागि हालसम्म कुनै पहल भएको पाइएन।

## ६. थारू आयोग

नेपालको नयाँ संविधान जारी भएपछि स्थापित यस आयोगमा संविधानबमोजिम नियुक्त गरिनुपर्ने पदाधिकारहरूमध्ये अध्यक्षको मात्र नियुक्ति भएको छ र पछिल्लो समयमा गरिएको नियुक्ति पारदर्शी र स्वतन्त्र नभएकोले विवादास्पद भएको पाइएको छ। आयोगका अध्यक्षको मात्र नियुक्ति भएको समयमा आयोगबाट तल उल्लिखित

१११ ऐ.ऐ. पृष्ठ ४६ को सिफारिस नं. १०
११२ ऐ.ऐ. पृष्ठ ४६ को सिफारिस नं. १२
११३ ऐ.ऐ. पृष्ठ ४६ को सिफारिस नं. १०
११४ ऐ.ऐ. पृष्ठ ४८ को सिफारिस नं. १८
११५ ऐ.ऐ. पृष्ठ ४८ को सिफारिस नं. २१
११६ ऐ.ऐ. पृष्ठ ४८ को सिफारिस नं. २२
११७ ऐ.ऐ. पृष्ठ ४९ को सिफारिस नं. २४

सिफारिस तथा सुझावहरूहरू दिएको पाइन्छ।[११८]

(क) सातै प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र स्थानीय तहहरूमा आ.व.२०७६/०७७ को बजेट तर्जुमा गर्दा थारू समुदायको सशक्तीकरणसम्बन्धी कार्यक्रम समावेश गर्न अनुरोध गरिएको,

(ख) भारतीय सेनाको भर्ना छनोटमा थारू समुदायको युवाहरूलाई योग्यता हुँदाहुँदै छनोटमा अवसर नदिइएको गुनासो आएको सन्दर्भमा योग्यताका आधारमा अवसर सुनिश्चित गर्ने यथोचित प्रबन्ध हुन परराष्ट्र मन्त्रालयमा लेखी पठाइएको,

(ग) मुक्त कमैया र कमलहरीको व्यवस्थापनको लागि भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयमा सिफारिस गरिएको। यसैगरी लगत लिन छुट भएका मुक्त कमैया र कमलहरीको लगत अध्यावधिक गर्न, प्राप्त जग्गा उपभोग गर्ने व्यवस्था मिलाउन र घोषित सुविधाहरू सबै मुक्त कमैया र कमलहरीलाई उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गरिएको,

(घ) थारू समुदायको छुट्टै समूहमा आरक्षणको व्यवस्था गरी जनसंख्याको आधारमा आरक्षण प्रतिशत तोकी राज्यका हरेक क्षेत्रमा थारू समुदायलाई समानुपातिक समावेशिताको व्यवस्था गर्न नेपाल सरकारलाई सिफारिस गरिएको,

(ङ) आयोगको राय, सुझाव, परामर्शबिना रानाथारू समुदायलाई छुट्टै सूचीकरण गर्ने गरी निर्णय हुँदा समग्र थारू समुदायको दीर्घकालीन हकहितमा नकारात्मक असर पर्न जाने देखिँदा त्यस्तो निर्णय भएको भए सच्चाई यथास्थितिमा राखिदिन नेपाल सरकारलाई सिफारिस गरिएको,

आयोगमा पदाधिकारीले पूर्णता नपाएको अवस्थामा पनि आयोगले केही सिफारिसहरू गरेको पाइए पनि आयोगबाट हुने सिफारिस कार्यान्वयन योग्य छन् वा छैनन् भन्ने तर्फ आयोगले विचार गर्न सकेको पाइएन। भारतीय सेनामा भर्ना गर्ने विषयमा समेत सिफारिस भएको पाइएको हुँदा आयोगले सिफारिस गर्नुपूर्व आफ्नो संवैधानिक दायित्व र गरिमाको ख्याल राख्नुपर्ने आवश्कता देखिएको छ। आयोगले थारू समुदायको अधिकार संरक्षणको लागि गरेका सिफारिसहरूको कार्यान्वयनको लागि नेपाल सरकारबाट हालसम्म कुनै पहल भएको पाइएन।

११८ थारु आयोग, वार्षिक प्रतिवेदन २०७५-०७६ तथा २०७६-०७७

## ७. मुस्लिम आयोग

नेपालको नयाँ संविधान जारी भएपछि स्थापित यस आयोगमा संविधान बमोजिम नियुक्त गरिनुपर्ने पदाधिकारहरूमध्ये अध्यक्षको मात्र नियुक्ति भएको र पछिल्लो समयमा अन्य चार जना पदाधिकारीहरूको नियुक्ति भएको भएता पनि नियुक्ति प्रक्रियाका सम्बन्धमा अदालतमा मुद्दा विचाराधीन रहेको छ। यस आयोगले पनि हालसम्म आधिकारिक सिफारिसहरू गर्न सकेको छैन। तर पनि विभिन्न सिफारिस, सुझाव तथा अनुरोधको नाममा केही निर्णयहरू गरी सम्बन्धित निकायहरूमा पत्राचार गरेको पाइएको छ। जसलाई विषयगत रूपमा निम्न बमोजिम उल्लेख गरिएको छ।

### (क) मुस्लिम समुदायको सांस्कृतिक अधिकार सम्बन्धमा

मुस्लिम समुदायको महान पर्वहरू इदउलफित्र (इद), इदउल अज्हा (वकर इद), मुहम्मद जयन्ती (मुहम्मद दिवस), शवे बारागात, मुहर्रममा सार्वजनिक बिदा दिन तथा ती दिनहरूमा कुनै प्रकारको परीक्षा नराख्न सम्बन्धित निकायहरूलाई निर्देशन दिन नेपाल सरकारलाई सिफारिस गरिएको पाइएको छ। हजको कोटामा एक हजार वृद्धि गर्न सिफारिस गरिएको देखिन्छ।

यसैगरी मुस्लिम समुदायको धार्मिक, सांस्कृतिक र सामाजिक कार्यका लागि प्रदेश नं. २ को वीरगन्ज तथा प्रदेश नं. ५ को नेपालगन्जमा मुस्लिम कम्युनिटी हल निर्माण गर्न बजेटको व्यवस्था गर्न र मुस्लिम समुदायको सांस्कृतिक झल्को तथा विभिन्न जिल्लाबाट तीर्थाटनका लागि आउने हजयात्रीको आवास व्यवस्थापनका लागि काठमाडौंमा मुस्लिम संग्रहालय तथा हज गृह निर्माण गर्न बजेट व्यवस्थाका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गरिएको देखिन्छ। काठमाडौंमा निर्माण गरिने मुस्लिम संग्रहालय तथा हज गृहका लागि जग्गा उपलब्ध गराइदिन वन तथा वातावरण मन्त्रालयमा अनुरोध गरिएको पाइएको छ।

### (ख) प्राकृतिक प्रकोप प्रभावितको सम्बन्धमा

पर्सामा आएको हावाहुरीले पुऱ्याएको विनाशको आयोगका अध्यक्षबाट निरीक्षण भई पीडितलाई सहयोगको लागि सम्बन्धित निकायलाई ध्यानाकर्षण गराइएको पाइएको छ।

आयोगले गरेका यस्ता सिफारिसहरूमध्ये नेपाल सरकारले इदउलफित्रमा राष्ट्रिय सार्वजनिक बिदा दिएको पाइएको छ भने हजको कोटामा एक हजार वृद्धि गर्न सिफारिस गरिएको देखिन्छ। यसमध्ये हजको साविक कोटा १२ सयमा ३ सय थप गरी १५ सय पुऱ्याइएको उल्लेख छ। अन्य सिफारिसहरूको हकमा हालसम्म कार्यान्वयन भएको भन्ने जानकारी प्राप्त हुन सकेन।

संविधान जारी भएको पाँच वर्षभन्दा बढी समयसम्म पनि मानव अधिकारको संरक्षण तथा प्रवर्द्धनसँग प्रत्यक्ष रूपमा सम्बन्धित सातवटै आयोगहरूमा प्रायः सबैमा आंशिक रूपमा मात्र पदाधिकारीहरूको नियुक्ति भएको र कुनैमा पदाधिकारीहरूको नियुक्ति नै नभएको अवस्था रहेको थियो। अध्ययनको क्रममा २०७७ माघ २१ गते संवैधानिक विभिन्न ११ वटा आयोगहरूमा ३२ जना पदाधिकारीहरू र बाँकी पदाधिकारी २०७८ वैशाखमा नियुक्ति भएको भएता पनि उक्त नियुक्ति विवादरहित हुन सकेन। संवैधानिक परिषद्सम्बन्धी ऐनमा अध्यादेश मार्फत संशोधन गरी बहुमत पदाधिकारीको उपस्थितिमा सिफारिस गर्न सकिने व्यवस्था गरिएको र प्रमुख प्रतिपक्षी दलका नेता तथा प्रतिनिधिसभाका सभामुखको अनुपस्थितिमा बैठक बसी नियुक्ति गरिएको भन्ने आरोप सर्वत्र रहेकोले आयोगहरूको स्वतन्त्रता र निष्पक्षतामा गम्भीर प्रश्न उठेको अवस्था रहेको छ। यस्तो अवस्थामा अधिकांश आयोगहरूले पदाधिकारीको बैठकबाट गर्नुपर्ने सिफारिस गर्न नीतिगत जटिलता रहेको पाइएको छ।

आयोगहरूबाट भएका सिफारिसहरूको कार्यान्वयन गर्न नेपाल सरकारबाट कुनै पनि संयन्त्रको निर्माण गरिएको पाइँदैन। आयोगबाट भएका सिफारिसहरूमध्ये कुन् कुन् सिफारिस कार्यान्वयन भए र कुन् कुन् सिफारिसहरू कार्यान्वयनको तहमा छन् वा कुन् कुन् सिफारिसहरू कार्यान्वयन गर्न सकिएन भन्ने बारेमा नेपाल सरकार वा सम्बन्धित निकायहरूले सम्बन्धित आयोगलाई जानकारी गराएको पाइएन भने आयोगहरूले नै यस विषयमा अध्ययन गरी आफ्ना प्रतिवेदनहरूमा उल्लेख गर्न सकेको पाइएन।

## परिच्छेद ५

# सिफारिस कार्यान्वयनमा भएका प्रयासहरू र चुनौतीहरू

मानव अधिकार सम्बन्धी आयोगहरूको सिफारिस कार्यान्वयनको अवस्था अत्यन्त कमजोर रहेको कुरा माथिका परिच्छेदहरूमा उल्लिखित तथ्यहरूबाट स्पष्ट भइसकेको छ। आयोगहरूका सिफारिसहरूको पूर्ण कार्यान्वयन नभएको कुरा विभिन्न तहमा उठिरहेको पाइन्छ। यस परिच्छेदमा आयोगहरूका सिफारिस कार्यान्वयन सम्बन्धमा भएका कार्यहरू र कार्यान्वयनका चुनौतीहरूको बारेमा तथ्य संकलन गरी समीक्षा गरिएको छ।

## १. नेपाल सरकारबाट भएका प्रयासहरू

मानव अधिकार सम्बन्धी आयोगहरूले गरेका सिफारिसहरूको कार्यान्वयन गर्ने दायित्व नेपाल सरकारको हो। नेपाल सरकारले मानव अधिकार सम्बन्धी आयोगका सिफारिसहरू कार्यान्वयनलाई प्राथमिकतामा राखेको उल्लेख गरेको छ। नेपाल सरकारले तर्जुमा गरेका मानव अधिकार राष्ट्रिय कार्ययोजनाहरूमा सिफारिस कार्यान्वयनलाई प्राथमिकताका साथ उल्लेख गरिएको छ। नेपाल सरकारले आयोगहरूबाट भएका सिफारिसहरूको पूर्ण कार्यान्वयनमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा उठेका प्रश्नहरूको सन्दर्भमा सरकार सिफारिस कार्यान्वयनमा पूर्ण प्रतिबद्ध रहेको बताउँदै आएको छ। सरकारले केही सिफारिसहरूको कार्यान्वयन पनि गरेको छ। खासगरी पीडितलाई आर्थिक राहत उपलब्ध गराउनेसम्बन्धी सिफारिसहरूको कार्यान्वयनमा उदारता देखिए पनि दोषीलाई कारवाही गर्ने बारेमा भने सरकार उदासीन रहेको पाइएको छ।

नेपाल सरकारले राष्ट्रिय मानव अधिकार आयोगबाट भएका सिफारिस कार्यान्वयनको बारेमा प्रतिवेदन सार्वजनिक गरेको छ। जसमा नेपाल सरकारले आयोगका सिफारिसहरू ९२ प्रतिशतभन्दा बढी सम्बोधन गरेको उल्लेख गरिएको छ। तर यस तथ्यलाई राष्ट्रिय मानवअधिकार आयोगले तथ्यसहित अस्वीकार गरेको पाइएको छ।

नेपाल सरकारले आयोगहरूबाट भएका हरेक सिफारिसहरूको कार्यान्वयन गरी त्यसको

जानकारी सम्बन्धित आयोगलाई दिनु पर्दछ। यदि कुनै कारणले सिफारिस कार्यान्वयन गर्न नसक्ने अवस्था भएमा त्यसको कारणसहित सम्बन्धित आयोगलाई सरकारले जानकारी गराउनुपर्ने कानूनी व्यवस्था रहेको छ। तर सरकारले यस्तो व्यवस्थाको समेत कार्यान्वयन गरेको छैन। राष्ट्रिय मानव अधिकार आयोगका सिफारिसहरूमध्ये कार्यान्वयन गर्न नसकिने भनी पुनरावलोकन गर्न एउटा सिफारिसमा मात्र नेपाल सरकारले आयोगमा पत्र पठाएको पाइएको छ। आयोगहरूका सिफारिस कार्यान्वयन गरेको वा कार्यान्वयन गर्न नसक्ने कारणको बारेमा समेत स्पष्ट पार्न नसक्ने अवस्थाले नेपाल सरकार व्यावहारिक रूपमा सिफारिस कार्यान्वयनमा गम्भीर नरहेको स्पष्ट देखिएको छ।

## २. मानव अधिकार सम्बन्धी आयोगहरूबाट भएको प्रयासहरू

मानव अधिकार सम्बन्धी आयोगहरूले आफूले गरेका सिफारिसहरूको कार्यान्वयनको लागि निरन्तर प्रयास गर्दै आइरहेको पाइन्छ। राष्ट्रिय मानव अधिकार आयोगले सिफारिसहरूको कार्यान्वयनसम्बन्धी पाँचवटा प्रतिवेदनहरू सार्वजनिक गरिसकेको पाइन्छ। आफ्ना सिफारिस कार्यान्वयनको लागि आयोगले नेपाल सरकारलाई विभिन्न समयमा ताकेतापत्र समेत पठाउने गरेको पाइएको छ।

राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग र राष्ट्रिय दलित आयोगको स्थापना भएको लामो समय भइसकेको सन्दर्भमा सिफारिस कार्यान्वयनको लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा आवाज उठाउने गरेको पाइएको छ। आयोगहरूले सिफारिस तथा सुझावहरूको कार्यान्वयनको लागि विभिन्न तहमा बैठक तथा अन्तरक्रियाजस्ता कार्यक्रमहरूसमेत सञ्चालन गर्दै आएको पाइन्छ। राष्ट्रिय महिला आयोग र राष्ट्रिय दलित आयोगले गरेका सिफारिस र तिनको कार्यान्वयन अवस्थाको बारेमा हालसम्म अध्ययन गर्न नसकेको मात्र होइन आयोगबाट भएका सिफारिसहरूको व्यवस्थित दस्तावेजीकरण गरी त्यसलाई पारदर्शी रूपमा राख्न सकेको पनि पाइएन।

राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग र राष्ट्रिय दलित आयोगबाट संयुक्त राष्ट्रसंघीय मानव अधिकार परिषद्बाट हुने आवधिक समीक्षाअन्तर्गत राष्ट्रिय मानव अधिकार संस्थाहरूको प्रतिवेदनमा नेपाल सरकारले आयोगहरूका सिफारिसहरू प्रभावकारी रूपमा कार्यान्वयन नगरेको उल्लेख गरेको पाइएको छ।

नेपालको संविधान जारी भएपछि स्थापना भएका आयोगहरू आफ्ना सिफारिस तथा

सुझावहरू सम्बन्धित निकायले कार्यान्वयन गर्नेमा आशावादी भएको पाइएको छ।

मानव अधिकार सम्बन्धी आयोगहरूले गरेका सिफारिसहरू कार्यान्वयन गर्ने दायित्व नेपाल सरकार र यसका निकायहरूको हो। तर पनि आयोगहरूले आफ्ना सिफारिसहरू कार्यान्वयन गर्न निरन्तर प्रयास गर्नु पर्दछ। यस सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले केही पहल गरेको पाइएको छ। तर पनि आयोगले सिफारिस कार्यान्वयनको सम्बन्धमा आफ्नो अधिकारलाई पूर्ण रूपमा प्रयोग गरेको पाइएको छैन। आयोगका सिफारिस कार्यान्वयन नगर्ने अधिकारी वा व्यक्तिलाई मानव अधिकार उल्लंघनकर्ताको सूचीमा राखी त्यसलाई सार्वजनिक गर्न सकेमा सिफारिस कार्यान्वयनमा प्रभावकारिता आउन सक्ने अपेक्षा गर्न सकिन्छ।

## ३. नागरिक समाजबाट भएका प्रयासहरू

नागरिक समाजबाट मानव अधिकार सम्बन्धी आयोगहरूको सिफारिस कार्यान्वयनको लागि निरन्तर दबाब सिर्जना भइरहेको पाइन्छ। नागरिक समाजबाट आयोगका सिफारिसको पूर्ण कार्यान्वयनको माग गरी सर्वोच्च अदालतमा रिट निवेदनसमेत दर्ता गरी त्यसउपर निर्णय भएको पाइन्छ।[११९] यसैगरी नागरिक समाजबाट आयोगहरूका सिफारिस कार्यान्वयनको बारेमा अन्तर्क्रिया गर्ने, पीडितलाई सशक्तीकरण गर्ने, सिफारिस कार्यान्वयनको बारेमा अध्ययन गर्ने, सरकार, मानव अधिकार सम्बन्धी आयोगहरू तथा अन्तर्राष्ट्रिय समुदायसमेतको ध्यानाकर्षण गराउने जस्ता कार्यहरू भइरहेको पाइएको छ। नागरिक समाजबाट समयमा नै आयोगका पदाधिकारीहरूको नियुक्ति गर्न तथा नियुक्ति प्रक्रियालाई पारदर्शी र स्वतन्त्र बनाउन सम्बन्धित निकायहरूलाई सचेत गराउँदै आएको पाइएको छ।

यसैगरी न्याय तथा अधिकार संस्था-नेपाल (जुरी नेपाल) ले मिति २०७७ साल माघ १९ गते सिफारिस कार्यान्वयनको अवस्थासम्बन्धी अध्ययन प्रतिवेदनमा परामर्श गरी सबै आयोगहरूबाट सुझाव लिने काम गरेको थियो। उक्त एकदिने परामर्श कार्यक्रम मधेसी आयोग र जुरी-नेपालको संयुक्त आयोजनामा मधेसी आयोगको सभाहलमा सम्पन्न गरिएको र मधेसी आयोगका माननीय अध्यक्ष, राष्ट्रिय समावेशी आयोगका का.वा.

---

११९ अधिवक्ता भोजराज ऐरसमेतबाट सर्वोच्च आदलतमा दर्ता भएका रिट निवेदनहरूमाथि २०६२ साल माघ १४ गते र २०६४ साल जेठ २५ गते आयोगका सिफारिस कार्यान्वयन गर्न नेपाल सरकारका नाउँमा परमादेश जारी भएको थियो।

अध्यक्ष र सबै अधिकारमुखी आयोगहरूका सचिवज्यूहरूले यस सिफारिस कार्यान्वयनको अवस्था अध्ययन प्रतिवेदनले सरकारको सिफारिस कार्यान्वयनको अवस्थालाई प्रष्ट पारेको धारणा राखेका थिए। सबै आयोगहरूले सिफारिस कार्यान्वयनको अवस्था अत्यन्त चिन्ताजनक रहेको बताउँदै यस प्रतिवेदन सार्वजनिक भएपश्चात् सरकारले सबै आयोगहरूको सिफारिस कार्यान्वयनमा तदारुकता देखाउन थप पहल पुग्ने विश्वास लिएको धारणा राखेका थिए। त्यसैगरी आयोगमा पदाधिकारी नियुक्तिको लागि जुरी नेपालको तर्फबाट सर्वोच्च अदालतमा रिट समेत दायर भएको छ।

अन्तमा आयोगहरूबाट भएका सिफारिस कार्यान्वयन अवस्था कमजोर रहेको देखिएको हुँदा सिफारिसहरूको पूर्ण कार्यान्वयन सुनिश्चित गर्न नागरिक समाज अझ बढी सचेत र क्रियाशील हुनुपर्ने देखिएको छ।

## ४. अन्तर्राष्ट्रिय समुदायबाट भएका प्रयासहरू

अन्तर्राष्ट्रिय समुदायबाट पनि मानव अधिकारसम्बन्धी आयोगहरूको सिफारिस कार्यान्वयनलाई महत्व दिइएको पाइन्छ। संयुक्त राष्ट्रसंघ मानव अधिकार उच्चायुक्तको कार्यालयले आयोगहरूका सिफारिस कार्यान्वयनको लागि नेपाल सरकारको पटकपटक ध्यानाकर्षण गराउँदै आएको पाइन्छ। संयुक्त राष्ट्रसंघ मानव अधिकार परिषद्ले मानव अधिकारको विश्वव्यापी समीक्षाको क्रममा समेत आयोगका सिफारिस कार्यान्वयन गर्न सुझाव दिएको पाइएको छ। संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम, युरोपियन युनियन, स्विट्जरल्यान्ड, डेनमार्क, फिनल्यान्ड, जर्मनी, संयुक्त राज्य अमेरिकालगायतका मुलुकहरूले आयोगहरूको क्षमता विकासमा समेत सहयोग पुऱ्याउँदै आएको पाइएको छ।

आयोगहरूका सिफारिसहरूको प्रभावकारी कार्यान्वयनको लागि अन्तर्राष्ट्रिय समुदाय खासगरी संयुक्त राष्ट्रसंघीय निकायहरूले थप चासो दिई आवश्यक पहल गर्नुपर्ने देखिएको छ।

## ५. चुनौतीहरू

संविधान र कानूनले सबल रूपमा सञ्चालित हुने परिकल्पनाका साथ स्थापित गरेका मानव अधिकार सम्बन्धी आयोगहरूले गरेका अधिकांश सिफारिसहरू कार्यान्वयन

नहुनुले मुलुकको मानव अधिकारप्रति प्रतिबद्धता कमजोर रहेको कुरा उजागर गरेको छ। आयोगहरूको दायित्व भनेका मानव अधिकारका विषयमा अनुगमन, अध्ययन, अनुसन्धान एवम् छानबिन गरी नेपाल सरकार वा सम्बन्धित निकाय समक्ष सिफारिस गर्नु हो। आयोगहरूले आफ्ना सिफारिस आफैं कार्यान्वयन गर्ने व्यवस्था रहेको छैन। अध्ययनको क्रममा सम्पर्क गरिएका मानव अधिकार राष्ट्रिय संस्थाहरूका पदाधिकारी एवम् कर्मचारीहरू, नेपाल सरकारका कर्मचारीहरू, मानव अधिकारकर्मीहरू एवम् पीडितहरूले व्यक्त गर्नु भएको अनुभवसमेतको आधारमा आयोगहरूको सिफारिस कार्यान्वयनमा रहेका चुनौतीहरूलाई निम्न रूपमा उल्लेख गरिएको छ।

(क) राजनीतिक प्रतिबद्धताको अभाव सिफारिस कार्यान्वयनको सबैभन्दा जटिल चुनौतीको रूपमा रहेको पाइएको छ। आयोगहरू स्थापना भएपछि विभिन्न राजनीतिक दलहरूको नेतृत्वमा सरकारहरू बन्दै आएको पाइन्छ। मुलुकमा मानव अधिकारको संरक्षण तथा संवर्द्धन एवम् मानव अधिकार सम्बन्धी आयोगहरूका सिफारिस कार्यान्वयनमा सबै राजनीतिक दलहरूले प्रतिबद्धता जनाए पनि त्यसको व्यावहारिक कार्यान्वयनलाई दलहरूले उपेक्षा गरिएको पाइएको छ। दलहरू सरकारमा रहँदा र नरहँदा मानव अधिकारप्रतिको व्यवहारमा देखिने फरक प्रवृत्ति पनि चुनौतीको रूपमा रहेको छ। संसद्मा सिफारिस कार्यान्वयनका बारेमा यदाकदा कुरा उठे पनि यसले महत्व र निरन्तरता पाउन सकेको पाइँदैन। यसबाट सरकार तथा प्रतिपक्षमा बसेका राजनीतिक दलहरूमा मानव अधिकारप्रतिको प्रतिबद्धताको व्यावहारिक कार्यान्वयनको अभाव एउटा ठूलो चुनौतीको विषयको रूपमा रहेको छ।

(ख) मानव अधिकार सम्बन्धी आयोगका पदाधिकारीको नियुक्ति लामो समयसम्म नहुनु तथा नियुक्ति प्रक्रिया पारदर्शी र स्वतन्त्र नहुनु पनि अर्को महत्वपूर्ण चुनौतीको रूपमा रहेको छ। पदाधिकारीहरूको नियुक्तिमा संविधान, कानून एवम् अन्तर्राष्ट्रिय मापदण्ड बमोजिम स्वतन्त्रता तथा स्वायत्ततालाई आत्मसाथ गर्नु पर्नेमा त्यस्तो नभई राजनीतिक भागबण्डालाई आधार बनाइने गरेकोले पदाधिकारीहरूको नियुक्तिको विषय समेत सधैं विवादित बन्ने गरेको छ।

(ग) नेपालमा छोटोछोटो समयमा महत्वपूर्ण राजनीतिक परिवर्तन हुँदै आएको पाइन्छ। यसक्रममा भएका आन्दोलन र सशस्त्र द्वन्द्वसमेतमा राजनीतिक दलका नेता तथा कार्यकर्ताहरू, नेपाल सरकारका कर्मचारी, सुरक्षा निकायका अधिकारीहरू समेत

मानव अधिकार हननूमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न भएको सन्दर्भमा यसरी संलग्न व्यक्तिहरूलाई जोगाउन राजनीतिक दल, नेपाल सरकारको कर्मचारीतन्त्र, सुरक्षा निकाय र सरकारसमेत लागि पर्ने गरेको पाइएकोले पनि आयोगहरूबाट भएका सिफारिसहरू कार्यान्वयनमा जटिलता सिर्जना भएको पाइएको छ।

(घ) मुलुकमा लामो समयदेखि दण्डहीनता प्रश्रय पाउँदै आएको छ। शक्तिको आडमा मानव अधिकार उल्लंघनकर्ताहरूले सजायबाट उन्मुक्ति पाउँदै आएका छन्। यसैले दण्डहीनताको अवस्थाले पनि आयोगका दोषीलाई कारवाहीसम्बन्धी सिफारिसहरू कार्यान्वयनमा ठूलो चुनौती रहेको पाइन्छ।

(ङ) आयोगहरूका सिफारिस कार्यान्वयनको लागि कानून तथा संयन्त्रको अभाव अर्को चुनौतीको रूपमा रहेको छ। खसगरी दोषीलाई कानून बमोजिम मुद्दा चलाउनु पर्ने सिफारिसहरू कार्यान्वयन गर्नको लागि कार्यविधिगत कानूनको पनि अभाव रहेको पाइन्छ।

(च) कतिपय अवस्थामा आयोगका सिफारिसहरू अस्पष्ट भएको कारण पनि सिफारिस कार्यान्वयन गर्न जटिलता भएको नेपाल सरकारका अधिकारीहरूको भनाइ रहेको छ। तर अस्पष्ट विषयहरू भए त्यसलाई आयोगहरूसँग समन्वय गरी स्पष्ट हुनेतर्फ कुनै निकायले पनि पहल गरेको पाइँदैन।

(छ) मुलुकको आर्थिक सामाजिक अवस्थाले पनि कतिपय सिफारिसहरू कार्यान्वयन गर्न सहजता नभएको भन्ने सरकारी अधिकारीहरूको भनाइ रहेको छ।

(ज) मुलुकमा चलेको एक दशकभन्दा लामो सशस्त्र द्वन्द्व, लामो संक्रमणकाल एवम् राजनीतिक अस्थिरताका कारण पनि आयोगहरूका सिफारिस कार्यान्वयनमा चुनौती रहेको पाइएको छ।

(झ) आयोगहरूका सिफारिस कार्यान्वयनमा राज्यका निकायहरूमा कार्यान्वयन एवम् अनुगमन संयन्त्रहरूको अभाव र भएका संयन्त्रहरू पनि प्रभावकारी नहुनु सिफारिस कार्यान्वयनमा ठूलो चुनौती रहेको छ।

(ञ) आयोगहरूका सिफारिस कार्यान्वयनमा राज्यका निकायहरू जवाफदेही हुनु पर्दछ। आयोगहरूका सिफारिसहरू किन कार्यान्वयन भएनन् भन्ने बारेमा सम्बन्धित निकायहरूले स्पष्ट जवाफ दिन सक्नु पर्दछ। तर राज्यका कुनै पनि निकायहरूसँग यसको जवाफ पाइँदैन। जवाफदेहिताको अभाव पनि एउटा महत्वपूर्ण चुनौतीको रूपमा रहेको छ।

(ट) मानव अधिकार सम्बन्धी आयोगहरूको प्रभावकारिताको अभाव अर्को चुनौतीको रूपमा रहेको छ । आयोगहरूमा दर्ता भएका उजुरीहरू लामो समयसम्म फस्र्योट हुन सकेको पाइँदैन । यसैगरी मुलुकमा रहेका मानव अधिकारका गम्भीर समस्याहरूको अध्ययन गरी सिफारिस गर्ने र भएका सिफारिसहरूको व्यावहारिक कार्यान्वयन गर्ने सन्दर्भमा समेत राष्ट्रिय मानव अधिकार संस्थाहरूबाट प्रभावकारी कार्य हुन सकेको पाइँदैन ।

(ठ) मानव अधिकारका विषयहरू अन्तरसम्बन्धित हुन्छन् । यस सन्दर्भमा मानव अधिकार सम्बन्धी आयोगहरूको बीचमा समन्वय आवश्यक पर्दछ । विगतमा राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग र राष्ट्रिय दलित आयोगले एउटै घटनामा फरकफरक टोली पठाई अनुसन्धान गरी तथ्यमा नै फरक आउने गरी प्रतिवेदनहरू सार्वजनिक गरेको पाइएको थियो । मानव अधिकार सम्बन्धी आयोगहरूको बीचमा समन्वय गर्न अहिलेसम्म कुनै पनि औपचारिक संयन्त्र निर्माण भएको छैन । यसैले मानव अधिकार संस्थाहरूबीचको समन्वयको अभाव पनि अर्को चुनौतीको रूपमा रहेको छ ।

# परिच्छेद ६

# विश्लेषण, निष्कर्ष तथा सुझावहरू

## १. विश्लेषण

नेपालले राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय स्तरमा गरेको मानव अधिकारप्रतिको प्रतिबद्धता कार्यान्वयनको लागि नेपालको संविधानले संवैधानिक निकायको हैसियतमा विभिन्न मानव अधिकार सम्बन्धी आयोगहरू रहने व्यवस्था गरेको छ। जसमा राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेसी आयोग, थारू आयोग र मुस्लिम आयोग रहेका छन्। राष्ट्रिय मानव अधिकार आयोगले समग्र मानव अधिकारको क्षेत्रमा कार्य गर्दछ भने अन्य विषयगत आयोगहरूले सम्बन्धित समुदायको मानव अधिकारको क्षेत्रमा काम गर्ने कार्यादेश रहेको छ। आयोगहरूले मानव अधिकारको संरक्षण, प्रवर्द्धन एवम् प्रभावकारी कार्यान्वयनको लागि मानव अधिकार अवस्थाको अनुगमन, अध्ययन, अनुसन्धान एवम् छानबिन गरी नेपाल सरकार वा सम्बन्धित निकायहरूलाई सिफारिस गर्न सक्ने संवैधानिक तथा कानूनी व्यवस्था रहेको छ।

नेपालको संविधान जारी हुनुभन्दा पहिला अस्तित्वमा रहेका राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग र राष्ट्रिय दलित आयोगले नेपाल सरकार समक्ष विभिन्न सिफारिसहरू गर्दै आएको पाइएको छ। तर नयाँ संविधान जारी भएपछिको पाँच वर्षभन्दा बढी समयसम्म राष्ट्रिय मानव अधिकार आयोग बाहेक अन्य कुनै पनि अयोगमा पदाधिकारीहरूको नियुक्तिले पूर्णता पाउन नसकेको र राष्ट्रिय मानव अधिकार आयोगसमेत २०७७ कात्तिक महिनादेखि चार महिनासम्म पदाधिकारीविहीन भएकोले आयोगहरूले गर्ने सिफारिससम्बन्धी व्यवस्था पूर्ण रूपमा प्रभावित भएको देखिन्छ। राजनीतिक भागबण्डा नमिल्दा संवैधानिक आयोगहरूमा पदाधिकारीहरूको नियुक्ति हुन नसकेको र नियुक्ति प्रक्रिया विवादास्पद समेत रहेको स्पष्ट नै छ। पछिल्लो समयमा आयोगका पदाधिकारीहरूको नियुक्ति गरिएको भए पनि नियुक्ति प्रक्रिया अन्तर्राष्ट्रिय अभ्यास तथा संविधान एवम् कानूनले परिकल्पना गरेको संवैधानिक आयोगहरूको स्वतन्त्रता, पारदर्शिता र निष्पक्षताको सिद्धान्त विपरीत रहेकोले अझै जटिलता सिर्जना

गरेको देखिन्छ। यसबाट आयोगहरूको स्वतन्त्रता, निष्पक्षता एवम् विश्वसनियतामा थप चुनौतीहरू थपिएको पाइन्छ।

आयोगहरूले गर्ने सिफारिस नेपाल सरकार तथा सम्बन्धित निकायहरूबाट बाध्यात्मक रूपमा कार्यान्वयन हुनुपर्ने कानूनी व्यवस्था रहेको छ। नेपाल सरकारले पटकपटक आयोगका सिफारिसहरू पूर्ण रूपमा कार्यान्वयन गर्ने प्रतिबद्धता जाहेर गर्दै आएको छ। सर्वोच्च अदालतले राष्ट्रिय मानव अधिकार आयोगका सिफारिस कार्यान्वयनसम्बन्धी मुद्दामा सुनुवाइ गर्दै नेपाल सरकार कुनै पनि बहानामा आयोगका सिफारिस कार्यान्वयनबाट पन्छिन नमिल्ने व्याख्या गरेको छ। तर पनि मानव अधिकार सम्बन्धी आयोगहरूले गर्ने सिफारिस कार्यान्वयनको अवस्था अत्यन्त कमजोर रहेको पाइएको छ। कार्यान्वयन भएका अधिकांश सिफारिसहरू पनि पीडितलाई आर्थिक राहत दिनमात्र सीमित रहेको पाइएको छ। दोषीलाई कारवाही गर्ने सिफारिसहरू कार्यान्वयन नगन्य जस्तै रहेको देखिन्छ। नीतिगत सिफारिसहरू कार्यान्वयनमा समेत नेपाल सरकारले बेवास्ता गरेको देखिन्छ।

आयोगले गर्ने सिफारिसहरूको विश्लेषण गर्दा स्वाभाविक रूपमा राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकार हननसम्बन्धी उजुरीहरूमाथि अनुसन्धान तथा छानबिन गरी व्यक्तिगत तथा नीतिगत सिफारिसहरू गर्नुका साथै सिफारिस कार्यान्वयनको लागि पहल गर्दै आएको देखिन्छ। तर आयोगका सिफारिस कार्यान्वयन अवस्था अत्यन्त कमजोर रहेको पाइएकोले नेपाल सरकार मानव अधिकार संरक्षणप्रतिको दायित्वको व्यावहारिक कार्यान्वयनमा प्रतिबद्ध नभएको देखिएको छ।

राष्ट्रिय महिला आयोगले संवैधानिक हैसियत प्राप्त गरेको लामो समयसम्म पदाधिकारीविहीन भएकोले सिफारिस गर्न नसकेको देखिन्छ भने संविधान जारी हुनुपूर्व भएका सिफारिसहरूको अभिलेखसमेत सुरक्षित गर्न नसकेको देखिएको छ। राष्ट्रिय दलित आयोग, आदिवासी जनजाति आयोगमा पनि पदाधिकारीहरूको लामो समय नियुक्ति नभएकोले यी आयोगहरूले सिफारिस नै गर्न नसकेको अवस्था रहेको छ। राष्ट्रिय समावेशी आयोग, मधेसी आयोग, थारू आयोग र मुस्लिम आयोगमा एक एक जनामात्र पदाधिकारीहरू बहाल रहेको अवस्थामा केही सुझावहरू प्रस्तुत गरेको देखिन्छ। यसरी प्रस्तुत गरिएका सुझावहरूको कार्यान्वयनमा समेत नेपाल सरकार तथा सम्बन्धित निकायहरू उदासीन रहेको देखिन्छ।

मानव अधिकारसम्बन्धी आयोगहरूमा काम गर्ने मानव अधिकारसम्बन्धी अध्ययन र

तालिम प्राप्त गरेको विशिष्ट प्रकारका जनशक्तिको आवश्यकता पर्दछ। हाल राष्ट्रिय मानव अधिकार आयोग बाहेक अन्य आयोगहरूमा यस्तो जनशक्तिको अभाव रहेको र नेपाल सरकारले खटाएका कर्मचारी छोटो समयमा सरुवा भइजाने कारणले मानव अधिकारसम्बन्धी कार्य सम्पादन गर्न र संस्थागत अभिलेख सुरक्षित र व्यवस्थित गर्न समेत चुनौती भएका कारण मानव अधिकार सम्बन्धी आयोगहरूमा स्थायी रूपमा काम गर्ने दक्ष जनशक्तिको व्यवस्थापन गर्नुपर्ने आवश्यकतासमेत देखिएको छ।

संविधान जारी भएका पाँच वर्षभन्दा बढी समय व्यतित भइसक्दा पनि आयोगका पदाधिकारीहरूको पूर्ण नियुक्ति नहुनु, पदाधिकारी नियुक्तिलाई राजनीतिक भागबण्डाको आधार बनाइनु, दोषीलाई कारवाही नगरी संरक्षण प्रदान गरिनु र आयोगहरूबाट भएका सिफारिसहरू कार्यान्वयनको लागि संयन्त्रहरूको विकास नहुनु जस्ता चुनौतीहरू रहेको देखिन्छ। आयोगबाट भएका सिफारिस कार्यान्वयनको कमजोर अवस्थाले मुलुकमा दण्डहीनताको कुसंस्कारले प्रश्रय पाउँदै गएको छ। यसबाट मानवअधिकार हननका घटनाहरू दोहोरिदै गएको पाइन्छ।

मानव अधिकार सम्बन्धी आयोगहरूका सिफारिस कार्यान्वयन नहुँदा यसको प्रत्यक्ष असर पीडित एवम् उपेक्षित वर्ग र समुदायमा परेको पाइन्छ। लामो समयदेखि न्यायको पर्खाइमा रहेका पीडितहरूमा न्यायको आशा मर्दै जाने र पीडिकहरूको मनोवल बढ्दै जाने अवस्थाको सिर्जना हुँदै गइरहेको देखिन्छ।

राज्यले मानव अधिकार सम्बन्धी आयोगका सिफारिसहरूको कार्यान्वयन नगर्दा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा आलोचित हुँदै आएको छ। मानव अधिकार र लोकतन्त्र एकअर्काका पर्याय भएको सन्दर्भमा सिफारिस कार्यान्वयनमा राज्यका निकायहरूको उदासीनताले लोकतन्त्रप्रतिको प्रतिबद्धता र लोकतान्त्रिक अभ्यासमा समेत नकारात्मक असर पर्दै गइरहेको छ।

मानव अधिकार सम्बन्धी आयोगहरूले गरेका सिफारिसको प्रभावकारी कार्यान्वयनको निमित्त कानूनी, नीतिगत र संरचनागत समस्याहरू समेत रहेको सन्दर्भमा यसको समाधानको लागि ठोस पहल हुन नसकेको समेत देखिएको छ। नेपालको संविधान जारी भएपछि राज्यको पुनर्संरचना भई संघीय, प्रदेश र स्थानीय सरकारहरूको गठन भएको सन्दर्भमा मानव अधिकार सम्बन्धी आयोगले गर्ने सिफारिस र त्यसको कार्यान्वयनसम्बन्धी कानूनलाई सोहीबमोजिम संशोधन गर्न समेत आवश्यक रहेको देखिन्छ।

मानव अधिकारका विषयहरू एकअर्कामा अन्तरसम्बन्धित भएर आउँछन्। जसको कारण कतिपय मानव अधिकारका विषयहरू कुन संवैधानिक निकायले हेर्ने भन्ने विवाद पनि आउन सक्दछ भने कतिपय अवस्थामा एउटै विषयमा विभिन्न निकायरूले आ-आफ्नै ढंगबाट कारवाही अगाडि बढाउने अवस्थासमेत रहेको सन्दर्भमा मानव अधिकार सम्बन्धी आयोगहरूको बीचमा प्रभावकारी समन्वय आवश्यक रहेको देखिन्छ।

## २. निष्कर्ष

नेपालको संविधान बमोजिम स्थापित अधिकांश मानव अधिकार सम्बन्धी आयोगहरूमा संविधान जारी भएको पाँच वर्षभन्दा बढी समय व्यतित हुँदा पनि पदाधिकारीहरूको नियुक्तिले पूर्णता पाउन नसक्दा र नियुक्ति प्रक्रिया विवादास्पद हुँदा यस्ता आयोगहरूले संविधान तथा कानूनबमोजिम गर्ने सिफारिससम्बन्धी व्यवस्था प्रभावित भएको पाइन्छ। पदाधिकारी बहाल रहेको अवस्थामा राष्ट्रिय मानव अधिकार आयोगबाट भएका सिफारिस तथा सीमित मात्रामा पदाधिकारी रहेका राष्ट्रिय समावेशी आयोग, मधेसी आयोग, थारू आयोग र मुस्लिम आयोगले दिएका सुझावहरूको कार्यान्वयनको अवस्था अत्यन्त कमजोर रहेको पाइएको छ। संविधान तथा कानूनले सिफारिस कार्यान्वयन गर्नु पर्ने दायित्वलाई बाध्यात्मक बनाएको भए पनि नेपाल सरकार तथा सम्बन्धित निकायहरूले सिफारिस कार्यान्वयनलाई उपेक्षा गरी संविधान तथा कानूनको उल्लंघन गरिएको स्पष्ट देखिन्छ। यसबाट मानव अधिकार हननका पीडितहरूमा थप पीडाको अवस्था सिर्जना गरेको छ भने राज्यको मानव अधिकारप्रतिको प्रतिबद्धता र लोकतान्त्रिक अभ्यासमा चुनौतीहरू थपेको छ। यसबाट मुलुकमा दण्डहीनताको अवस्था सिर्जना भई मानव अधिकार हननका घटनाहरूको पुनरावृत्ति भइरहेको छ।

मानव अधिकार सम्बन्धी आयोगहरूमा संवैधानिक व्यवस्था एवम् अन्तर्राष्ट्रिय अभ्यास अनुरूप यथासमयमा पदाधिकारीहरूको नियुक्ति गर्न तथा आयोगहरूका सिफारिसहरू पूर्ण रूपमा कार्यान्वयन गर्न राज्यका निकायहरू जिम्मेवार बन्नुपर्ने आवश्यकता रहेको छ। मानव अधिकार सम्बन्धी आयोगहरूले सिफारिस कार्यान्वयनको लागि सम्बन्धित निकायहरूलाई जिम्मेवार बनाउन थप कदमहरू चाल्नुपर्ने आवश्यकता देखिन्छ।

मानव अधिकार सम्बन्धी आयोगहरूले संविधान तथा कानून बमोजिम गरेका सिफारिसहरू कार्यान्वयन नहुँदा एकातिर राज्यका निकायबाट नै संवैधानिक तथा कानूनी

दायित्वको पालना हुन नसकेको छ भने अर्कोतिर मानव अधिकार हननका पीडितहरूको मानव अधिकार संरक्षण हुन नसकेको र मानव अधिकार हननका घटनाहरूको पुनरावृत्ति भइरहेको पाइएको हुँदा नेपाल सरकारले सिफारिस कार्यान्वयनको लागि कानूनी, नीतिगत तथा व्यावहारिक प्रयासहरू अविलम्ब सुरु गर्नु पर्ने देखिएको छ। यसको लागि मानव अधिकार सम्बन्धी आयोगहरू, नागरिक समाज तथा अन्तर्राष्ट्रिय समुदायबाट समन्वयात्मक रूपमा दबाब सिर्जना गर्नु पर्ने देखिएको छ।

## ३. सुझावहरू

अध्ययनको क्रममा प्राप्त तथ्यहरूको विश्लेषण एवम् निष्कर्षको आधारमा विभिन्न पक्षहरूलाई निम्न बमोजिम सुझावहरू प्रस्तुत गरिएको छ।

### (क) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकार एवम् सम्बन्धित निकायहरूलाई

१. मानव अधिकार सम्बन्धी आयोगहरूले गरेका सिफारिसहरूको पूर्ण कार्यान्वयन हुने व्यवस्था मिलाउन,

२. मानव अधिकार सम्बन्धी आयोगहरूले गरेका सिफारिसहरूको प्रभावकारी कार्यान्वयनको निमित्त कानूनी, नीतिगत एवम् संरचनागत व्यवस्था गर्न,

३. सिफारिस कार्यान्वयन गर्ने निकाय वा पदाधिकारीहरूलाई कारवाही गर्ने व्यवस्था मिलाउन,

४. लामो समयसम्म मानव अधिकार सम्बन्धी आयोगहरूका पदाधिकारीहरूको नियुक्ति नभई आयोगहरू पदाधिकारीविहीन र नियुक्ति प्रक्रिया विवादास्पद हुने अवस्थाको अन्त्य गरी पारदर्शी र स्वतन्त्र रूपमा अन्तर्राष्ट्रिय मापदण्ड तथा संविधान एवम् कानूनको सिद्धान्त, मूल्य र मान्यता बमोजिम पदाधिकारीहरूको नियुक्तिको व्यवस्था मिलाउन,

५. मानव अधिकार सम्बन्धी आयोगहरूमा कर्मचारीको व्यवस्थापन गर्न मानव अधिकार सेवासम्बन्धी एकीकृत कानून तर्जुमा गरी संवैधानिक निकाय वा मानव अधिकार आयोगहरूमा उक्त सेवा अन्तर्गतका कर्मचारी रहने व्यवस्था गर्न,

६. राज्यको संरचना बमोजिम मानव अधिकार आयोगहरूले गर्ने सिफारिस र

त्यसको कार्यान्वयनको जिम्मेवारी स्पष्ट हुने गरी कानून पुनरावलोकन गर्न आवश्यक पहल गर्न,

७. सिफारिस कार्यान्वयनमा विषयलाई सिफारिस कार्यान्वयन गर्ने जिम्मेवारी भएका कर्मचारीको कार्यसम्पादन मूल्यांकनको विषय बनाउन,

८. सिफारिस कार्यान्वयनको लागि सम्बन्धित आयोग तथा नागरिक समाजसँग समन्वय र सहकार्य गर्न ।

## (ख) व्यवस्थापिकालाई

१. मानव अधिकार आयोगहरूमा लामो समयसम्म पदाधिकारी खाली रहने अवस्थाको अन्त्य गर्न तथा यस्ता संस्थाहरूको स्वतन्त्रता र स्वायत्तताको रक्षाको लागि सम्बन्धित निकायलाई जिम्मेवार बनाउन,

२. मानव अधिकार सम्बन्धी आयोगहरूले गरेका सिफारिस कार्यान्वयनको बारेमा संसद्मा छलफलको विषय बनाउन तथा सम्बन्धित निकायलाई जिम्मेवार बनाउन आवश्यक पहल गर्न,

३. मानव अधिकार सम्बन्धी आयोगहरूको वार्षिक प्रतिवेदनलाई संसद्मा छलफलको विषय बनाउन,

४. विषयगत समितिमा आयोगका प्रतिवेदनमाथि छलफल गरी सरकारलाई सिफारिस कार्यान्वयन गर्न आवश्यक निर्देशन दिन,

५. मानव अधिकार सम्बन्धी आयोगहरूसम्बन्धी आवश्यक कानूनहरूको तर्जुमा एवम् पुनरावलोकन गरी आयोगहरूको स्वन्त्रता, स्वायतता र सिफारिसको कार्यान्वयन गर्न विभिन्न तहका सरकारहरूको जिम्मेवारी र सिफारिसहरूको पूर्ण कार्यान्वयन हुने कुरा कानूनद्वारा स्पष्ट गर्न ।

## (ग) मानव अधिकार सम्बन्धी सम्बन्धित आयोगहरूलाई

१. आयोगबाट सिफारिस गर्दा यस्ता सिफारिसहरूलाई पूर्ण, स्पष्ट र कार्यान्वयन योग्य बनाई सम्बन्धित निकायहरूमा पठाउन,

२. सिफारिस गर्नुपूर्व सम्बन्धित विषयमा विस्तृत अध्ययन, अनुसन्धान एवम् छानबिन गरी सिफारिसलाई विश्वसनीय बनाउन एवम् कार्यान्वयनको लागि आवाश्यक आधार र कारणसमेत खुलाई सिफारिस गर्न,

३. सिफारिस कार्यान्वयनको लागि निरन्तर पहल गर्न,

४. आफ्ना सिफारिस एवम् दस्तावेजहरूलाई सुरक्षित र पारदर्शी बनाउन,

५. सिफारिस कार्यान्वयन नगर्ने निकाय वा पदाधिकारीहरूको नाम मानव अधिकार उल्लंघनकर्ताको रूपमा सार्वजनिक गर्न,

६. मानव अधिकार सम्बन्धी आयोगहरूले समन्वयात्मक कार्य गर्नको लागि संयन्त्रको निमार्ण गर्न,

७. सिफारिस कार्यान्वयनमा सुधार ल्याउन सबै आयोगहरू बीच सिफारिस कार्यान्वयन कार्यदल निर्माण गरी दबाब सिर्जना गर्न,

८. सिफारिस कार्यान्वयनको लागि नागरिक समाजसँग समन्वय र सहकार्य गरी प्रभावकारी कार्यान्वयनको लागि दबाब सिर्जना गर्न,

९. आयोगहरूबाट भएका सिफारिसहरू र तिनको कार्यान्वयन अवस्थाको बारेमा आवधिक रूपमा प्रतिवेदन प्रकाशित गर्न ।

## (घ) नागरिक समाज तथा अन्तर्राष्ट्रिय समुदायलाई

१. मानव अधिकार सम्बन्धी आयोगहरूमा पदाधिकारी नियुक्तिमा हुने गरेको ढिलाइ एवम् नियुक्ति प्रक्रियामा हुने पारदर्शिता, स्वतन्त्रता एवम् निष्पक्षताको अभावप्रति चासो राखी संविधान तथा पेरिस सिद्धान्त बमोजिम आयोगहरूमा यथासमयमा नै पदाधिकारीहरूको नियुक्तिको लागि दबाबमूलक कार्यक्रम सञ्चालन गर्न,

२. मानव अधिकार सम्बन्धी आयोगका सिफारिसहरूको प्रभावकारी कार्यान्वयनको लागि सम्बन्धित निकायहरूलाई जिम्मेवार बनाउन समन्वयात्मक रूपमा कार्यक्रमहरू सञ्चालन गर्न,

३. मानव अधिकार सम्बन्धी आयोगहरूका सिफारिस र त्यसको कार्यान्वयनको अवस्था बारेमा नियमित रूपमा अध्ययन गरी प्रतिवेदन सार्वजनिक गर्न,

४. नेपालको मानव अधिकारको अवस्थाको बारेमा संयुक्त राष्ट्रसंघीय सन्धिजनित निकायहरू र विशेष प्रक्रिया अन्तर्गतका निकायहरू विशेषगरी मानव अधिकारको विश्वव्यापी आवधिक समीक्षाको प्रतिवेदन एवम् विशेष समाधिक्षकका प्रतिवेदनहरूमा मानव अधिकार सम्बन्धी आयोगहरूका सिफारिस कार्यान्वयन अवस्थालाई महत्वका साथ समेट्ने व्यवस्था मिलाउन ।

# सन्दर्भ सामग्रीहरू


१. Principles relating to the Status of National Institutions (The Paris Principles), Adopted by General Assembly resolution 48/134 of 20 December 1993

२. Government of Nepal, Office of the Prime Minister and Council Ministers, Fourth National Plan of Actions on Human Rights, 2014/015-2018/019

३. नेपालको संविधान २०७२

४. मानव अधिकार आयोग ऐन २०६८

५. नेपाल कानून पत्रिका २०७० अंक ७

६. आदिवासी जनजाति आयोग ऐन २०७४

७. मुस्लिम आयोग ऐन २०७४

८. मधेसी आयोग ऐन २०७४

९. राष्ट्रिय महिलाआयोग ऐन २०७४

१०. राष्ट्रिय दलित आयोग ऐन २०७४

११. राष्ट्रिय समावेशी आयोग ऐन २०७४

१२. थारू आयोग ऐन २०७४

१३. आयोगका २० वर्ष, आयोगका सिफारिसहरू र कार्यान्वयन अवस्था, राष्ट्रिय मानव अधिकार आयोग, २०७७

१४. आयोगका नीतिगत सिफारिसहरू २०५७-२०७१, राष्ट्रिय मानव अधिकार आयोग, २०७१

१५. राष्ट्रिय मानव अधिकार आयोगबाट नेपाल सरकारसमक्ष गरिएका सिफारिसहरूको कार्यान्वयन स्थिति, नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरबार, काठमाडौं, २०७१

१६. आयोगका तेह्र वर्ष, दशक, उजुरी उपर आयोगका सिफारिसहरू र कार्यान्वयनको अवस्था (वि.सं. २०५७-२०७०), २०७०

१७. राष्ट्रिय महिला आयोग, बाह्रौ वार्षिक प्रतिवेदन, २०७५/०७६

१८. राष्ट्रिय समावेशी आयोग, प्रथम वार्षिक प्रतिवेदन, २०७५/०७६
१९. राष्ट्रिय समावेशी आयोग, दोस्रो वार्षिक प्रतिवेदन, २०७६/०७७
२०. मधेसी आयोग, प्रथम वार्षिक प्रतिवेदन आ.व. २०७५/०७६
२१. थारू आयोग, वार्षिक प्रतिवेदन, २०७५/०७६
२२. थारू आयोग, वार्षिक प्रतिवेदन, २०७६/०७७
२३. मुस्लिम आयोग, वार्षिक प्रतिवेदन,२०७५/०७६

**वेबसाइटहरू**

https://nhri.ohchr.org/EN/AboutUs/Pages/ParisPrinciples.aspx

https://www.asiapacificforum.net/support/what-are-nhris/

http://www.ndc.gov.np/

http://www.inc.gov.np/upload_file/files/post/1596442252_51980174_New_Doc_07-23-2020_12.44_.19_1_.pdf

https://www.nhrcnepal.org

https://www.nwc.gov.np/

http://www.ndc.gov.np/np

http://ninc.gov.np/

http://mcommission.gov.np/english/

http://www.inc.gov.np/

http://muslimcommission.gov.np/

https://tharucommission.gov.np/

## जुरी-नेपाल

न्याय तथा अधिकार संस्था–नेपाल (जुरी–नेपाल) न्याय, कानुन तथा मानव अधिकारको क्षेत्रमा अध्ययन, अनुसन्धान, प्रशिक्षण तथा वकालत गर्दै आएको एक गैरसरकारी, गैरराजनीतिक एवं गैरनाफामूलक सामाजिक संस्था हो । जुरीले मानवअधिकार तथा सार्वजनिक हित संरक्षण, प्रवर्द्धन र विकासका लागि रणनीतिक मानवअधिकार मुद्दालाई एक महत्वपूर्ण उपायको रूपमा अघि बढाउँदै आएको छ । मानवअधिकारको संरक्षणका लागि जुरीले तय गरेका विभिन्न रणनीतिहरूअन्तर्गत कानूनको शासन, न्यायमा पहुँच तथा मानवअधिकार पनि एक हो ।